*"समृद्ध नाँसौं गाउँपालिकका निर्माणको मुल आधार, दीगो पर्यटन, कृषि र सुरक्षित पूर्वाधार"*

# प्रथम आवधिक विकास योजना
# (आ.व. २०७८/७९-२०८०/८१)


**नासौँ गाउँपालिका, धारापानी,मनाङ**

**गण्डकी प्रदेश, नेपाल**

**सम्पर्क नं : ९८५६०१००६०**

**इमेल : nashongrm@gmail.com**

**वेवसाईड: www.nasonmun.gov.np**

नासौँ गाउँपालिकाको आवधिक योजना
आ.व. २०७८/७९ - २०८०/८१

परामर्श दाता संस्था

ईन्टीग्रेटेड डेभलपमेन्ट एण्ड मेनेजमेन्ट प्रा.लि.

पोखरा १३, कास्की

२०७८

## नासौं गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय
## धारापानी, मनाङ
### मन्तव्य



नेपालको संविधान बमोजिमको संघीय ढाँचाको राज्य संरचना कार्यन्वयन गर्न पहिलो चरणमा हामीलाई जनताले निर्वाचित गरेर पठाएका छन् । संविधानको मर्मअनुसार दीगो शान्ति र सामाजिक न्याय सहितको समृद्धीमा पुग्ने तीव्र चाहाना अनुसार यो व्यवस्थाको जग बसाल्ने ऐतिहासिक अवसर अहिलेका हामी जनप्रतिनिधिहरुले प्राप्त गरेका छौं । यसै सर्न्दभमा संघीय व्यवस्थाको महत्वपूर्ण आधारको रुपमा रहेको स्थानीय सरकारले पनि संविधानले निर्देश गरेअनुसारको नीतिसंग समायोजन हुने गरी दीगो विकासका लक्ष्य हाँसिल गर्न योजनावद्ध आवधिक र दीर्घकालिन योजना तर्जुमा गर्न वान्छनीय भएको छ । नासौं गाउँपालिकाको गाउँसभाले निर्णय गरी गाउँपालिकाको प्रोफाइल र विभिन्न चरणमा जनस्तर र बिज्ञहरुबाट सुझावहरु संकलन गरी वि.स. २१०० सम्मको दीर्घकालिन सोच **"समृद्ध नासौं गाउँपालिका निर्माणको मुल आधार : दीगो पर्यटन, कृषि र सुरक्षित पूर्वाधार"** मा आधारित भई त्रिवर्षिय आवधिक योजना तयार गरिएको छ । जैविक विविधताले भरिपूर्ण प्रचुर प्राकृतिक सम्पदा र साँस्कृतिक विशेषताहरु भएको यस गाउँपालिकामा जनताको सामाजिक न्याय सहितको समृद्धिको तीव्र चाहना बमोजिम योजनावद्ध विकास गर्न यो दस्तावेज एउटा मार्गचित्र हुनेछ । यो आवधिक योजना तयार गर्नको लागि प्रत्यक्ष, अप्रत्यक्ष रुपमा योगदान गर्नु हुने हाम्रा शुभचिन्तक, विज्ञ विद्धानहरु, आम जनसमुदाय, आ-आफ्नो भूमिकामा रहेर योगदान दिनु भएका परामर्श संस्था इन्टिग्रटेड डेभलपमेन्ट एन्ड मेनेजमेन्ट पोखराका विज्ञ टिमका टिमलिडर महेन्द्रप्रसाद लामिछाने साथै सदस्यहरु, हाम्रा जनप्रतिनिधिज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत कर्मचारी वर्ग, गाउँपालिकाका सबै नागरिक लगायत सम्पूर्णमा हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

.......................

चन्द्र घले

अध्यक्ष

मिति २०७८ बैशाख १७

## नासौं गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय
## धारापानी, मनाङ
### मन्तव्य



भौगोलिक विविधता र प्राकृतिक श्रोतको धनी मनाङ जिल्लाको नासौं गाउँपालिका जिल्लाकै आर्थिक विकासको अग्रणी क्षेत्रको रुपमा विकसित हुने प्रचुर सम्भावना रहेको छ । सुशासन, प्रभावकारी सेवाप्रवाह, पर्यटकिय पूर्वाधारको निर्माण, कृर्षिमा व्यवसायीकरण, स्थानीय औधोगिकरण, उत्पादन तथा आयमूलक कार्यमा लगानी, रोजगारीको सृजना तथा नागरिकहरुको प्रतिव्यक्ति आयमा वृद्धि जस्ता कार्य यथोचित रुपमा अगाडी बढ्न नसकेकोले नासौं गाउँपालिका गाउँपाीलकाले आसातित रुपमा आर्थिक सम्वृद्धि हासिल गर्न सकेको छैन । यसका लागि संघीय, प्रदेश तथा स्थानीय सरकार सहित स्थानीय राजनैतिक दल, संघ संस्था, सहकारी तथा निजि क्षेत्र सबैको विकास र परिवर्तन प्रतिको सकरात्मक सोच, एकता तथा समन्वय र दृढ ईच्छाशक्ति हुनु अति नै आवश्यक छ । वस्तुगत तथा तथ्यपरक योजना निर्माण, सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी गराउन गाउँपालिकाको समग्र पक्षको क्षेत्रगत तथा खण्डिकृत तथ्यांकका आधारमा यो त्रिवर्षिय आवधिक योजना तर्जुमा गर्नु अत्यन्त महत्वपूर्ण कार्य हो । यस त्रिवर्षिय आवधिक विकास योजना तयार गर्ने क्रममा यस क्षेत्रमा कृयाशिल विकास साँझेदार, नागरिक समाज, वुद्धिजिवी, उद्योगी व्यवसायी, निजि क्षेत्र समेतको अर्थपूर्ण सहयोग र सहभागिता रहेको छ । यसबाट गाउँपालिका क्षेत्रको सेवा प्रवाह, नीति तथा कार्यक्रम निर्माण, योजना तर्जूमा, आन्तरिक आय वृद्धि तथा विकास प्रकृया लगायत समग्र क्षेत्रमा मार्गदर्शन गर्नेछ भन्ने पूर्ण विश्वास लिएकी छु । अन्त्यमा, यस योजना तर्जुमा कार्यमा सहयोग तथा परामर्श प्रदान गर्नुहुने गाउँपालिकाका निर्वाचित पदाधिकारीहरु, स्थानीय स्तरमा कृयाशिल राजनीतिक दल, कर्मचारी मित्रहरु, विषयगत शाखा, अन्य सरोकारवाला संघ संस्था, प्राविधिक सहयोग गर्ने श्री ईन्टिग्रेटेड डेभेलभमेन्ट एण्ड मेनेजमेन्ट प्रा.लि. पोखराका विज्ञहरुको योगदानको उच्च कदर गर्दै अत्यन्तै हार्दिकता पूर्वक धन्यवाद व्यक्त गर्दछु ।

...................
कमलमाया गुरुङ
उपाध्यक्ष

मिति २०७८ बैशाख १७

# नासौँ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय
# धारापानी, मनाङ
## मन्तव्य




मनाङ जिल्लाको नासौँ गाउँपालिका पर्यटनका दृष्टिले महत्वपूर्ण रहेको छ । गाउँपालिकाको सभाबाट बजेट, योजना, नीति तथा कार्यक्रम पारित गरी अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजना छनौट गरी त्रिवर्षिय आबधिक योजना (२०७८/८९ देखि २०८०/८१) निर्माण गर्ने कार्यक्रम अनुसार यो दस्तावेज तयार भएको छ । यस गाउँपालिकाको विकास र सम्बृद्धिका लागि पहिचान गरीएका प्राथमिकताहरु, किटान भएका कार्यक्रम तथा योजनाहरु विनियोजन भएको बजेटको प्रभावकारीता स्थानीय स्तरमा त्यतीबेला मात्र देखिन जान्छ जति बेला यी सबै कार्यक्रमहरुमा प्रत्यक्ष लाभान्वित सरोकारवाला जनताको स्वःस्फूर्त रुपमा अधिकतम जनसहभागिता र साझेदारीता प्राप्त हुने गरी प्रभावकारी हुन जानेछन् । यो त्रिवर्षिय आबधिक विकास योजना तर्जुमाका क्रममा अत्यन्त खुला हृदयका साथ सौहार्दपूर्ण सहयोग गर्नुहुने आदरणीय अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू साथै सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, लक्ष्य, योजना र नीति कार्यक्रमप्रति ऐक्यबद्धता प्रर्दशन गर्नुहुने सबै राजनीतिक दलका नेतृत्ववर्गहरु, विषयगत दक्षता ज्ञान सहित रायसुझाव तथा सल्लाह प्रदान गर्नुहुने विषयगत शाखाका प्रमुख एवं राष्ट्रसेवकहरु, आबधिक योजना तर्जुमामा खट्ने सबै वडाका सचिव र कर्मचारी साथीहरु प्रति  हार्दिक धन्यवाद दिन चाहन्छु । साथै यस आबधिक योजनाको छलफल कार्यक्रममा उपस्थित भई गहन राय सुझाव सल्लाह दिनुहुने विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्नुभएका विज्ञ व्यक्तित्वहरु र योजना तयार पार्ने परादर्श दाता संस्था इन्टिग्रेटेड डेभलपमेन्ट एण्ड मेनेजमेन्ट प्रा.लि.का टिम लिडर महेन्दप्रसाद्र लामिछाने साथै विज्ञ टिमका सदस्यहरु प्रति विशेष आभार प्रकट गर्दछु ।

...................
प्रमुख प्रशासकीय अधिकृत
विश्वबन्धु रेग्मी

# शब्द संक्षेप

| | |
|---|---|
| अ.मु. | : अनुगमन तथा मूल्याङ्कन |
| अ/गै.स.स | : अन्तर्राष्ट्रिय/गैर सरकारी संस्था |
| आ.व. | : आर्थिक वर्ष |
| आ.ले.प. | : आन्तरिक लेखा परिक्षण |
| आ.वि. | : आधारभुत विद्यालय |
| उ.स. | : उपभोक्ता समिति |
| क.ब. | : कवुलियत बन |
| कि.मि. | : किलो मिटर |
| गा.वि.स | : गाउँ विकास समिति |
| गा.पा | : गाउँपालिका |
| गा.पा.का. | : गाउँपालिका कार्यालय |
| जिसस | : जिल्ला समन्वय समिति |
| गा.का. | : गाउँ कार्यपालिका |
| प्रा.वि. | : प्राथमिक विद्यालय |
| मा.वि. | : माध्यमिक विद्यालय |
| रा.यो.आ. | : राष्ट्रिय योजना आयोग |
| रु. | : रुपैयाँ |
| लि | : लिटर |
| व.नं. | : वडा नम्बर |
| स.सं | : सहकारी संस्था |
| सा.ब. | : सामुदायिक वन |
| सा.सं | : सामुदायिक संस्था |
| हे. | : हेक्टर |
| भौपूविम | : भौतिक विकास पूर्वाधार मन्त्रालय |
| गापावाप्र. | : गाउँपालिकाको वार्षिक प्रतिवेदन |
| क्वी. | : क्वीन्टल |
| गा.पा.पा.चि | : गाउँपालिका पार्श्वचित्र |

# नासौं गाउँपालिका मनाङको अवस्थिति नक्सा



# विषय सूची

**विषय** **पेज**

**परिच्छेद १:प्रारम्भिक............................................................................................१**
१.१:पृष्ठभूमि........................................................................................................१
१.२:उद्देश्य.........................................................................................................१
१.३:योजना तर्जुमाको विधि.......................................................................................२
१.४:कार्यान्वयनको ढाँचा र संकेत..................................................................................२
१.५:सीमा...........................................................................................................३
१.६:योजना तयारीको कानुनी आधार............................................................................३
१.७:नेपाल सरकार,गण्डकी प्रदेशको आबधिक विकास योजना तथा दीगो विकासको लक्ष्यसंगको अन्तरसम्बन्ध.............................................................................................४

**परिच्छेद २:गाउँपालिकाको समष्टिगत सोच, लक्ष्य, उद्देश्य र रणनीति ..............................................५**
२.१:पृष्ठभूमि........................................................................................................५
२.२:गाउँपालिकाका समस्या र चुनौती.............................................................................५
२.३:गाउँपालिकाका अवसर .........................................................................................७
२.४:गाउँपालिकाको संमृद्धिका मुख्य संवाहकहरु ..................................................................७
२.५:दीर्घकालिन सोच, लक्ष्य उद्धेश्य..............................................................................८
२.६:रणनीति........................................................................................................८
२.७:परिमाणात्मक लक्ष्य ..........................................................................................९

**परिच्छेद ३:आर्थिक विकास क्षेत्र ...........................................................................१६**
३.१:कृषि ..........................................................................................................१६
३.२:पशुपंक्षी र मत्स्य विकास....................................................................................२८
३.३:खाद्य सुरक्षा..................................................................................................३५
३.४:पर्यटन तथा संस्कृति .........................................................................................४०
३.५:घरेलु तथा साना उद्योग......................................................................................४५
३.६:वित्त,सहकारी र नीजि क्षेत्र...................................................................................५२
३.७:श्रम तथा रोजगार.............................................................................................५७

**परिच्छेद ४:सामाजिक विकास क्षेत्र.........................................................................६१**
४.१:शिक्षा .........................................................................................................६१
४.२:स्वास्थ्य र पोषण ............................................................................................७१
४.३:खानेपानी तथा सरसफाइ......................................................................................७९
४.४:लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण.............................................................८४
४.५:युवा तथा खेलकुद ............................................................................................९०

**परिच्छेद ५:भौतिक पूर्वाधार विकास क्षेत्र ...................................................................९५**
५.१:सडक, पुल, झोलुंगे पुल, यातायात तथा पैदल मार्ग..........................................................९५
५.२:भवन निर्माण, आवास तथा बस्ती विकास...................................................................१०१

५.३:सिंचाई ......................................................................................................१०६
५.४:सूचना तथा सञ्चार ......................................................................................१११
५.५:जलविद्युत, उर्जा तथा नविकरणीय उर्जा.......................................................११६

**परिच्छेद ६:वन, वातावरण र विपद् व्यवस्थापन क्षेत्र.......................................................१२१**
६.१:बन तथा भूसंरक्षण..........................................................................................१२१
६.२:विपद् व्यबस्थापन ...........................................................................................१२९

**परिच्छेद ७:संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन ..................................................१३७**
७.१:संस्थागत विकास तथा सेवा..............................................................................१३७
७.२:वित्तिय सुशासन...............................................................................................१४४

**परिच्छेद ८:आवधिक योजनाको वित्तिय श्रोत ब्यवस्थापन, अनुगमन एवं मूल्यांकन र कार्यान्वन..............१४७**
८.१:वजेट व्यवस्था ................................................................................................१४७
८.२:घाटा र घाटा पूर्तिको ब्यवस्था...........................................................................१४७
८.३:संगठन संरचना तथा विकास व्यवस्थापन .........................................................१४७
८.४:अनुगमन तथा मूल्यांकन...................................................................................१४८
८.५:आबधिक विकास योजनाको कार्यान्वयनको पूर्वतयारी तथा वार्षिक लगानी कार्यक्रम.............१४९

# परिच्छेद १ : प्रारम्भिक

## १.१ पृष्ठभूमि

स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रको विकासका लागि दीर्घकालिन, आवधिक र वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने ब्यबस्था गरेको छ । नेपालको संविधानले राज्यको संरचनामा राज्यशक्तिको प्रयोग गर्ने गरी तीन तहको शासन व्यवस्था गरेको छ । संघ, प्रदेश, र स्थानीय तहको परिकल्पना गरेको छ । आवधिक योजनाले गाउँपालिका क्षेत्रको सामाजिक तथा आर्थिक विकासका लागि दीर्घकालीन लक्ष्य, उद्देश्य एवं कार्यक्रमहरु निर्धारण गरी तोकिएको अवधिमा निश्चित उपलब्धिहरु हाँसिल गर्नका लागि र स्थानीय सुशासनको सबलीकरण गर्नका लागि महत्वपूर्ण भूमिका खेल्दछ । आवधिक योजनाले गाउँपालिका भित्र गरिने सम्पूर्ण क्रियाकलापहरुमा आपसी अन्तरसम्बन्ध कायम गरी पारदर्शी र जवाफदेही तवरबाट विभिन्न विकास साझेदार निकायहरु समेतको समन्वय र सहयोगमा कार्यान्वयन गर्न सहयोग पुर्‍याई स्थानीय नागरिकका मागहरुलाई प्रभावकारी र योजनावद्धरुपमा सम्बोधन गर्ने परिपाटीको विकासमा सहयोग पुग्नेछ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ६ अनुसार प्रत्येक स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्र रहेर चौतर्फी विकासका लागि दीर्घकालिन, मध्यकालिन, आवधिक र वार्षिक विकास योजना तर्जुमा गर्नुपर्ने प्रावधान अनुसार यस गाउँपालिकाले पनि यो त्रिवर्षिय आवधिक विकास योजना तयार गर्ने जमर्को गरेको छ । आवधिक योजना तर्जुमा गर्दा गाउँपालिकाको भू-वनावट, सम्भाव्यता, स्थानीय आवश्यकता, प्राथमिकता आदि पहिचान गरी दीर्घकालीन विकासको सोंच र अवधारणा अनुरुप संघीय सरकार, प्रदेश सरकारबाट पाउने अनुदान, आन्तरिक स्रोत, स्थानीय सामुदायिक समूह, गैसस, अन्तर्राष्ट्रिय गैसस तथा निजी क्षेत्रबाट परिचालन हुने स्रोत तथा जनसहभागिताको आधारमा बजेट प्रक्षेपण गरी आगामी ३ वर्ष भित्रमा सञ्चालन गर्न सकिने कार्यक्रम तथा योजनाहरु समावेश गर्दै गाउँपालिकाका आवश्यकताहरुलाई योजनावद्ध रुपमा सम्बोधन गर्न यो त्रिवर्षिय आवधिक विकास योजना तयार गरिएकोछ । गाउँपालिकाको अगुवाइमा यस गाउँपालिकामा कार्यरत विषयगत शाखा कार्यालय, गाउँपालिका स्थित सबै सरोकारवालाहरुको सामूहिक सहभागिता तथा विज्ञ टोलीले गरेको स्थलगत अध्ययन, गाउँपालिका तथा विषयगत क्षेत्रमा गरिएका अध्ययन अनुसन्धानका प्रतिवेदनहरु, नासौं गाउँपालिकाको बस्तुगत विवरण २०७५, नेपाल सरकारको पन्ध्रौं योजना, गण्डकी प्रदेशको प्रथम पञ्च बर्षिय योजना, सरकारका नीति तथा कार्यक्रम, दीगो विकासको लक्ष्य, गाउँपालिका स्थित राजनैतिक दलका घोषणा पत्र सहितलाई आधार मानेर यो "त्रिवर्षिय आवधिक योजना" तर्जुमा गरिएको छ ।

## १.२ उद्धेश्य

यो आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गराउन अवलम्बन गरिएका मुख्य उद्धेश्यहरु यस प्रकार रहेका छन् :

१. नासौँ गाउँपालिकाको आवश्यकता, सम्भाव्यता र प्राथमिकताको आधारमा स्पष्ट लक्ष्य, उद्धेश्य, नीति तथा कार्यक्रम तयार पारी वार्षिक योजना तर्जुमामा मद्दत गर्ने ।
२. योजना अवधिमा लक्ष्यअनुरुप भएका कार्यक्रमहरुको कार्यन्वयनको मूल्याङ्कन आधार तयार पार्ने ।
३. सरकारी एवं गैरसरकारी संघ सस्था तथा स्थानीय तहहरुबीच समन्वय गराई कार्यान्वयनको प्रभावकारिता बढाउँदै विकासको दोहोरोपनलाई कम गर्दै लैजाने

## १.३ योजना तर्जुमा विधि

यो त्रिवर्षिय आवधिक योजना तयार गर्दा विज्ञ टोलीबाट स्थलगत अध्ययन, वडा तहमा भेला तथा छलफल, गाउँपालिकाका मातहतमा रहेका विषयगत शाखा, जनप्रतिनिधिज्युहरु, विषयगत क्षेत्रमा विशिष्टता हासिल गरेका ब्यक्ति, गैरसरकारी संस्था स्थानीय तहका प्रतिनिधिहरु भेला गराई आवधिक योजना सम्बन्धमा विस्तृत छलफल गरिएको थियो । उक्त अवधिमा यस आवधिक योजना तयार गर्नु भन्दा पहिला गाउँपालिकाको  आयोजनामा विभिन्न चरणमा गोष्ठीहरु आयोजना गरिएको थियो । गाउँपालिकाका पदाधिकारीहरु तथा कर्मचारीहरु, गैरसरकारी सँस्थाहरुका प्रतिनिधिहरु भेला गराई गोष्ठी सञ्चालन गरी गाउँपालिकाको मुख्य परिदृष्य, लक्ष्य, उद्धेश्यहरु, नीति, रणनीति र कार्यनीतिहरु आपसी छलफलबाट तय गरिएको थियो । उक्त प्राविधिक कार्यदलले गाउँपालिकामा प्राप्त एवं संकलित तथ्याङ्कको आधारमा सम्बन्धित शाखा प्रमुखहरुसंग छलफल गरी गाउँपालिकाको वास्तविक स्थितिको मूल्याङ्कन गरी विभिन्न सरोकारवाला समूहहरुको सहयोगमा प्रक्रिया अवलम्वन गरी यो त्रिवर्षिय आवधिक विकास योजना तयारी कार्यलाई अन्तिम रुप दिइएको छ ।

## १.४ कार्यान्वयनको ढाँचा र संकेत

आवधिक विकास योजनाले पहिचान गरेका कार्यक्रमहरुको कार्यान्वयन गर्दा गाउँपालिकाले एक्लै कार्यान्वयन गर्ने, प्रदेश सरकारको सहयोगमा मात्रै कार्यान्वयन गर्ने वा संघीय सरकारको मात्रै सहयोगमा कार्यान्वयन गर्ने वा दुई वा तीनवटै तह मिलेर कार्यान्वयन गर्ने भन्ने बारेमा हरेक विषय क्षेत्रगत वजेट निम्नानुसारको क, ख, र ग को संकेत राखिएको  छ ।

| **क.सं.** | **संकेत** | **कार्यान्वयनको ढाँचा** |
|---|---|---|
| १ | क | स्थानीय तहले आफै कार्यान्वयन गर्ने |
| २ | ख | गण्डकी प्रदेश सरकारसँगको समन्वयमा कार्यान्वयन गर्ने |
| ३ | ग | संघीय सरकारसँगको समन्वयमा कार्यान्वयन गर्ने |
| ४ | कख | स्थानीय तह र प्रदेश |
| ५ | कग | स्थानीय तह र संघीय सरकार |
| ६ | कखग | स्थानीय तह, प्रदेश सरकार र संघीय सरकार (तीनवटै तह) |

## १.५ सीमा

राष्ट्रिय योजना आयोगबाट जारी गरिएको आवधिक योजना सम्बन्धी निर्देशिका स्थानीय तहको योजना दिग्दर्शन २०७५ र गण्डकी प्रदेशले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७७ ले मार्गदर्शन गरे बमोजिम यो योजना सहभागितात्मक आधारमा तयार गरिएको छ । यस आवधिक गाउँ विकास योजनालाई समावेशी, पारदर्शी एवं परिणाममुखी बनाउन सबै सरोकारवालाहरुको व्यापक सहभागिता जुटाउने एवं गाउँपालिकाको विकासलाई सन्तुलित बनाउन सबै क्षेत्रगत विषयका लक्ष्य, उद्देश्य र उपलब्धिका सूचकहरुलाई समावेश गर्ने प्रयास गरिएको छ । साथै गाउँपालिकामा कार्यरत सबै सरकारी, गैरसरकारी संस्था तथा सरोकारवालाहरुबाट उपलब्ध भएसम्मका क्षेत्रगत योजनाहरु समावेश गर्ने प्रयास गरिएको छ । गाउँपालिकामा कार्यरत सबै सरकारी निकायहरु, गैरसरकारी संस्थाहरु एवं सरोकारवालाहरुबाट उपलब्ध भए सम्मका क्षेत्रगत योजनाहरु समावेश गर्ने प्रयास बाबजुद निम्न सीमाको परिधी भित्र रही यो आवधिक योजना तयार गरिएको छ ।

- गाउँपालिकाको आवधिक योजना निर्माण गर्ने प्रकृयामा प्रारम्भिक तथ्याङ्क र सूचना लिन समय तथा बजेट बढी लाग्ने भएको हुँदा प्रथम तहका सूचनाको अनुपलब्धताका कारणले सूचकहरु दोश्रो तहको सूचनाको आधारमा तय गरिएका छन् । प्राप्त सूचनाको विश्लेषणलाई आधार मानी लक्ष्य, उद्देश्य एवं सूचकहरु निर्धारण गरिएको छ ।
- यस योजनाको तर्जुमालाई सक्दो समावेशी, सहभागितामूलक बनाउने प्रयास हुँदा हुँदै पनि कतिपय सरोकारवालाहरुको कार्य व्यस्तता र समय सीमाको कारणले गर्दा अपेक्षित सहभागितामा कमी आएको छ ।
- नासौँ गाउँपालिकाको पार्श्वचित्रमा उल्लेखित सूचना मध्ये कतिपय अधुरा, अपूरा र अन्य श्रोतबाट प्राप्त सूचनाको विश्लेषणलाई आधार मानी लक्ष्य, उद्देश्य एवं सूचकहरु निर्धारण गरिएकोछ ।
- आवधिक योजनामा साधन र श्रोतको लेखाजोखा गर्दा गाउँपालिका बाहेक अन्य निकायहरुको श्रोतको प्रक्षेपण एकिन हुन नसकेकोले अनुमानित बजेट प्रक्षेपण गरिएकोछ ।

## १.६ योजना तयारीको कानुनी आधार

नेपालको संविधानले नागरिकका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, स्थानिय तहको अधिकार, संघिय तथा प्रदेशको कानुन र नीति, स्थानिय तहको कानुन नीति तथा कार्यक्रमले स्थानिय तहको विकासको गतिको मार्गचित्र निर्देशित गर्दछ । स्थानिय सरकार संचालन ऐन २०७४ परिच्छेद ६ दफा २४ को उपदफा १ अनुसार पस्थानिय निकायले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा आधारित रहेर स्थानिय स्तरको विकासका लागि दीर्घकालिन, मध्यकालीन र बार्षिक योजना, विषय क्षेत्रगत योजना तर्जुमा गरि तयार गर्नु पर्ने प्रावधान रहेको छ । स्थानिय तहले आफ्नो योजना बनाउदा नेपाल सरकार, प्रदेश सरकारको सोच, लक्ष्य, उद्धेश्य, नीति तथा कार्यक्रम र समय सीमा संग समायोजन हुने गरी सुशासन, वातावरण, बालमैत्री, लैंगिक तथा सामाजिक समावेशीकरण, जलवायु परिवर्तन तथा अनुकुलन र विपद् ब्यबस्थान जस्ता अन्तर सम्बन्धित विषयलाई ध्यान दिने ब्यबस्था गरिएको छ । आवधिक विकास योजना तर्जुमा गर्दा निम्नानुसारका दस्तावेजहरुको आधार लिइएको थियो ।

१. नेपालको संविधान २०७२
२. स्थानिय सरकार संचान ऐन २०७४
३. नेपाल सरकारको पन्ध्रौ योजना
४. गण्डकी प्रदेशको आवधिक योजना
५. दीगो विकासका लक्ष्य
६. स्थानिय सरकारको दायित्य, निर्देशक सिद्धान्त तथा नीतिहरु
७. स्थानिय तहमा रहेका राजनैतिक दलका नीति, कार्यक्रम तथा प्रतिबद्धताहरु
८. स्थानिय तहको भौगोलक, सामाजिक, आर्थिक तथा साँस्कृतिक अवस्था
९. नागरिकको चाहाना र स्थानिय आवश्यकता
१०. संघीय तथा प्रदेश सरकारबाट स्थानिय तहमा हुने स्रोत प्रवाहको अवस्था र आन्तरिक आय
११. नेपाल सरकारले गरेका अन्तराष्ट्रिय सन्धि सम्झौता र प्रतिबद्धताहरु

## १.७ नेपाल सरकार, गण्डकी प्रदेशको आबधिक विकास योजना तथा दीगो विकासको लक्ष्यसंगको अन्तरसम्बन्ध (Relationship with Nepal Government and Gandaki Province Periodic Plan and Sustainable Development Goals)

राज्यको पूनःसंरचना पश्चात संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले विकासका आवधिक योजनाहरु अलग अलग रुपमा बनाउने हुँदा तिनीहरु विचको सम्बन्ध र दातम्यता हुनुपर्ने आवश्यकतालाई यो आवधिक योजनामा पनि मध्यनजर राखीएको छ । खासगरी केन्द्रीय, प्रादेशिक र स्थानीय योजना र कार्यक्रमहरु परस्पर बाझिने, दोहोरिने संभावना र त्यसबाट कार्यान्वयनमा पैदा हुने जटिलतालाई योजना बनाउँदा विशेष ध्यान दिइएको छ । नेपाल सरकारको पन्ध्रौं आबधिक योजना र गण्डकी प्रदेश सरकारको प्रथम आबधिक विकास योजनाका लक्ष्य, प्राथमिकता र कार्यक्रमहरु तथा दीगो विकासको लक्ष्यसँग यस योजनाको तादम्यता राख्ने प्रयत्न गरिएको छ । संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूचिलाई समेत मध्यनजर गरी तिनीहरुबाट निक्षेपित हुने अनुदान र राजश्व बाँडफाँडलाई यस आवधिक योजनाको वित्तीय योजना र क्षेत्रगत लगानी कार्यक्रम तय गर्दा विशेष ध्यान पुऱ्याइएको छ । साथै नेपालले अन्तराष्ट्रिय र राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता, राष्ट्रिय र प्रादेशिक विकास नीति र कार्यक्रमहरुसंग यो आवधिक योजनालाई आवद्ध गरिएको छ ।

# परिच्छेद २ : गाँउपालिकाको समष्टिगत सोच, लक्ष्य, उद्धेश्य र रणनीति

## २.१ पृष्ठभूमि

नेपाल सरकारले सुखी नागरिक समृद्ध नेपाल भन्ने दीर्घकालीन सोच राखेर बि.सं.२१०० सम्मको दीर्घकालिन योजनाका खाका तयार पारी त्यसकै आधारमा पन्ध्रौं योजना तयार पारेको र सोही आधारमा गण्डकी प्रदेशले पनि आफ्नो पञ्च बर्षिय योजना तयार पारेको छ । यसै सन्दर्भमा नासौं गाउँपालिकाले पनि राष्ट्रिय तथा गण्डकी प्रदेशको सोच, लक्ष्य तथा उदेश्य प्राप्त गर्न टेवा दिने संकल्पका साथ गाउँपालिकाको समस्या, चुनौती, अवसर, विद्यमान अवस्था, जनचाहना र गाउँपालिकामा उपलब्ध साधन स्रोतका साथै निजि क्षेत्रसंगको साझेदारीका कार्यहरुलाई संगसगै लिएर जानुपर्ने हुन्छ ।

## २.२ गाउँपालिकाका समस्या र चुनौती

नासौं गाउँपालिकामा अरु विभिन्न समस्याहरुका साथसाथै विपद जोखिम न्यूनीकरणका सन्दर्भमा पनि धेरै समस्या र चुनौतीहरु रहेको देखिन्छ । विपदका कारण जिविकोपार्जन गुमाएका व्यक्ति तथा परिवार जटिल अवस्थामा रहेका छन् । प्रत्येक वर्ष बाढी तथा पहिरो जस्ता प्रकोपका कारण ठूलो संख्यामा जनधनको क्षति हुन्छ । त्यस्तै सडक, पुल, कुलाहरू, सार्वजनिक भवनहरू पानीको आपूर्ति प्रणाली जस्ता पूर्वाधारमा हुने क्षतिको अन्त्य हुन सकेको अवस्था छैन । यस बाहेक, बाढी, भलबाढी, पहिरो, आँधीबेहरी, आगजनी, हिमपात, असिना र जंगली जनावरको आक्रमण जस्ता विभिन्न किसिमका प्रकोपबाट क्षति भोग्नु परेको अवस्था रहेको छ । यस्ता विपदहरूबाट जनधनको क्षतिलाई न्यूनीकरण गर्नु, जोखिममा रहेका बस्तीहरू सुरक्षित ठाउँमा सार्नु अर्को चुनौती रहेको छ । यसको साथै यस गाउँपालिकाको सर्वाङ्गिर्ण विकासमा देखा परेका समस्या तथा चुनौतीहरु निम्न अनुसार रहेका छन् :

| क्षेत्र | समस्या | चुनौती |
|---|---|---|
| पर्यटन | पर्यटकका लागि सुविधायुक्त बसोबास नहुनु, स्थानीय उत्पादन संग कमजोर सम्बन्ध र पर्यटन प्रबर्द्धनमा जनचासो कम हुनु । | स्थानीय उत्पादन संग सहकार्य गरी गुणस्तरीय पर्यटनका लागि पूर्वाधार विकास गर्न । |
| कृषि | मनसुनमा आधारित, परम्परागत निर्वाहमुखी खेतीप्रणाली, अति न्यून उत्पादन र उत्पादकत्व | कृषि पेशामा युवा बर्गको आकर्षण गरी यान्त्रीकरण मार्फत उत्पादन र उत्पादकत्व बृद्धि गर्न । |
| पशु | उपभोगमा आधारीत निर्वाहमुखी परम्परागत रुपमा पशुपालन । | पशुपालन ब्यबसायलाई मर्यादित बनाई युवाको संलग्लतामा वृद्धि गर्दै आधुनीकरण गरी ब्यबसायिक बनाउन । |
| शहकारी | शहकारी क्षेत्रको लगानी अनुत्पादक क्षेत्रमा प्रयोग हुनु । | शहकारी क्षेत्रको लगानीलाइ पर्यटन र उत्पादन क्षेत्रमा उत्प्रेरित गर्न तथा शहकारीले सदस्यलाई स्वरोजगार बनाउन । |
| श्रम तथा | श्रम बजारको माग अनुसारको शिपमुलक | युवालाइ स्वरोगार बनाउन, बैदेशिक |

| | | |
|---|---|---|
| रोजगार | दक्ष जनशक्ति नहुनु, युवाहरु बैदेशिक रोजगारमा जानु पर्ने बाध्यता हुनु, विप्रेषण तथा स्वदेशमा गरिएको आम्दानीको अधिकांश रकमको हिस्सा उपभोगमा खर्च हुनु । | रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन र विप्रेषणलाई आम्दानीको क्षेत्रमा लागानी गर्न |
| उद्योग तथा बाणिज्य | स्थानीय कच्चा पदार्थमा आधारित घरेलु उद्योगको प्रवर्द्धन गर्न नसक्नु, स्थानीय स्तरमा व्यबस्थित बजार क्षेत्र नहुनु । | स्थानीय कच्चा पदार्थमा आधारित घरेलु उद्योगको स्थापना गर्न र खाद्यान्न सामाग्रीको आयातमुखी ब्यापारलाई स्थानीय कृषि उत्पादनले प्रतिस्थापन गर्न । |
| बन तथा वातावरण संरक्षण | संरक्षणमुखी बन रहेको हुँदा नागरिकको अर्थोपार्जनसँग कमजोर सम्बन्ध रहनु । | बनको बैज्ञानिक ब्यबस्थापन गरी नागरिकको आयआर्जनसँग सम्बन्ध स्थापित गर्न । |
| विपद् ब्यबस्थापन | विपद व्यवस्थापनका लागि पूर्वतयारी साथै राहतकोष कमजोर हुनु । | विपद व्यवस्थापनको लागि पूर्वतयारी तालिमको साथै पर्याप्त राहतकोषको निर्माण गरी नागरिकलाइ ढुक्कता दिलाउन । |
| जलवायु परिबर्तन तथा अनुकुलन | जलवायुको प्रतिकुल असर स्थानीय उत्पादनमा परेको र सो अनुसारको अनुकुलन हुन नसक्नु । | जलवायु परिबर्तनको असरलाई कम गर्न स्थानिय उत्पादन प्रणालीलाई समायोजन गर्न । |
| विद्युत तथा उर्जा | पर्याप्त रुपमा विद्युत तथा उर्जाको उपलव्धता नहुनु । | पर्याप्त रुपमा विद्युत तथा उर्जाको उपलव्धतामा वृद्धि गरी नागरिकहरुलाइ सर्वसुलभ सुविधा उपलव्ध गराउन |
| पूर्वाधार निर्माण | गाउँपालिकामा निर्माण गरिएका भौतिक पूर्वाधार दीगो तथा वातावरणमैत्री, विपद प्रतिरोधात्मक र अपाङ्गमैत्री नहुनु र समयमै सम्पन्न नहुनु । | पूर्वाधार निर्माण कार्यलाई दीगो र वातावरणमैत्री तथा विपद प्रतिरोधात्मक र अपाङ्गमैत्रीका साथै निर्धारित समयमै गुणस्तर कायम गरी सम्पन्न गर्न । |
| सिंचाई | मनसुनमा आधारित र नदि तथा खोलाका किनारी क्षेत्रमा मात्र सतही सिंचाई भएको तर कृषि योग्य जमिनमा सबै जमिनमा सिंचाई नहुनु । | सबै कृषि योग्य जमिनमा सिंचाई विस्तार गर्न । |
| सुचना तथा संचार | टेलिफोन टावरहरूको समुचित व्यवस्था नरहेको कारणले इन्टरनेट र मोवाइल सेवा समेत भर पर्दो हुन नसक्नु, स्थानीय स्तरमा पत्रपत्रिका प्रकाशन नहुनु । | गाँउपालिकाका सबै क्षेत्रमा काम गर्ने टेलिफोन टावर निर्माण गर्न र नीजिक्षेत्रलाई सूचना तथा संचार सम्बन्धि काम गर्नको लागि उत्प्रेरित गर्न । |
| खानेपानी | खानेपानीको लागि दीगोरुपमा स्वास्थ्य खानेपानीको आपूर्तिमा कमी हुनु । | स्वच्छ र आवश्यकता अनुरुप खानेपानी उपलब्ध गराउन । |

| | | |
|---|---|---|
| स्वास्थ | नागरिकको आवश्यकता अनुरुपको स्वास्थ्य सेवाको पहुँच नहुनु । | गाउँपालिकामा भएका स्वास्थ्य संस्थाको स्तरोन्नती गरी सहज स्वास्थ्य सेवामा पहुँच बढाउन । |
| शिक्षा | प्राविधिक तथा श्रम बजारको माग अनुरुपको दक्ष जनशक्ति उत्पादन गर्न नसक्ने कमजोर शिक्षा प्रणाली, सरकारको लगानी अनुरुप शैक्षिक उपलब्धी हासिल नहुनु । | शिक्षालाइ समय अनुकुल र भोलीको श्रम बजारको लागी आवश्यक जनशक्ति उत्पादन गर्ने शिक्षाको ब्यबस्था गर्न । |
| लैंगिक समानता | कानुनी रुपमा लैंगिक तथा जातिय समानता को ब्यबस्था भए अनुरुप ब्यबहारमा नरहनु । | कानुनमा ब्यवस्था रहेको सामाजिक समनता ब्यबहारिक रुपमा लागु गर्न । |
| योजना तर्जुमा तथा तथ्यांक ब्यबस्थापन | गाउँपालिकामा ब्यबस्थित तथ्यांक प्रणाली नहुनु तथा कमजोर योजना कार्यान्यन प्रणाली हुनु । | गाउँपालिकाका आवश्यक तथ्यांक संकलन तथा ब्यबस्था र बलियो योजना कार्यान्वय प्रणालीको ब्यबस्था गर्न र योजनाको प्रभावकारी अनुगमन गर्न । |
| राजस्व संकलन र श्रोत परिचालन | आन्तरिक आयको श्रोत नहुनु, गाउँपालिकाको सम्पूर्ण खर्च प्रदेश तथा संघिय सरकारमा भर पर्नु । | गाउँपालिकाको प्राकृतिक स्रोतलाई करको दायरामा ल्याउन । |
| सुशासन | विद्युतिय शासनको पूर्ण अभ्यास नहुँदा नागरिकको काम तथा सार्वजानिक काममा अपेक्षित प्रभावकारिता कमि आउनु, | विद्युतिय शासन प्रणालीको लागु गरि सार्वजानिक सेवा प्रवाह प्रभावकारी बनाउन । |
| समग्रमा | भौगोलिक विकटता, दक्ष जनशक्तिको कमी उत्पादन, बजार ब्यबस्थापन सहज नहुनु, बसाइसराइ तथा युवा विदेश पलायन हुनबाट रोक्न नसक्नु, विद्यालय छोड्ने दर नरोकिनु, सामाजिक कुरीति र युवाहरुलाई कुलतबाट बाहिर ल्याउन नसक्नु, नागरिकको नकरात्मक सोचलाई परिबर्तन गर्न नसकिनु । | भौगोलिक विकटता, दक्ष जनशक्ति उत्पादन, बजार ब्यबस्थापन गर्न, बसाइसराइ तथा युवा विदेश पलायन हुनबाट रोक्न, विद्यालय छोड्ने दर रोक्न, सामाजिक कुरीति र युवाहरुलाई कुलतबाट बाहिर ल्याउन, नागरिकको नकरात्मक सोचलाई परिबर्तन गर्न । |

## २.३ गाउँपालिकाका अवसर

नेपालको संविधानले स्थानिय निकायका २२ वटा एकल अधिकारको ब्यबस्था गरी आफ्नो गाउँपालिकाको विकासको खाका कोर्ने मौका दिएको, प्रशस्त मात्रामा बन तथा जडिबुटी रहेको, प्रदेश सरकार तथा केन्द्र सरकारसंगको निकटतम सम्बन्ध रहनु, लगानीमैत्री वातावरण सिर्जनाका लागि गाउँपालिका कटिबद्ध हुनु, २०७८ को विपद पश्चात पूननिर्माणमा राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रको चासो रहनु तथा अन्नपूर्ण पदमार्ग, मनास्लु पदमार्ग, पंकरताल,डोना लेक, डाँफे लेक , नाम्क्या पास र मनास्लु हिमालको नाम विश्वमा नै चिनीएको कारणले गर्दा पर्यटन विकासको संभावना बढ्नु यस गाँउपालिकाका अवसरहरु हुन ।

## २.४ गाउँपालिकाको संमृद्धिका मुख्य संवाहकहरु (Key Drivers of Prosperity)

नासौँ गाउँपालिका प्राकृतिक स्रोत तथा सांस्कृतिक सम्पदाले धनी पालिकाको रुपमा रहेको छ । यस वाहेक पर्यटन, कृषि र पशु क्षेत्र पनि यस पालिकाको समृद्धिको मुख्य वाहकको रुपमा रहेका छन् । यसका साथै यस गाउँपालिकाको समृद्धिका मुख्य ८ वटा संवाहकहरु (Key Drivers of Prosperity) पहिचान गरिएको छ ।

**१. पर्यटन** : नासौँ गाउँपालिका पर्यटनका दृष्टिकोणले आर्थिक उपार्जनको केन्द्रविन्दु बन्न सक्ने संभावना रहेको छ । यहाको प्राकृतिक सौदर्यता, ताल, गुम्वा, मनास्लु हिमाल र पर्यटन पदमार्गहरु लगायतका ऐतिहासिक साथै धार्मिक सम्पदाहरु रहेको हुँदा यस गाउँपालिकाको विकासमा पर्यटन क्षेत्रको महत्वपूर्ण योगदान पुग्नेछ ।

**२. पूर्वाधार विकास** : नासौँ गाउँपालिकाको समग्र विकासमा सडक लगायत सम्पूर्ण पूर्वाधारले अतुलनीय योगदान पुर्‍याएको हुन्छ । गाउँपालिकाको उत्पादनमुखी आत्मनिर्भर अर्थतन्त्र निर्माणमा पूर्वाधारको महत्वपूर्ण भूमिका रहेको हुँदा दीगो र वातावरणमैत्री पूर्वाधारको निर्माण मार्फत गाउँपीलकाको विकास गरिनेछ ।

**३. कृषि तथा पशुपालन** : नासौँ गाउँपालिकाको ८१२ हेक्टर भूमि कृषिका लागि प्रयोग भएको छ । गाउँपालिकाको कुल गार्हस्थ उत्पादनमा कृषि तथा पशुपालनको योगदान रहेकोले यस क्षेत्रमा आधुनिक पद्धतिको प्रयोग गरी यान्त्रीकरण मार्फत कृषिमा उत्पादन र उत्पादकत्व बृद्धि गरि लाभ लिन सकिने ।

**४.जलश्रोत** : यस गाउँपालिका भएर बग्ने मर्स्याङ्दी नदी, दुधखोला लगायतका नदि तथा खोलाहरु रहेका छन् । यि नदि तथा खोला बाट सिंचाई तथा जलविद्युत उत्पादन गरी गाउँपालिकाको विकासमा टेवा पुग्नेछ ।

**५.प्राकृतिक स्रोत** : गाउँपालिकामा रहेको जमिन, जल, बन, जडिबुटी खानी, नदि तथा खोला किनारमा रहेको ढुंगा, गिट्टी तथा बालुवाको उचित परिचालन र उपभोगबाट गाउँपालिकाको समृद्धिमा महत्वपूर्ण टेवा पुग्नेछ ।

**६.घरेलु उद्योग** : स्थानिय स्तरमा उत्पादन हुने कच्चा पदार्थमा आधारित घरेलु उद्योगको विकास र विस्तार गरि रोजगारी सिर्जना तथा नागरिकको आयआर्जनमा सहयोग पुग्न सक्दछ । कृषिमा आधारित उद्योग, भेडा च्यांग्राको ऊनबाट राडीपाखी बनाउने र हिमाली जडिबुटी प्रशोधन गर्न सकिने संभावना रहेको छ ।

**७.सुशासन** : गाउँपालिकाले सम्पादन गर्ने हरेक कार्य जनमुखी, नागरिक प्रति उत्तरदायी, विधिको शासनको स्थापना गर्न, समावेशी विकास गर्न गाउँपालिकाका सबै अंगमा विद्युतिय सुशासनको अभ्यासले कार्य क्षमता बृद्धि र भ्रष्टचार निवारणमा सहयोग पुर्‍याई उच्च प्रतिफल प्राप्त गर्न सकिनेछ ।

**८.मानव संसाधन विकास**: पर्यटन व्यवसायको साथै उच्च उत्पादन र उत्पादकत्व प्राप्त गर्न चाहिने प्राविधिक सीप र ज्ञान भएको मानव संसाधन विकास मार्फत नयाँ प्रविधिको प्रयोग गरी उत्पादन तथा विकास निर्माण प्रकृयालाई प्रभावकारी बनाउन सकिनेछ ।

## २.५ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य

**सोच**

**गाउँपालिकाको वि.सं २१०० सम्मको सोच**

**“समृद्ध नासौं गाउँपालिका निर्माणको मुल आधार : दीगो पर्यटन , कृषि, र सुरक्षित पूर्वाधार”**

**लक्ष्य**

**दीगो पर्यटन को साथै उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्दै गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा रोजगारी प्रवर्द्धन एवम् प्रभावकारी विपद जोखिम न्यूनीकरण गरि समतामूलक, समावेशि र सुशासनसहितको समतामूलक नासौं गाउँपालिका निर्माण**

**उद्धेश्य**

१. पर्यटन, कृषि, पशु, वन, वातावरण र पूर्वाधारको दिगो विकास मार्फत उत्पादन तथा उत्पादकत्व अभिबृद्धि गर्ने ।
२. जलवायु परिवर्तनसँग अनुकुलित हुँदै विपद उत्थानसिलता मार्फत दिगो रुपमा पूर्वाधारको विकास गर्ने ।
३. दिगो विकास लक्ष्यको स्थानीयकरण गरी राष्ट्रिय तथा प्रादेशिक लक्ष्यलाई सहयोग पुर्‍याउन श्रोतको उचित परिचालन तथा ब्यबस्थापन गर्ने ।
४. शिक्षा, स्वास्थ्य, सामाजिक न्याय, सामाजिक समावेशिकरण(अपाङ्गता भएका व्यक्ति, महिला, जनजाति, दलित,जेष्ठ नागरिक, यूवा) सवल लोकतन्त्र, संस्थागत सुशासन सहितको समतामूलक समाजको निर्माण गर्ने ।
५. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष, प्राविधिक जनशक्तिको उत्पादन गरि रोजगारको प्रवर्द्धन एवम् व्यवस्थापन गर्ने ।

## २.६ रणनीति

माथिको दीर्घकालीन, लक्ष्य तथा उदेश्य प्राप्त गर्नका लागि देहाय बमोजिमका रणनीति अवलम्बन गरिनेछ ।

१. कृषि बालीको उत्पादन र उत्पादकत्व बृद्धिका लागि कृषि भूमिको चक्लाबन्दी र ब्यबसायिक कृषिमा ध्यान दिने ।
२. सुलभ तथा गुणस्तरीय स्वास्थ सेवा र प्राविधिक तथा ब्यबहारीक शिक्षामा जोड दिने ।
३. आवास तथा पूर्वाधार विकासलाई दीगो र वातावरणमैत्री विकासमा जोड दिने ।
४. आय बृद्धिका लागि गाउँपालिकामा रहेका प्राकृतिक स्रोतको उचित परिचालन गर्ने तथा प्रदेश र संघीय सरकारसंग समन्वय गर्ने ।
५. सबै क्षेत्रमा लैङ्गिक समानता र सामाजिक समावेशीतालाई मूलप्रवाहिकरण गर्ने
६. श्रम बजारलाइ आवश्यक दक्ष जनशक्ति उत्पादनमा जोड दिने ।
७. पालिका, वडा र समुदाय तहमा विपद् जोखिम सम्वन्धी क्षमता विकास र संस्थागत संरचना निर्माणलाई प्रवर्धन गर्ने ।

८. जलवायु परिवर्तन अनुकुलन, व्यवस्थापन र विपद् जोखिम न्यूनिकरणका लागि स्थानीय स्रोत, परम्परागत ज्ञान र शीपको परिचालनको साथै जलवायु परिवर्तन अनुकुलित प्रविधि, शीप, ज्ञान, कृषि प्रणालीको प्रयोग गर्ने ।

## २.७ परिमाणात्मक लक्ष्य

गाउँपालिकाको आवधिक योजनाको अवधि २०७८/०७९ देखि २०८०/०८१ लाई अल्पकालीन वि.स. २१०० सम्मको लागि दीर्घकालीन अवधी निर्धारण गरी समृद्धि र सुखका परिमाणात्मक लक्ष्यहरु निम्न अनुसार प्रस्ततुत गरिएको छ ।

## तालिका नं १

## नेपाल सरकार, गण्डकी प्रदेश तथा गाउँपालिकाका अल्पकालीन, मध्यकालीन तथा दीर्घकालिन तुलनात्मक परिमाणात्मक लक्ष्यहरु

| क.स. | सुचक | इकाई | राष्ट्रिय लक्ष्य | | | | गण्डकी प्रदेशको लक्ष्य | | | | गाउँपालिकाको लक्ष्य | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष २०७५/७६ | वि.सं. २०७६/७७ | वि.सं. २०८०/८१ | वि.सं. २१०० | आधार वर्ष २०७५/७६ | वि.सं. २०७६/७७ | वि.सं. २०८०/८१ | वि.सं. २१०० | वि.सं २०७४/७५ को अवस्था | आधार वर्ष २०७८/७९ | वि.सं. २०८०/८१ | वि.सं. २१०० |
| | **समृद्धिका अल्पकालिन र दीर्घकालीन समष्टिगत आर्थिक सूचक** | | | | | | | | | | | | | |
| १ | औषत बार्षिक आर्थिक बृद्धिदर | प्रतिशत | ६.८ | ९.६ | | १०.५ | ७.१ | | १०.२ | ११ | | | | |
| २ | प्रति व्यक्ति कुल आय | अ.डलर | १०४७ | १५९५ | | १२१०० | १०४३ | | १९५६ | १५७२९ | | | | |
| ३ | कुल गार्हस्थ उत्पादन प्रचलीत मुल्यमा | रु करोडमा | | ३४६४३.२ | ५६१५१.९ | | | २८८२.०६ | ४६८७.९५ | | | | | |
| ४ | प्रदेशको कुल गार्हस्थ उत्पादनमा गाउँपालिकाको योगदान | प्रतिशत | | | | | | | | | | | | |
| | **अर्थतन्त्रमा क्षेत्रगत योगदान** | | | | | | | | | | | | | |
| ५ | कुल गाह्रस्थ उत्पादनमा कृषि तथा पशु क्षेत्रको योगदान | प्रतिशत | २७ | | १९.४ | ९ | २८.२ | | २३.७ | ८.५ | | | | |
| ६ | कुल ग्राहस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | १५.२ | | १६.७ | ३०.० | १४.२ | | २२.४ | ५२.९ | | | | |
| ७ | कुल ग्राहस्थ उत्पादनमा सेवा क्षेत्रको योगदान | प्रतिशत | ५७.८ | | ६४.२ | ६१ | ५७.६ | | ५३.९ | ५३ | | | | |
| ८ | कुल गाह्रस्थ उत्पादनमा बैदेशिक रोजगारीको योगदान | प्रतिशत | | | | | | | | | | | | |
| ९ | आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको अनुपात (Palma ratio) | अनुपात | १.३ | | १ | १ | १.४ | | १ | १ | | | | |
| १० | सम्पतीमा आधारित गिनि गुणक (Gini cofficient) | गुणक | ०.३१ | | ०.२९ | ०.२५ | ०.३७ | | ०.२३ | ०.२० | | | | |
| ११ | अपेक्षित आयु (जन्म हुँदा) | बर्ष | ६९.७ | | ७२ | ८० | ७१ | | ७७ | ८२ | ६२ | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) | संख्या | २३९ | | ९९ | २० | २३९ | | ९९ | १५ | | | | |
| १३ | ५ बर्ष मुनीका बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | संख्या | ३९ | | २४ | ८ | २७ | | २२ | ६ | | | | |
| १४ | साक्षरतादर (१५ बर्ष माथिका जनसंख्या) | प्रतिशत | ५८ | | ९० | ९८ | ५५.६ | | ९५ | ९९.५ | | | | |
| १५ | युवा साक्षरता दर (१५ देखि २४ बर्ष) | प्रतिशत | ८५ | | ९९ | १०० | ८६ | | ९९ | १०० | | | | |
| १६ | आधारभूत तह (१ देखि ८) खुद भर्नादर | प्रतिशत | ९२.२ | | ९९.५ | १०० | ९४.८ | | ९९.५ | १०० | | | | |
| १७ | श्रम शक्ति सहभागिता दर | प्रतिशत | ३८.५ | | ४८.५ | ७२ | ३५.७ | | ५० | ७५ | | | | |
| १८ | बेरोजगारी दर | प्रतिशत | ११.४ | | ६ | ३ | ९ | | ४ | १ | १३.५ | | | |
| १९ | रोजगारीमा औपचारिक क्षेत्रको अंश | प्रतिशत | ३६.५ | | ५० | ७० | ३९.९ | | ५५ | ७५ | | | | |
| २० | कालोपत्रे सडक | कि.मि. | ६९७९ | | १५००० | ३३००० | ९७३ | | ३४५० | १२९३७ | | | | |
| २१ | ३० मिनेटको पैदल दुरीमा सार्वजानिक यातायातको पहुँचमा भएका जनसंख्या | प्रतिशत | ७८.९ | | ९५ | ९९ | ८० | | ९६ | ९९ | | ५५ | ७५ | ९५ |
| २२ | विद्युतको पहुँचमा रहेको जनसंख्या | प्रतिशत | ९०.७ | | ९९ | १०० | ८२.५ | | १०० | १०० | १०० | | | |
| २३ | आधारभूत खानेपानीको पहुँचमा पुगेको घरपरिवार | प्रतिशत | ९४.९ | | ९९ | १०० | ९१.१ | | १०० | १०० | | | | |
| २४ | ईन्टरनेट प्रयोगकर्ता | प्रतिशत | ५५.४ | | ७५ | १०० | ४८ | | ८० | १०० | | १० | ३५ | ५५ |
| २५ | जल विद्युत जडित क्षमता | मे.वा. | १०७४.१ | | ५००० | ४०००० | ४४८.५ | | १५०० | ६००० | | ०.५२ | ०.४ | ०५२ |
| २६ | प्रति व्यक्ति प्रति वर्ष विद्युत उपभोग | कि.वा. | १९८ | | ७०० | ३५०० | १९० | | ७५० | ३८०० | | ५० | ७५ | ११५ |
| २७ | मुख्य कृषि वालीको उत्पादकत्व (धान, कोदो मकै, गहुँ) | टन हे. | २.९७ | | ४ | ६ | २.८ | | ४ | ६ | | | | |
| | | | | | | सुखका अल्पकालीन र दीर्घकालीन लक्ष्य | | | | | | | | |
| १ | निरपेक्ष गरिवीको रेखामुनी रहेको जनसंख्या | प्रतिशत | १८.७ | | ११ | १ | १४९१ | | ७.४ | ० | | १८ | १६ | १० |
| २ | बहुआयामिक गरिवीमा रहेको जनसंख्या | प्रतिशत | २८.६ | | १३ | ३ | १४.२ | | ७.२ | ० | | | | |
| ३ | ५ बर्ष मुनीका कम तौल भएका बालबालिका | प्रतिशत | २७ | | १५ | २ | २९ | | १७.३ | १ | | | | |
| ४ | मानव विकास सुचकांक | सुचकांक | ०.५७९ | | ०.६२ | ०.७६ | ०.५९ | | ०.६५ | ०.७८ | | | | |
| ५ | आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने | प्रतिशत | ८५.३ | | ८९ | | ८१.७ | | ८३ | ९५ | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार | | | | | | | | | | | | | |
| ६ | जीवन कालमा शारिरिक वा मानसिक वा यौन हिंसा पीडित महिला | प्रतिशत | २६.३ | | १३ | | १६ | | १० | १ | | | | |
| ७ | दर्ता भएका लैंगिक हिंसा लगायतका अपराधका घटना र अनुसन्धानको अनुपात | प्रतिशत | ९६.५ | | १०० | १०० | ८२.७ | | १०० | १०० | | | | |
| ८ | आधारभूत सुरक्षामा आबद्ध जनसंख्या | प्रतिशत | १७ | | ६० | १०० | १७ | | ६० | १०० | | | | |
| ९ | सरकार प्रमुखसंग नागरिकको गुनासो र उजुरीको फर्स्यौट | प्रतिशत | ४८.१३ | | ९८ | ९९ | ५३ | | ९९ | ९९ | | | | |
| १० | राष्टिय परिचय पत्र प्राप्त गरेका नेपाली नागरिक | प्रतिशत | ० | | १०० | १०० | ० | | १०० | १०० | ० | ० | १०० | १०० |
| ११ | पाँच बर्ष मुनीका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ५६ | | १०० | १०० | ६०.१ | | १०० | १०० | | | | |
| १२ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेको घरपरिवार | प्रतिशत | ४८.२ | | ७० | १०० | ५६ | | ८० | १०० | | | | |
| १३ | वहुप्रकोपबाट सुरक्षित निजी भवनहरु | प्रतिशत | | | | | | | | | | ५० | ८० | १०० |
| १४ | वहुप्रकोपबाट सुरक्षित सार्वजनिक भवनहरु | प्रतिशत | | | | | | | | | | ७० | ९५ | १०० |
| १५ | वहुप्रकोपबाट सुरक्षित खानेपानी संरचनाहरु | प्रतिशत | | | | | | | | | | ६० | ९५ | १०० |
| १६ | वहुप्रकोपबाट सुरक्षित सिँचाई कुलाहरु | प्रतिशत | | | | | | | | | | ५० | ९० | १०० |
| १७ | वहुप्रकोपबाट सुरक्षित सडक संरचना | प्रतिशत | | | | | | | | | | ५० | ९० | १०० |

## तालिका नं २

## गाउँपालिकाको कुल आय तथा आगामी ३ बर्षका लागि प्रक्षेपित आय (रु. हजारमा)

| आयको श्रोत | २०७६/७७ | २०७७/७८ | बृद्धि रकम | बृद्धि प्रतिशत | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|---|---|
| आन्तरिक आय | | | | | | ११६७१.६ | १४००५.९ |
| वित्तिय समानीकरण प्रदेश | | | | | | १६८६२.१ | २०२३४.५ |
| राजश्व वाडफांट प्रदेश | | | | | | ४७४९.५ | ५६९९.४ |
| वित्तिय समानीकरण संघ | | | | | | १८७६७३.१ | २२५२०७.७ |
| राजश्व वाडफांट संघ | | | | | | ११३०२९.१ | १३५६३५.० |
| सशर्त अनूदान | | | | | | ३१११६०.१ | ३७३३९२.१ |
| बिशेष अनूदान (संघिय सरकार) | | | | | | १३५७०.० | १६२८४.० |
| समपूरक अनूदान (संघिय सरकार) | | | | | | २७१४०.० | ३२५६८.० |
| समपुरक अनुदान (प्रदेश सरकार) | | | | | | २०३५५.० | २४४२६.० |
| आन्तरिक श्रोत जि.स.सबाट प्राप्त | | | | | | १४९२७.० | १७९१२.४ |
| अ.ल्या. | | | | | | १००४९१.३ | १२०५८९.५ |
| अन्य | | | | | | ०.० | ०.० |
| **जम्मा** | | | | | | ८२१६२८.८ | ९८५९५४.५ |

# परिच्छेद ३ : आर्थिक विकास क्षेत्र

## ३.१ कृषि

### ३.१.१ पृष्ठभूमि

यस गाउँपालिका विकट हिमाली क्षेत्र देखी बेंसी  समेत रहेको छ । यस गाउँपालिकाको ८१२ हेक्टर क्षेत्र कृषि भूमी रहेको जसमध्ये २२६ हेक्टर कृषि भूमी बाँझो रहेको छ । सिंचाइ सुविधाको कमी, आवश्यक कृषिमा काम गर्ने जनशक्तिको कमी, उन्नत मल, बीऊको कमि, वन्य जन्तु र प्राकृतिक प्रकोपका कारण कृषि बालीको प्रति हेक्टर उत्पादन र उत्पादकत्व समेत कम रहेको हुँदा खाद्यान्नमा पर निर्भर हुनु परेको अवस्था छ । यो गाउँपालिकाको मुख्य खाद्यान्न वालिको रुपमा मकै, फापर, गहुँ र जौ रहेका छन । यहाँ उत्पादित खाद्यवालीले सरदर ६ महिना मात्र खान पुग्छ भने ६ महिनाको लागि खाद्यान्न आयात गर्नु पर्दछ । स्थानीय आलु, फलफूल, आदिको पकेट क्षेत्र विकास गराइ युवाहरुलाई कृषिमा आधुनिकीकरण, व्यवसायिकरण र यान्त्रिकरणमा जोड दिनु पर्ने देखिन्छ । वातावरणीय परिवर्तन अनुकुलन कृषि प्रणालीको विकास गर्नु, युवावर्गको विदेश पलायन रोकि उनीहरुलाई स्वदेशमै कृषिमा ब्यवसायिक बनाई कृषि क्षेत्रको विकास गर्नु अति जरुरी छ ।

### ३.१.२ प्रमुख समस्याहरु

कृषि पेशालाई  सम्मानित पेशा र लगानीमैत्री बनाउन नसक्नु, युवावर्ग कृषि पेशामा आकर्षित नभई विदेश पलायन हुनु, हावा पानीको विविधता तथा भौगोलिक जटिलता हुनु, कृषि ज्ञानमा कमि हुनु, आवस्यक मात्रामा नीजि क्षेत्रको लगानी हुन नसक्नु, कृषि उत्पादनको किसानले उचित मूल्य नपाउनु, प्रविधि विकास तथा यान्त्रिकरण र व्यवसायिकरण हुन नसक्नु, स्थानीय उत्पादनलाइ पर्यटनसँग जोड्न नसक्नु, जलवायु परिवर्तनको असरका कारण वालीहरुमा नयाँ रोग तथा किराहरु देखा पर्नु, पर्याप्त मल, गुणस्तरीय विऊ, सिंचाई, कृषि सामग्री आदीको माग अनुसार ठिक समय, मुल्य र स्थानमा सहज तरीकाले उपलब्ध हुन नसक्नु, आवश्यक शीतभण्डार र अन्न भण्डारको व्यवस्था हुन नसक्नु, कृषि प्रसार सेवा, कृषि सुचना, कृषि वीमा, कृषि ऋण जस्ता कार्यक्रमहरु ग्रामिण कृषकहरूको सहज पहुँचमा पुग्न नसक्नु, कृषि उत्पादनलाई मुल्य श्रृङ्खलासंग तथा कृषि उद्योगसंग जोड्न नसक्दा बजारीकरणमा समस्या हुनु यस क्षेत्रका समस्याहरु हुन् ।

### ३.१.३ चुनौती र अवसर

**चुनौती**

कृषि क्षेत्रमा रहेको श्रम अभावलाई सम्बोधन गर्न, जग्गाको खण्डीकरण र जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै कृषिभूमिलाई उपयोगमा ल्याउन, कृषि वीमा व्यवस्थालाई प्रभावकारी बनाउन, जटिल भौगोलिक अवस्थाको कारण सिंचाई दीगो बनाउन, जटिल भौगोलिक अवस्थाका कारण प्रविधिको

विकास तथा यन्त्रिकरण मार्फत कृषिको व्यवसायिकरण गर्न, जंगली जनवारको ब्यबस्थापन गर्न, कृषि पेशालाई प्रतिस्पर्धी, व्यावसायिक, नाफामूलक र सम्मानित पेशाको रूपमा स्थापित गर्न ।

**अवसर**

किनारामा तथा खेतियोग्य टारहरु हुनु, तीनै तहका सरकारले कृषि क्षेत्रलाइ उच्च प्राथमिकतामा राख्नु, कृषि विकासको स्पष्ट मार्गदर्शनका रूपमा रहेको कृषि विकास रणनीति २०७२ कार्यान्वयन हुनु, जलवायु परिवर्तनको अनुकुलन हुनेगरी गण्डकी प्रदेशको मुख्य मन्त्री वातावरण मैत्री नमुना गाउँ स्थापना गर्ने कार्य प्राथमिकताका साथ कार्यान्वयनमा आउनु, विदेशबाट फर्किएका युवाहरू सीप, ज्ञान, पुँजी र उन्नत प्रविधिसहित कृषि क्षेत्रमा आकर्षित हुँदै जानु, प्रांगारिक कृषि प्रति बढ्दो चासो साथै विकास हुँदै गरेको पर्यटन, पर्यापर्यटन तथा कृषि पर्यटनसुरुवात हुनु, कृषि क्षेत्रमा लागानी गर्न निजि क्षेत्रको चासो बढ्नु, प्रदेश सरकार तथा गाउँपालिकाले पर्यटन ब्यबसायमा स्थानिय कृषि बस्तुको उपयोग गर्नु पर्ने नीति लिनु, गाउँपालिकाका हरेक टोल सडक संजाल संग जोडिएको तथा उत्पादित बस्तुको लागि सहज बजारको (पोखरा, काठमाण्डौ) ब्यबस्था हुनु आदि ।

### ३.१.४ सोच, लक्ष्य र उद्धेश्य

**सोच**

कृषि जन्य पदार्थको आयात प्रतिस्थापन भइ प्रशोधित हिमाली कृषि उत्पादनको निर्यात गर्ने गाउँपालिका

**लक्ष्य**

कृषि क्षेत्रलाई आधुनिकिकरण, व्यवसायिकरण, विविधीकरण तथा यान्त्रिकिकरण गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व बृद्धि गरी दीगो रुपमा गाउँपालिकाबासीको आर्थिक जीवनस्तरमा उल्लेख्य सुधार ल्याउने ।

**उद्धेश्य**

१. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी आत्मनिर्भर गाउँपालिकाको जग तयार गर्ने ।
२. कृषि क्षेत्रको विशिष्टिकरण, बजारीकरण मार्फत दीगो एवं ब्यबसायिक प्रणालीमा रुपान्तरण गर्ने ।
३. कृषि व्यवसायलाई वातावरणमैत्री, प्रविधियुक्त, पर्यटनसँग जोड्दै परिणाममुखी र प्रतिस्पर्धी बनाउने ।

### ३.१.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्धेश्य १: कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी आत्मनिर्भर गाउँपालिकाको जग तयार गर्ने । | |
| १.१ भूमिको बैज्ञानिक ब्यबस्थापन तथा चक्लाबन्दी, कृषकको बर्गिकरण गरी कृषिमा अनुदानको ब्यबस्था | १.१.१ भू उपयोग ऐन २०७६ को बर्गिकरण तथा नीतिमा ब्यबस्था भए अनुरुप कृषि भूमिको चक्लाबन्दी गरी ब्यबसायिक तथा बाँझो जमिनको सदुपयोग गर्ने कृषकलाई विशेष अनुदानको नीतिगत ब्यबस्था गरिनेछ ।<br>१.१.२ कृषकको बर्गिकरण कार्यविधि तयार गरी सो का आधारमा अनुदानको ब्यबस्था गरिनेछ । |

| | |
|---|---|
| गर्ने | १.१.३ वडामा रहेका कृषि क्षेत्रको सम्भाब्यता अध्ययन गरी सोका आधारमा कृषि पकेट क्षेत्रको घोषणा गरिनेछ ।<br>१.१.४ प्रधानमन्त्री कृषि आधुनीकीकरण कार्यक्रम तथा मुख्य मन्त्री वातावरण मैत्री कृषि नमूना गाउँ कार्यक्रमसंग समन्वय गरी ब्यबसायिक कृषकलाई अनुदानको ब्यबस्था गरिनेछ ।<br>१.१.५ ४० बर्ष सम्मका युवालाई कृषिमा आकर्षण गर्न **अध्यक्षसंग युवा** कृषि कार्यक्रमलाई संचालनमा ल्याइने छ । |
## ३.४.७ कार्यक्रम र बजेट (रु.हजारमा)

| क्र.स | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाई | परिमाण | बजेट | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | जम्मा |
| १ | कख | जडिवुटी प्रशोधन केन्द्र स्थापना | संख्या | २ | २००० | २००० | | ४००० |
| २ | क | क्षति भएका घरेलु तथा साना उद्योगहरुको पुनर्लाभ र पुनर्निर्माण सम्वन्धी अध्ययन | पटक | १ | ३०० | | | ३०० |
| ३ | क | परम्परागत उद्योग, घरेलु तथा साना उद्योगमा हुनसक्ने जोखिम न्यूनीकरण सम्बन्धी चेतनामुलक कार्यहरु सञ्चालन । | संख्या | ८ | ५०० | ५०० | ५०० | १५०० |
| ४ | कख | महिला र पछाडि परेका समूहहरुको लागि आर्थिक तथा सामाजिक उत्थानशीलता सम्बन्धी सहयोग कार्यक्रम | संख्या | ८ | ५०० | ५०० | ५०० | १५०० |
| ५ | कख | लघु उद्यम विकास कार्यक्रमहरु | संख्या | १६ | १००० | १००० | १००० | ३००० |
| ७ | कखग | जडीबुटी प्रशोधन केन्द्र स्थापना र संचालन | संख्या | ३ | १००० | १००० | १००० | ३००० |
| ८ | कख | बाँस, निगाला, अल्लो, लोक्ता जस्ता वस्तुहरुमा आधारित उद्यमशीलता प्रवर्द्धनका लागि संकलन तथा प्रशोधन केन्द्रको स्थापना र संचालन | संख्या | ८ | १५०० | १५०० | १५०० | ४५०० |
| ९ | कख | हस्तकला तथा परम्परागत सीप तथा प्रविधिमा आधारित ग्रामिण उद्योगहरुको संरक्षण र प्रवर्द्धन कार्यक्रम | प्याकेज | ३ | ५०० | ५०० | ५०० | १५०० |
| १० | क | हस्तकला तथा परम्परागत सीप तथा प्रविधिमा आधारित ग्रामिण उद्योगहरुबाट उत्पादित वस्तुहरुको बजारीकरणको लागि हाटबजारको स्थापना | संख्या | ८ | ३०० | ३२०० | ३०० | ९०० |
| ११ | कख | हाल सञ्चालनमा रहेका परम्परागत उद्योग, घरेलु तथा साना उद्योगहरुको क्षमता विकास र युवा आकर्षण तथा प्रोत्साहन कार्यक्रम | प्याकेज | ३ | ५०० | ५०० | ५०० | १५०० |
| १२ | कख | क्षति भएका परम्परागत उद्योग घरेलु तथा साना उद्योगहरुको डाटावेश तयार | पटक | १ | २०० | | | २०० |
| १३ | कख | हाल सञ्चालनमा रहेका परम्परागत घरेलु तथा साना उद्योगहरुको विकास र प्रवर्द्धन | प्याकेज | ३ | २०० | २०० | २०० | ६०० |
| | | जम्मा | | | ८५०० | १०९०० | ६००० | २२५०० |

## ३.४.८ नतिजा खाका

| नतिजाको स्तर | नतिजा | सुचक | ईकाइ | आधार बर्ष २०७८/७९ | उपलब्धी | | | योजना अवधिको जम्मा लक्ष्य | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/८९ | २०८९/८० | २०८०/८१ | | | | | |
| प्रभाव | साना तथा घरेलु उद्योगको विकास भइ स्थानीय स्तरमा रोजगारी वृद्धि भएको हुने । | संचालनमा रहेका थप घरेलु तथा साना उद्योगहरु | संख्या | १००० | १५ | ३० | ४५ | ९० | गापाप्र | गापा | कोरोना माहामारी रोकिएमा | |
| | | घरेलु तथा साना उद्योगहरुबाट रोजगारी पाएका व्यक्तिहरु | संख्या | १०० | ७५ | १५० | २२५ | २२५ | " | " | | |
| असर १ | गाउँपालिकामा घरेलु तथा साना उद्योगको विकासको वातावरण निर्माण भएको हुने । | गाउँपालिकामा भएका उद्योग ग्राम | संख्या | ० | | | १ | १ | " | " | | |
| | | घरेलु तथा साना उद्योग सम्बन्धी ऐन | संख्या | | १ | | | १ | " | " | | |
| | | घरेलु तथा साना उद्योग संचालन कार्यविधि निर्माण | संख्या | | १ | १ | १ | १ | " | " | | |
| | | गाउँपालिका कार्यालयमा घरेलु तथा साना उद्योग विकासको लागि व्यवस्था भएका कर्मचारी | संख्या | | २ | | | २ | " | " | | |
| प्रतिफल | गाउँपालिकामा | घरेलु तथा साना उद्योग सम्बन्धी तालिम पाएका | संख्या | | १२० | १२० | १२० | ३६० | " | " | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १.१ | व्यवसायिक दक्षताको विकास भएको हुने । | व्यक्तिहरु | | | | | | | | | | |
| | | घरेलु तथा साना उद्योग सम्बन्धी संचालन भएका तालिम | संख्या | | ४ | ४ | ४ | १२ | " | " | | |
| प्रतिफल १.२ | घरेलु तथा साना उद्योग विकासको लागि पूँजीको उपलब्धता थप सहज भएको हुने । | घरेलु तथा साना उद्योगको लागि सहुलियत ऋण प्राप्त गर्ने उद्योगीहरु | संख्या | | २५ | २५ | २५ | ७५ | " | " | | |
| | | घरेलु तथा साना उद्योगको क्षेत्रमा सहुलियत ऋण प्रदान गर्ने वित्तीय संस्थाहरु | संख्या | | ५ | ५ | ५ | ५ | " | " | | |
| असर २ | घरेलु तथा साना उद्योगहरु प्रकोपबाट सुरक्षित भएको हुने | प्रकोपबाट सुरक्षित घरेलु तथा साना उद्योग | संख्या | | | | | | " | " | | |
| प्रतिफल २.१ | घरेलु तथा साना उद्योगहरु अझ राम्रो र अझ बलियो अवधारणा अनुसार प्रवलीकरण भएको हुने । | प्रवलीकरण गरी सुरक्षित बनाइएका घरेलु तथा साना उद्योगहरु | प्रतिशत | | २० | ५० | ८० | ८० | " | " | | |
| | | प्रवलीकरण गरिएका होमस्टेहरु | प्रतिशत | | २० | ५० | ८० | ८० | " | " | | |
| | | प्रवलीकरण गरिएका होटलहरु | प्रतिशत | | २० | ५० | ८० | ८० | " | " | | |
| | | प्रवलीकरण गरिएका पसलहरु | प्रतिशत | | २० | ५० | ८० | ८० | " | " | | |

## ३.५ वित्त, सहकारी र नीजि क्षेत्र

### ३.५.१ पृष्ठभूमि

नेपाल सरकारको समष्टिगत आर्थिक नीतिमा आर्थिक विकासको लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्य र साझेदारी गर्ने परिकल्पना गरिएको छ । प्रादेशिक आर्थिक परिदृश्यमा समेत निजी र सहकारी क्षेत्रलाई आर्थिक विकासमा सँगसँगै लैजानुपर्ने अवस्था रहेको छ । नासोँ गाउँपालिकामा ठुला उद्योगहरूको स्थापना हुन नसके तापनि गाउँपालिकामा उपलब्ध स्थानीय स्रोत र साधनको उपयोग गरी विभिन्न साना तथा घरेलु, कृषिजन्य उद्योग तथा पर्यटन सम्बन्धि व्यापार/व्यवसायहरू सञ्चालनमा रहेका छन् । जसले गाउँपालिकाको आर्थिक विकासमा टेवा पुऱ्याएको छ । यहाँ २ वटा उधोग, होटल ९० वटा, दुग्ध व्यवसाय ३, किराना पसल ८, तरकारी पसल २, मासु पसल ६, कपडा/फेन्सी पसल १, अटो वर्कसप १, हार्डवेयर/निर्माण सामग्री सम्बन्धि पसल १२, फोटो स्टुडियो १, टेलर/लुगा सिलाई ३, रेडियो तथा घडी /मोबाईल मर्मत पसल १, खाजाघर तथा चिया पसल ६, पुल हाउस २, र १ वटा भाँडा पसल, रहेका छन् ।

गाउँपालिकामा उद्योग र व्यापारमा लगानी गर्न स्थानीय स्तरका बैंकहरु मार्फत्  कर्जा लगानी हुने गरेको छ । सहकारी संस्थाहरूले कर्जा उपलब्ध गर्दै आएका छन् भने गाउँपालिकावासीहरूसँग रहेको रकमलाई निक्षेपको रूपमा स्विकार गरी बचत पनि गर्दै आएका छन् । गाउँपालिकामा ३ वटा सहकारी, २ वटा बैंक र १ वटा माइक्रो फाइनान्सले वित्तीयकार्य गर्दै आएका छन् । सहज र व्यवस्थित ढङ्गबाट सञ्चालन हुन सक्ने वातावरणको सिर्जना गरी स्थानीय निकायलाई बलियो बनाउदै गाउँपालिकाका जनतालाई सहकारी संस्थाले प्रदान गर्ने सेवा सुविधाको पहुँच सहजीकरण गर्न सकिएको खण्डमा गाउँपालिकाको विकासमा टेवा पुग्नेछ । सहकारीहरुले आफ्ना सदस्यहरूलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरी गाँउपालिकाको उत्पादन र उत्पादकत्व वृद्धि गर्न सघाउने अपेक्षा गरिएको छ । गाँउपालिकाको अर्थतन्त्रका यी तीन महत्वपूर्ण पक्ष वित्त, सहकारी र नीजि क्षेत्र एकताबद्ध भइ सहकार्य, समन्वय र सहलगानी गर्दै दिगो आर्थिक विकास हाँसिल गर्न यस क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ ।

### ३.५.२ प्रमुख समस्याहरु

ठूला उद्योगमा लगानी गर्न स्रोतको कमी हुनु, प्रभावकारी अनुगमन नहुनु, स्थानीय उत्पादन भन्दा आयतित सामाग्रीको व्यापारमा आकर्षित रहनु, आम नागरीकहरुलाइ सहकारीको  क्षेत्रले उत्पादनशील क्षेत्रमा भन्दा अनुत्पादनशील क्षेत्रमा लगानी केन्द्रित गर्नु, वित्तीय पारदर्शिताप्रति तटस्थ उपगोग र उपादेयीता बारे पर्याप्त जानाकारी नहुनु, सघन बजार केन्द्रहरू र वाणिज्य गतिविधिको विकास नहुनु, स्थानीय पूँजीको विकासको अवस्था कमजोर रहनु, ग्रामीण क्षेत्रमा बैङ्क तथा वित्तीय संस्थाहरूको स्थापना र पुँजी वृद्धि हुन नसक्नु, अपेक्षा गरे अनुसार उत्पादनको क्षेत्रमा लगानी गरी उत्पादन र उत्पादकत्व बडाउन नसक्नु यस क्षेत्रमा प्रमुख समस्याहरू रहेका छन् ।

### ३.५.३ चुनौती र अवसर

#### चुनौती

सहकारीको सङ्गठनात्मक विकास र लगानीको क्षेत्रको दायरा ठूलो बनाउन, सरकारी, निजी र सहकारी क्षेत्रका बीचमा साझेदारी, समन्वय, सहकार्यलाई व्यवहारमा कार्यान्वयन गर्न, बृहत् परियोजनामा आवश्यकता अनुसारको लगानी गर्ने वातावरणको सिर्जना गर्न, अनुगमन कार्यलाई व्यवस्थित गर्न, सहकारीको सिद्धान्त बमोजिम बचत र लगानी गर्ने वातावरणको सिर्जना गर्न, वित्त, सहकारी र नीजि क्षेत्रलाई प्रतिस्पर्धी भन्दा परिपूरकको रुपमा सहकार्य गर्ने संस्कारको विकास गराउन, ९ वटै वडामा राष्ट्रिय स्तरका बैङ्कहरूको उपस्थिती बढाउन यस क्षेत्रका चुनौतीहरू रहेका छन् ।

#### अवसर

उद्योग, कलकारखाना, बजारकेन्द्र, व्यपारिक कारोबारको विकास र विस्तार गर्न, सहकारीको विकास मार्फत ग्रामीण अर्थतन्त्रको उचित विकास गर्न । सहकारीको विकास मार्फत स्थानीय रूपमा छरिएर रहेको पूँजीलाई एकिकृत गरी औद्योगिक विकासमा परिचालन गरी रोजगारी सिर्जना तथा आर्थिक विकास, स्थानीय जनताको अग्रसरता तथा लगानीमा बैङ्क, माइक्रो फाइनान्स तथा सहकारीहरूको विकास र विस्तार,"गाउँगाउँमा सहकारी घर-घरमा रोजगारी" अभियान सञ्चालन गर्न । युवा पुस्तामा उद्यमशीलताप्रति सकारात्मक धारणाको विकास गराउनु, गाउँपालिका केन्द्रसम्म आर्थिक केन्द्रको विकास र विस्तार हुँदै जानु, निजी क्षेत्रले नाफामूलक मात्र नभइ विस्तारै सामाजिक उत्तरदायित्व वहनलाई समेत् अवलम्बन गर्ने संस्कारको सुरुवात हुनु, प्रदेश सरकारले लगानीमैत्री नीति तथा कार्यक्रम ल्याई निजी क्षेत्र र सहकारी क्षेत्रलाई उत्पादनमूलक र सेवा क्षेत्रमा लगानी गर्न खुल्ला आह्वान गर्नु, उत्पादनमूलक क्षेत्रमा लगानी गर्न चाहिने उर्जाको उपलब्धता बढ्दै जानु, उत्पादन र उत्पादकत्व बढाउन तीनै तहका सरकार प्रतिबद्ध रहनु, अर्थतन्त्रका वित्त, सहकारी र नीजि क्षेत्रबीच सहकार्यमा वृद्धि गाउँपालिकाले सहकारी क्षेत्रलाई प्राथमिकतामा राख्नु, सहकारी तथा वित्तीय संस्थाहरुसँग पर्याप्त पूँजी रहेको र उक्त पूँजी सहकारीहरु मार्फत उत्पादन तथा रोजगारी सिर्जना गर्ने क्रियाकलाप परिचालन गर्न सकिने अवस्था हुनु यस क्षेत्रका अवसरहरू हुन् ।

### ३.५.४ दीर्घकालिन सोच, लक्ष्य र उद्धेश्यहरु

#### सोच

वित्त, सहकारी र नीजि क्षेत्रलाइ परिचालन गरी नासौं गाँउपलिकाको समृद्धि हाँसिल गर्न टेवा पुर्‍याउने

#### लक्ष्य

स्थानयि श्रम, सीप, पुंजि, प्रविधि, ज्ञान र बजारको उच्चतम परिचालनको माध्यमद्धारा वित्त, निजी तथा सहकारी क्षेत्रको पुँजीलाई उत्पादन र उत्पादकत्वमा गुणस्तरीय वृद्धि गरी आयतमा न्यूनिकरण गर्ने

#### उद्धेश्य

१. लगानीमैत्री वातावरण सिर्जना गरी वित्त, निजी क्षेत्र र सहकारी क्षेत्रलाई उत्पादन तथा वितरणको क्षेत्रमा लगानी गर्न उत्प्रेरणा जगाउने ।
२. ग्रामीण क्षेत्रको पुँजी परिचालन तथा लगानीमा प्रोत्साहन गर्ने ।
३. स्वरोजगार एवं रोजगारको सिर्जना गरी गरीबी न्यूनिकरण गर्ने ।

### ३.५.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्धेश्य १: लगानीमैत्री वातावरण सिर्जना गरी वित्त, निजी क्षेत्र र सहकारी क्षेत्रलाई उत्पादन तथा वितरणको क्षेत्रमा लगानी गर्न उत्प्रेरणा जगाउने । | |
| १.१ आवस्यक नीति र कानुन बनाइ संस्थागत संरचनाको स्थापना गर्ने । | १.१.१ वित्त, निजी क्षेत्र र सहकारी सम्बन्धी नीति कानुन तथा मापदण्डको साथै कार्यविधि तयार गरीवित्त, निजी क्षेत्र र सहकारी क्षेत्रको लगानीमैत्रि वातावरण सिर्जना गरीनेछ<br>१.१.२ स्थानीय औद्योगिकीकरणका लागि सडक पहुँच मार्ग, विद्युत् पानी जस्ता आधारभूत संरचनाको निर्माण गरिनेछ ।<br>१.१.३ निजी क्षेत्रको औद्योगिकीकरणका लागि सडक पहुँच मार्ग, विद्युत् पानी जस्ता आधारभूत संरचनाको निर्माण गरिनेछ ।<br>१.१.४ वित्त, निजी क्षेत्र र सहकारी क्षेत्रलाई सहयोग पुग्ने गरी वित्त, सहकारी र नीजि साझेदारीको अवधारणा अनुरुप परिपूरक लगानी गरिनेछ ।<br>१.१.५ ४० बर्ष सम्मका युवालाई उद्यमशीलामा आकर्षण गर्न अध्यक्ष संग युवा उद्यम कार्यक्रम संचालन गरीनेछ । |
| १.२ लगानीको सम्भाव्य क्षेत्र पहिचान गर्ने | १.२.१ वित्त, निजी क्षेत्र र सहकारी क्षेत्रसँग समन्वय र सहकार्य गरी स्थानयि श्रम, सीप,पुंजी, प्रविधि, ज्ञान र बजारको साथै  लगानीका सम्भाव्य क्षेत्रको पहिचान गरीनेछ । |
| उद्धेश्य २: ग्रामीण क्षेत्रको पुँजी परिचालन तथा लगानीमा प्रोत्साहन गर्ने । | |
| २.१ वित्त, सहकारी र नीजि क्षेत्रको पुंजीलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न उत्प्रेरित गर्ने | २.१.१ वित्त, सहकारी र नीजि क्षेत्रमा संकलित बचतलाई एकीकृत् गर्दै उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ ।<br>२.१.२ सरकारी क्षेत्रको लगानीलाई वित्त, निजी क्षेत्र र सहकारीक्षेत्रको परिपूरकको रुपमा लगानी गरी ग्रामीण क्षेत्रको पुँजी परिचालन तथा समूह लगानी गर्न प्रोत्साहन गरिनेछ ।<br>२.१.३ एक सहकारी एक उत्पादनको नीतिलाई प्रभावकरीताका साथ कार्यन्वयन गरीनेछ । |
| उद्धेश्य ३: स्वरोजगार एवं रोजगारको सिर्जना गरी गरीबी न्यूनिकरण गर्ने । | |
| ३.१ आर्थिक रुपमा पछाडी परेको व्यक्ति, समुदाय र वर्गको पहिचान गर्ने । | ३.१.१ विपन्न वन्चितिकरणमा परेका व्यक्ति, समुदाय र वर्गको पहिचान गरीनेछ ।<br>३.१.२ आर्थिक, सामाजिक रुपमा पछाडी परेका व्यक्ति, समुदाय र वर्गको वित्त तथा सहकारी क्षेत्रको पहुँचमा वृद्धि गरीनेछ । |
| ३.२ स्थानीय रुपमा संचालन गर्ने व्यवसायको उत्थान तथा प्रवर्द्धनमा सहयोग गर्ने । | ३.२.१ विपन्न वन्चितिकरणमा परेका व्यक्ति, समुदाय र वर्गको जीवन स्तरमा सुधार ल्याउन व्यवसायमा पहुँच बढाइनेछ ।<br>३.२.२ स्थानीय स्तरमा नै स्वरोजगार एवं रोजगारको सिर्जना गरीनेछ । |

### ३.५.६ कार्यक्रमको प्राथमिकता

१. वित्त, सहकारी र नीजि क्षेत्रको लगानी प्रवर्द्धन गर्ने एकद्वार प्रणाली विकास गर्ने ।
२. एक सहकारी एक उत्पादन कार्यक्रमको प्रभावकारी कार्यन्यनलाई जोड दिने ।
३. वित्त, सहकारी र नीजि क्षेत्रको लगानी आकर्षित गर्न सहयोगी पूर्वाधार निर्माण गर्ने ।

## ३.५.७ कार्यक्रम र बजेट

| क्र.सं | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाई | परिमाण | बजेट | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | जम्मा |
| १ | क | लगानीमैत्री ऐन नियम तथा कार्यविधि तयार | संख्या | ४ | ३०० | ३०० | - | ६०० |
| २ | कख | युवा स्वरोजगार कार्यक्रम | संख्या | ३०० | ३००० | ३००० | ५००० | ११०००० |
| ३ | कखग | शहकारी संस्थाको क्षमता विकास कार्यक्रम | संख्या | १५ | १६०० | २२०० | २६०० | ६४०० |
| ४ | कख | शहकारी अनुगमन कार्यक्रम (वार्षिक) | पटक | २ | १०० | १०० | १०० | ३०० |
| ५ | कख | स्थानीय उत्पादन र प्रशोधन ब्यबसायलाइ सबलीकरण कार्यक्रम (वार्षिक) | पटक | १ | ३००० | ३००० | ३००० | ३००० |
| ६ | कख | जग्गा चक्लाबन्दी कार्यक्रम | क्षेत्रफल रोपनी | ५००० | १००० | १००० | १००० | ३००० |
| ७ | कग | औद्योगिक ग्राम स्थापनाको लागि संभाब्यता अध्ययन तथा औद्योगिक ग्राम स्थापना | संख्या | १ | १००० | ५००० | ८५००० | २००० |
| ८ | क | क्षमता तथा स्वरोगारमुलक तालिम कार्यक्रम | संख्या | ५०० | ६०० | ६०० | ६०० | १८०० |
| | | जम्मा | | | १०६०० | १५२०० | ९७३०० | १२३१०० |

## ३.५.८. नतिजा खाका

| नतिजा को स्तर | नतिजा | सुचक | ईकाइ | आधार वर्ष २०७७/७८ | उपलब्धी | | | योजना अवधिको जम्मा लक्ष्य | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | |
| प्रभाव | गाउँपालिकाको समृद्धिमा टेवा पुगेको हुनेछ । | गाउँपालिकाको कुल गाह्रस्थ उत्पादनमा बैक, वित्तिय क्षेत्र, शहकारी तथा उद्योग र ब्यपार क्षेत्रको योगदान | प्रतिशत | ३ | ३.५ | ४.५ | ६ | ३ | गापा प्रो. | गापा | | |
| असर १ | निजि क्षेत्रको लागि लगानीमैत्री वातावरणको सिर्जना भएको हुनेछ । | सहकारी ऐन तथा नियम तयार | संख्या | १ | – | – | – | १ | गापाप्रो. | गापा | | |
| | | उद्योग तथा खानी संचालन ऐन तथा कार्यविधि तयार | संख्या | ० | १ | २ | – | २ | गापाप्रो. | गापा | | |
| प्रतिफल १.१ | स्थानीय तह स्तरिय औद्योगिक ग्राम स्थापना भएको हुने छ । | स्थानीय औद्योगिक ग्राम निर्माण | संख्या | ० | – | – | १ | १ | गापा प्रो. | गापा तथा संघ | | |
| | | स्थानीय उत्पादनमा आधारित घरेलु उद्योग | संख्या | ० | – | १ | २ | २ | गापाप्रो. | गापा | | |
| प्रतिफल १.२ | गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम प्रभावकारी रुपमा संचालन भएको हुनेछ । | लघु उद्यम कार्यक्रममा सहभागी परिवार | संख्या | ० | २५ | ७५ | १०० | १०० | गापाप्रो. | गापा | | |
| | | सघु उद्योग संख्या | संख्या | ५ | ७ | ११ | २१ | २१ | गापाप्रो. | गापा | | |
| असर २ | सहकारी, निजि क्षेत्र बाट रोजगारी तथा लधु उद्यमबाट स्वरोजगार सिर्जना भएको हुनेछ । | सहकारी क्षेत्रबाट रोजगार पाएका नागरिकहरु | संख्या | १८ | ५२ | ७४ | १०० | १०० | गापाप्रो. | गापा | | |
| | | उद्योग तथा ब्यापार क्षेत्रबाट रोजगार पाएका नागरिकहरु | संख्या | १०० | १५० | १८० | २०० | २०० | गापाप्रो. | गापा | | |
| | | लघु उद्योगबाट रोजगार सिर्जना | संख्या | ३० | ५० | ६० | १०० | १०० | गापाप्रो. | गापा | | |

## ३.६ श्रम तथा रोजगार

### ३.६.१ पृष्ठभूमि

विपदले पर्यटन तथा कृषि पेशामा ठूलो क्षति पुऱ्याएको कारण धेरै व्यक्तिहरु विशेष गरि युवा वर्गले रोजगारीका अवसरहरु गुमाएको देखिन्छ । साथै कोभिड १९ ले पनि रोजगारीका अवसरहरुमा कमी ल्याउन सहयोग पुऱ्याएको देखिन्छ । यस्ता विभिन्न कारणले गर्दा युवाहरुको वैदेशिक रोजगारीमा वृद्धि हुनुका साथै युवा वर्गको पलायन हुने गरेको देखिन्छ भने अर्को तर्फ जेष्ठ नागरिक र महिलाहरुको आम्दानीका श्रोतहरु ज्यादै न्यून भएका कारण उनीहरुलाई परिवार पाल्न आर्थिक बोझ थपिएको देखिन्छ । यस अवस्थामा, महिला, अपाङ्गता भएका व्यक्ति तथा युवाहरुका लागि दीगो रोजगारका अवसरहरु सृजना गर्न दिगो स्थानीय आर्थिक विकास गाउँपालिकाको प्राथमिकतामा पर्नु पर्ने देखिन्छ । यसका अलावा बैदेशिक रोजगारबाट फर्किएका युवा वर्गहरुको अनुभव तथा दक्षतालाई गाउँपालिकाको श्रोतको रुपमा प्रयोग गरि आर्थिक अवसर बृद्धि गर्नु पर्ने देखिन्छ ।

### ३.६.२ प्रमुख समस्या

श्रमशक्तिको सम्मान नहुनु, उद्यमशिलताको विकास नहुनु, गाउँपालिकामा पर्याप्त रोजगारीको अवसर नहुनु र भेलबाढि तथा कोभिड १९ को कारण रोजगारीको अवसर गुमाएको अवस्था आदि यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् ।

### ३.६.३ चुनौती र अवसर

**चुनौती**

श्रमलाई श्रमबजारसँग जोड्न, उत्पादनमुखी र प्रतिस्पर्धि श्रम क्षेत्रको पहिचान गर्न, परम्परागत पेशालाइ साना तथा घरेलु उद्योगमा रुपान्तरण गर्न यहाँका प्रमुख चुनौतीको रुपमा रहेका छन् ।

**अवसर**

गाउँपालिकाले श्रममैत्री वातावरण निर्माण गर्नु र वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुमा स्वरोजगार प्रति आर्कषण बढ्नु यस क्षेत्रको अवसरको रुपमा रहेका छन् ।

### ३.६.४ दीर्ईकालिन सोच, लक्ष्य र उरेश्य

**सोच**

**दक्ष श्रमिकको उत्पादन मार्फत रोजगारीमा सिर्जना**

**लक्ष्य**

उत्पादन क्षेत्रको प्रवर्द्धन गरी गाँउपालिका भित्र बेरोजगारी कम गर्ने

**उद्देश्य**

१.स्वरोजगारको प्रवर्द्धनको लागि लगानी वृद्धि गर्नु ।
२.वैदेशिक रोजगारीलाई थप व्यवस्थित गर्नु ।
३.दीर्घकालिन तथा अल्पकालिन रोजागारीमा विपदबाट प्रभावितहरुको सहभागिता वृद्धि गर्नु ।

### ३.६.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: स्वरोजगारको प्रवर्द्धनको लागि लगानी वृद्धि गर्नु । | |
| १.१ औद्योगिक वातावरणको निर्माण गर्ने | १.१.१ बजार विस्तारको लागि गाउँ र सहर विच सम्बन्ध स्थापित गरी रोजगारी सिर्जना गर्ने क्रियाकलापहरुको लागि प्रोत्साहन गरिनेछ ।<br>१.१.२ निजी क्षेत्रको विकासको लागि आवश्यक कानून तथा नीतिहरुको तर्जुमा गरिनेछ ।<br>१.१.३ गाउँपालिका भित्र औद्योगिक ग्रामको स्थापना गरिनेछ । |
| १.२ लगानीकको सम्भाव्य क्षेत्र पहिचान गर्ने । | १.२.१ वित्त, निजी क्षेत्र र सहकारी क्षैत्रसँग समन्वय र सहकार्य गरी स्थानीय श्रम, सीप, पुंजी, प्रविधि, ज्ञान र बजारको साथै लगानीका सम्भाव्य क्षेत्रको पहिचान गरिने छ । |
| उदेश्य नं २: वैदेशिक रोजगारीलाई थप व्यवस्थित गर्नु । | |
| २.१ वैदेशिक रोजगारीमा जान बाध्य युवाहरुको क्षमता अभिवृद्धि गर्ने । | २.१.१ युवालाई उद्यमशीलता आकर्षण गर्न युवा लक्षित विशेष कार्यक्रम अध्यक्षसँग युवा कार्यक्रम संचालन गरिनेछ ।<br>२.१.२ वैदेशिक रोजगारमा जाने युवाहरुलाई सहुलियत ऋणको व्यवस्था गरिनेछ ।<br>२.१.३ विदेशबाट फर्केर आएको युवाहरुको अनुभव र विज्ञताको उपयोग गरिनेछ । |
| उद्देश्य ३: दीर्घकालिन तथा अल्पकालिन रोजागारीमा विपदबाट प्रभावितहरुको सहभागिता वृद्धि गर्नु । | |
| ३.१ रोजगारीको अवसर दिँदा विपदबाट प्रभावितहरुलाई प्राथमिकतामा राख्ने । | ३.१.१ विपदबाट प्रभावित व्यक्तिहरुको तथ्याँक संकलन गरिनेछ ।<br>३.१.२ पर्यटनको साथै कृषि तथा पशुपालनमा युवाहरुको संलग्नता वृद्धि गरिनेछ ।<br>३.१.३ महिला र अन्य पछाडि पारिएका र परेका समूहहरुलाई उनीहरुको आर्थिक तथा सामाजिक उत्थानशिलता बृद्धि गर्न र उनीहरुको जिविकोपार्जनको पुनर्लाभको लागि सहयोग गरिनेछ । |

### ३.६.६ कार्यक्रमका प्राथमिकता

१. अदक्ष श्रमशक्तिको क्षमता विकास

२. स्वरोजगारको लागि सहुलियत ऋणको व्यवस्था

३. भेल बाढि (विपद) बाट पिडित मानिसहरुलाई प्राथमिकता

### ३.६.७ कार्यक्रम र बजेट

| क.स | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाई | परिमाण | बजेट (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | जम्मा |
| १ | क | निजी क्षेत्रको विकास सम्बन्धी ऐन, नियम र कार्यविधि तयार गर्ने । | संख्या | ४ | ३०० | ३०० | ० | ६०० |
| २ | क | स्वरोजगार प्रवर्द्धनका लागि तालिम कार्यक्रम संचालन । | संख्या | ८ | ४०० | ४०० | ८०० | १६०० |
| ३ | कखग | सिमान्तकृत समुदायहरु लक्षित बजार प्रवर्द्धन कार्यक्रम संचालन । | संख्या | १५ | १६०० | २२०० | २६०० | ६४०० |
| ४ | क | युवा, महिला तथा अपाङ्गता भएका व्यक्तिहरु लक्षित बाख्रा पालन तथा प्राँगारिक खेती सम्बन्धी तालिम संचालन । | पटक | २ | १०० | १०० | १०० | ३०० |
| ५ | कखग | विपदबाट प्रभावितहरुको लागि आयआर्जनमूलक कार्यक्रम । | पटक | १ | ३००० | ३००० | ३००० | ९००० |
| | | जम्मा | | | ५४०० | ६००० | ६५०० | १७९०० |

### ३.६.८ नतिजा खाका

| नतिजा को स्तर | नतिजा | सुचक | ईकाइ | आधार वर्ष २०७७/७८ | उपलब्धी | | | योजना अवधिको जम्मा लक्ष्य | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | |
| प्रभाव | उत्पादन क्षेत्रको प्रवर्द्धन मार्फत गाँउपालिका भित्र बेरोजगारी कम भएको हुने | कुल रोजगार मध्ये औद्योगिक क्षेत्रमा संलग्न रोजगारहरु | प्रतिशत | ३ | ५ | ७ | १० | १० | गापाप्रो | गापा | | |
| | | गापामा दर्ता भएका व्यवशाय मध्ये उत्पादन क्षेत्रमा संलग्न व्यवशायहरु | संख्या | | ५ | ५ | ५ | १५ | " | " | | |
| असर १ | निजि क्षेत्र मैत्री वातावरणको सिर्जना भएको हुनेछ । | नीजि क्षेत्रलाई प्रवर्द्धन गर्ने ऐन | संख्या | १ | - | - | - | १ | " | " | | |
| | | गापाबाट कर छुट पाएका उद्योगहरु | संख्या | ० | १ | २ | - | २ | " | " | | |
| प्रतिफल १.१ | स्थानिय तह स्तरिय औद्योगिक ग्राम स्थापना भएको हुने छ । | स्थानिय औद्योगिक ग्राम निर्माण | संख्या | ० | - | - | १ | १ | " | " | | |
| | | स्थानिय उत्पादनमा आधारित घरेलु उद्योग | संख्या | ० | - | १ | २ | २ | " | " | | |
| प्रतिफल १.२ | पछाडि पारिएका समूह लक्षित उद्योगहरुको स्थापना भएको हुने । | लघु उद्यम कार्यक्रम मा सहभागी लक्षित परिवार | संख्या | ० | २५ | ७५ | १५० | १५० | " | " | | |
| | | लघु तथा साना उद्योगहरु | संख्या | ५ | ७ | ११ | २१ | १६ | " | " | | |

# परिच्छेद ४ : सामाजिक विकास क्षेत्र

## ४.१ शिक्षा

### ४.१.१ पृष्ठभूमी

राज्यले शिक्षालाइ मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ । नेपालको संविधानले शिक्षालाइ मौलिक हक अन्तर्गत राखेको छ । सचेत, अनुशासित तथा उत्पादनशील जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्रको नै सर्वोपरि भूमिका अनिवार्य हुन्छ । योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रूपमा नीतिगत रूपमै अवलम्बन गरिएको छ । नेपालमा शिक्षा नागरीक अधिकारको रुपमा स्थापित भैसकेको अवस्था छ । शिक्षा सम्बन्धि नागरीक हक संघ, प्रदेश र स्थानीय सरकारको साझा दायित्व भित्र पर्दछ । सामाजिक एवम् मानव विकासको एक महत्वपूर्ण आयामको रूपमा रहेको शिक्षा क्षेत्रमा नासौँ गाउँपालिकाको अवस्था कमजोर छ । राष्ट्रिय जनगणना, २०६८ अनुसार यस गाउँपालिकाको साक्षरता दर ८१ प्रतिशत देखिन्छ ।  ६५ प्रतिशत महिला साक्षरता दर छ भने ६७ प्रतिशत पुरुष । यस तथ्याङ्कको आँकडा हेर्दा महिला साक्षरताको अवस्था पुरुषको भन्दा कम देखिन्छ । अझै १९ प्रतिशत निरक्षर छन् । सर्वाङ्गीण सामाजिक विकासको महत्वपूर्ण सारथिको रुपमा शिक्षालाई लिइन्छ । **“समृद्ध नासौँ गाउँपालिका निर्माणको आधारः दीगो पर्यटन, कृषि र सुरक्षित पूर्वाधार”** को लक्ष्य हाँसील गर्न शिक्षा क्षेत्रको नै महत्वपूर्ण भूमिका रहन्छ । गाँउपालिकाको दीगो विकास गर्न जनतामा स्वशासन साथै नागरिक अधिकारको प्रत्यभूत गर्न स्वएम् गाँउपालिकाको मात्र नभइ संघ र प्रदेशको पनि उत्तिकै दायित्व रहेको छ । यो दायित्व पुरा गर्नको लागि शिक्षा एउटा आधारभूत अंग भएकोले यस क्षेत्रको संचालन र विकासका लागि दीर्घकालीन नीति, कार्यक्रम र योजना तर्जुमा पहिलो प्राथमिकता हो । त्यसकारण शिक्षा क्षेत्रको यस प्रथम त्रिवर्षिय आवधिक योजना निर्माणको क्रममा अत्यन्तै संवेदनशील, तथ्यपरक, व्यवहारिक र सर्व स्वीकार्य बनाउने प्रयत्न गरीएको छ । केहि विद्यालयहरु पहिरोको उच्च जोखिममा रहेका छन । पहिरोको उच्च जोखिममा रहेका विद्यालय सुरक्षित स्थानमा स्थानान्तरण गर्नुको साथै बाढी र पहिरोको जोखिममा रहेका विद्यालयहरुमा जोखिम कम गर्न सुरक्षाका उपायहरु अपनाउनु आवश्यक छ । विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्वन्धी सचेतना सम्वन्धी कार्यक्रमहरु विद्यालय स्तरमा भएको देखिंदैन । सूचना तथा सचेतनालाई बृहत र व्यापक रुपमा विस्तारित गर्न विद्यालय शिक्षाले महत्वपुर्ण भुमिका खेल्ने हुँदा विद्यालय शिक्षामा जोड दिनु आवस्यक छ । यस्ता कार्यक्रमहरुले मानिसको व्यवहार र प्रवृत्तिमा परिवर्तन तथा भविष्यमा हुन सक्ने विपद तथा प्रकोप अनुकुलित हुन सहयोग पुऱ्याउने देखिन्छ ।

### ४.१.२ प्रमुख समस्याहरु

सबै बाल बालिकाहरुको गुणस्तरीय शिक्षामा पहुँच नहुनु, व्यवसायिक तथा प्राविधिक शिक्षा सहज नहुनु, विद्यालय तहमा विपद जोखिम न्यूनीकरण र विपद् जोखिम व्यवस्थापन सम्बन्धी शिक्षाको कमी हुनु, प्राविधिक शिक्षाको क्षेत्रमा आवश्यक मात्रमा लगानी हुन नसक्नु, उच्च शिक्षाको लागि शैक्षिक संस्था नहुनु, केहि विद्यालयहरु अझैपनि बाढिपहिरोको जोखिममा रहनु, केहि बालबालिकाहरु अझैपनि स्कुलवाट बाहिर रहनु, धेरै विद्यालयमा शुद्ध पिउने पानीको अभाव, शौचालयहरू निर्माण भएपनि आवश्यक पर्ने पानी, तथा सरसफाइको समस्या हुनु, अपाङ्मैत्री तथा छात्रामैत्री शौचालयको साथै छात्राहरूको लागि सेनेटरी प्याडको व्यवस्था नहुनु, प्रयाप्त मात्रामा माध्यमिक विद्यालय, स्नातक तह वा सो भन्दा माथिको उच्च शिक्षाको सुविधा नहुनु, विद्यालयमा विषयगत शिक्षकको कमी, विद्यार्थी-शिक्षक अनुपात असमान रहनु, विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला तथा कम्प्युटर शिक्षाको अभाव हुनु, प्राविधिक शिक्षाको अभाव को साथै विद्यालयमा शैक्षिक पूर्वाधारको कमी हुनु, अतिरिक्त क्रियाकलाप, विद्यार्थी मैत्री शिक्षा तथा खेलकुद सामग्रीको अभाव भएको हुनु, नयाँ तथा प्रविधिमैत्री शिक्षण पद्धतिको अभाव रहनु, उपयुक्त खेल मैदानको व्यवस्था नहुनु, लक्षित, निरक्षर तथा सीमान्तकृत वर्गलक्षित विशेष शिक्षाको व्यवस्था हुन नसक्नु, विद्यालयमा स्वच्छ पिउने पानीको व्यवस्था नहुनु, र योग्यता एवम् व्यवसायिक रुपमा दक्ष शिक्षकको अपर्याप्तता यस क्षेत्रका प्रमुख समस्याहरु हुन ।

### ४.१.३ चुनौती र अवसरहरु

#### चुनौती

माध्यमिक तहमा विषयगत दक्ष शिक्षकको व्यवस्थापन गर्न, प्राविधिक शिक्षाको लागि पर्याप्त लगानीको व्यवस्था गर्न, विद्यालय शिक्षा प्रणालीलाई विविधिकरण गर्दै शिक्षाको विविध आवश्यकतालाई सम्बोधन गर्न, बाहिर जानबाट विद्यार्थीलाई गाउँपालिकै भित्र राख्नको लागि शैक्षिक वातावरणको सिर्जना गर्न, विद्यालयहरुमा उपलब्ध पुर्वाधारहरू जस्तै विज्ञान, कम्प्युटर प्रयोगशाला प्रयोगमा ल्याउन, विद्यालय समायोजन र दरवन्दी मिलान गर्न, विद्यालयहरुलाई बहुप्रकोपको जोखिमबाट सुरक्षित राख्न, सबै बालबालिकाहरुलाई विद्यालय भित्र ल्याउन अर्थात विद्यालय बाहिरका विद्यार्थीहरुको संख्या सुन्यमा झार्न यस क्षेत्रका चुनौतिहरु रहेका छन् ।

#### अवसर

नेपालको संविधानले शिक्षालाई मौलिक हकका रुपमा स्थापित गरेको, नेपाल सरकार तथा प्रदेश सरकारले गरेका प्रतिवद्धता अनुरुप लागू गरीएको विधालयक्षेत्र विकास योजना (२०१६-२०२२) जस्ता कानुनी ढाँचा एवम् मार्गाचित्र तय भएको । तालिम प्राप्त शिक्षकको व्यवस्था, विद्यालयहरुमा ७५ प्रतिशत भौतिक सुविधा उपलब्ध भएको, माध्यामिक तह सम्म निशुल्क शिक्षा तथा छात्रावृत्तिको व्यवस्था, दलित सिमान्तकृत छात्राहरुको लागि आधारभुत तहमा भत्ताको व्यवस्था, दिवा खाजाको व्यवस्था, प्राविधिक र व्यवसायिक शिक्षाको शुरुवात, सरकारसँग वृहत विद्यालय सुरक्षा कार्यक्रम भएको, स्नातक तथा स्नातकोत्तर तहसम्मको शिक्षा गाउँपालिकामै प्रदान गर्नका लागि आवश्यक मात्रामा
थप शैक्षिक संस्थाहरू स्थापना गर्न सकिने भएको, प्राविधिक शिक्षालयहरू स्थापना गर्न र शिक्षा क्षेत्रको विकासका लागि निजी क्षेत्रको सहयोग लिन सकिने भएको, प्रौढ शिक्षा तथा अनौपचारिक शिक्षाको व्यवस्था गरी साक्षरता दरलाई बढाउन सकिने, विद्यमान शिक्षण संस्थाहरूको स्तरोन्नति गरी सम्पूर्ण

विद्यालयहरूमा आवश्यक मात्रामा शैक्षिक सामग्रीहरूको थप व्यवस्था एवम् पुस्तकालय तथा विज्ञान र कम्प्युटर प्रयोगशालाको व्यवस्था गर्न यस क्षेत्रका अवसरहरु रहेका छन् ।

### ४.१.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्यहरु

**सोच**

उत्थानशिल विद्यालय भवन सहित सर्वशुलभ, समावेशी, गुणस्तरीय र प्राविधिक एवम् व्यवसायिक शिक्षा

**लक्ष्य**

गुणस्तरीय विद्यालय शिक्षा र रोजगारमुलक व्यवसायिक शिक्षाको विकास गर्ने ।

**उद्देश्य**

१. गुणस्तरीय शिक्षाको साथै विद्यार्थीहरुको सिकाई उपलब्धी बृद्धि गर्ने ।
२. दक्ष जनशक्ति उत्पादनका लागि शिक्षण संस्थाहरुमा आधुनिकिरण गर्दै उच्च शिक्षाको सुरुवात गर्ने ।
३. शिक्षालाई जीवन उपयोगी बनाउनको लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालीममा जोड दिने

### ४.१.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्धेश्य १: गुणस्तरीय शिक्षाको साथै विद्यार्थीहरुको सिकाई उपलब्धीमा बृद्धि गर्ने । | |
| १.१ शिक्षा क्षेत्रका जनशक्तिमा पेशागत सुशासन तथा नैतिकता जस्ता सेवा प्रवाहका आधारभूत मापदण्ड पालनाका लागि वैधानिक आचार संहिता तयार गरी लागू गर्ने । | १.१.१ शिक्षा सम्बन्धि नीति र कार्यविधिलाइ प्रभावकारी कार्यन्वयन गरिने छ ।<br>१.१.२ विद्यालयमा कार्यरत शिक्षकको योग्यता, सक्षमता र सेवा शर्त सम्बन्धि गाउँपालिका स्तरीय मापदण्ड तयार गरी लागू गरिनेछ ।<br>१.१.३ विशेष शिक्षा, समावेशि शिक्षा, अनौपचारीक शिक्षा, निरन्तर शिक्षा, दुरशिक्षा तथा खुला शिक्षा सम्बन्धि कार्यक्रमहरु संचालन गरी अपाङ्गता भएका विद्यार्थी साथै शिक्षाको पहँचबाट पछाडि परेका सबैलाई शिक्षाको मुलप्रवाहमा समट्ने प्रणालीको स्थापना गरिनेछ ।<br>१.१.४ विद्यालय तथा शैक्षिक संस्थाहरुको स्तरोन्नती साथै बालमैत्री बनाउनको लागि अनुगमन कार्यमा गाँउ शिक्षा समितिलाइ सकृय एवम् प्रभावकारी ढंगले परिचालन गरिनेछ । |
| १.२ सबै प्रकारका विद्यालयलाई संरचनागत, प्राविधिक, भौतिक तथा प्रविधिगत सहजीकरण प्रदान गर्ने प्रणालीको विकास गर्ने । | १.२.१ सामुदायिक र संस्थागत लगायत सबै किसिमका विद्यालय तथा शैक्षिक निकायहरुको उपलब्धि स्तर एवम् प्रणालीगत कार्यकुशलताको उपयुक्त मापदण्ड र सूचक तयार गरिनेछ । |

| | |
|---|---|
| उद्धेश्य २: दक्ष जनशक्ति उत्पादनका लागि शिक्षण संस्थाहरुमा आधुनिकिरण गर्दै उच्च शिक्षाको शुरुवात गर्ने । | |
| २.१ माध्यमिक तह सम्मको शिक्षाको गुणस्तरमा सुधार गर्दै सबै बालबालिकाको पहुँचतामा वृद्धि गर्ने । | २.१.१ शिक्षामा सबैको पहुँच पुर्‍याउनको लागिनीतिगत परिवर्तनको साथै लगानीमा वृद्धि गरिनेछ ।<br>२.१.२ विद्यालयमा उपलब्ध स्रोत साधनको उच्चतम प्रयोगमा ल्याइ सिप र ज्ञान अभिवृद्धिका लागि शिक्षक तथा विद्यार्थीहरुलाई तालिम संचालन गरिनेछ ।<br>२.१.३ दुर्गम तथा छरिएको वस्ती भएका क्षेत्रहरुका विद्यालयहरुमा आवासिय सुविधाको व्यवस्था मिलाई नमूना विद्यालयको रुपमा रुपान्तरण गरिनेछ<br>२.१.४विद्यालय भवन, शौचालय र विद्यालय घेरावारहरुलाई बहुप्रकोपबाट बचाई उत्थानशिलता बृद्धि गरिनेछ । |
| उदद्धश्य ३: शिक्षालाई जीवन उपयोगी बनाउनको लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालीममा जोड दिने । | |
| ३.१ विद्यालय शिक्षाको पाठ्यक्रममा ाधारभूत स्तरको व्यवसायिक तथा प्राविधिक सीप सम्बन्धि विषय समावेश गर्ने । | ३.१.१ प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्न लागि शिक्षकहरुको पेशागत दक्षता बडाउनको लागि आधुनिक, प्रविधिमैत्रि शिक्षण सीपयुक्त निरन्तर सिकाइमुखि बनाउन तालिमको व्यवस्था गरिनेछ ।<br>३.१.२ विद्यालय शिक्षालाइ जीवन उपयोगी बनाउन जोड दिइने छ ।<br>१.१.३ पालिकास्तरीय शिक्षा समितिलाई प्राविधिक शिक्षाको लागि सकृय रुपमा परिचालन गरिनेछ । |
| ३.२ माध्यमिक विद्यालयहरुमा आवस्यक्ता अनुसार प्राविधिक विषयहरु राखि प्राविधिक जनशक्तिको उत्पादन गर्ने | ३.२.१ साधारण विषयको पढाइ हुने माध्यमिक विद्यालयहरुमा प्राविधिक विषयहरुको पढाइ थप गर्न प्रोत्साहन गरिनेछ । |

### ४.१.६ कार्यक्रमको प्राथमिकता

१. प्राविधिक विद्यालय तथा शैक्षिक निकायको विकास विस्तार गर्ने ।
२. विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी, अभिभावक सबैलाई जागरुक गरी गुणस्तरीय शिक्षामा जोड दिने ।
३. सुरक्षित र उत्थानशिल विद्यालय भवनहरु निर्माण गर्ने ।
४. विद्यालयस्तर र समुदायस्तरमा बालक्लवहरु गठन गरी प्रभावकारी परीचालनमा जोड दिने ।
५. साधारण धारका माध्यमिक विद्यालयलाई प्राविधिक धारमा रुपान्तरण गर्न प्रोत्साहन गर्ने

## ४.२.७ कार्यक्रम तथा बजेट (रु.हजारमा)

| क्र.सं | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाई | परिमाण | बजेट | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | |
| १. | क ग | विशेष शिक्षा, सममावेशि शिक्षा,अनौपचारीक शिक्षा प्रवर्द्धन कार्यक्रम | प्याकेज | ३ | ३०० | ३०० | ३०० | ९०० |
| २. | क | विद्यालय भर्ना अभियान कार्यक्रम | पटक | ३ | २०० | २०० | २०० | ६०० |
| ३. | कखग | विद्यालयमा विषयगत प्रयोगशाला, पुस्तकालय र सूचना प्रविधि कार्यक्रम | संख्या | ६ | ६००० | ६००० | ६००० | १८००० |
| ४. | क ग | विद्यालय प्रकोप जोखिम न्यूनीकरण सचेतना साथै विद्यालयको पुनसवलिकरण गर्ने कार्यक्रम | प्याकेज | ३ | २००० | २००० | २००० | ६००० |
| ५. | कखग | शिक्षक तालिम संचालन कार्यक्रम | पटक | ६ | ४०० | ४०० | ४०० | १२०० |
| ६. | क | नमुना आवासीय विद्यालय विकास,व्यवस्थापन र संचालन कार्यक्रम | संख्या | २ | ७५०० | ७५०० | ७५०० | २२५०० |
| ७. | क | माध्यमिक विद्यालय मा कक्षा ११ र १२ मा विज्ञान तथा प्रविधि सम्बन्धि पठन पाठन संचालनको लागि विद्यालयलाइ संस्थागत क्षमता विकास र प्रोत्साहन कार्यक्रम | विद्यालय संख्या | ३ | ८०० | ८०० | ८०० | २४०० |
| ८. | क | माध्यमिक विद्यालयका लागि पर्यटन, कृषि, उधोग, जडीबुटी, उर्जा र पूर्वाधार पेशा व्यवसायसँग सम्बन्धित ऐच्छिक विषयहरुको पाठ्यक्रम विकास कार्यक्रम | पटक | ३ | ७०० | ७०० | ७०० | २१०० |
| ९. | क | प्रारम्भिक कक्षामा मातृभाषा शिक्षणको लागि पाठ्यक्रम, पाठ्यपुस्तक विकास साथै विद्यालय र शिक्षकको सम्बन्धित | विद्यालय संख्या | २ | ५०० | ५०० | ५०० | १५०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | विषयमा क्षमता विकास कार्यक्रम | | | | | | |
| १० | क | विद्यार्थी प्रतिभा प्रोत्साहन कार्यक्रम | प्याकेज | ३ | १००० | १००० | १००० | ३००० |
| ११ | क | विद्यालयमा बालमैत्रि पूर्वाधार विकास गर्ने | विद्यालय संख्या | ११ | १०००० | १०००० | १०००० | ३०००० |
| १२ | क | एक विद्यालय एक फूलवारी निर्माण गर्ने | संख्या | ११ | ३००० | ३००० | ३००० | ९००० |
| १३ | क | स्थानीय विषय वस्तुमा आधारित पाठ्यक्रम निर्माण गर्ने | पटक | १ | २००० | – | – | २००० |
| १४ | क | परम्परागत सीप विकासको लागि व्यवसायीक विषयको रुपमा पठन पाठन सञ्चालन गर्ने | संख्या | २ | ३१२ | ३१२ | ३१२ | ९३६ |
| १५ | क ख | एक विद्यालय एक खेल मैदान निर्माण र स्तरोन्ती कार्यक्रम | संख्या | ४ | ५००० | ५००० | ७००० | १७००० |
| १६ | कखग | व्यवसायीक तथा प्राविधिक शिक्षा संचालन गर्ने विद्यालय तथा शिक्षालयको विकास गर्ने | संख्या | १ | ६००० | ६००० | ८००० | २०००० |
| **जम्मा** | | | | | ४५७१२ | ४३७१२ | ४७७१२ | १३७१३६ |

## ४.२.८ नतिजा खाका

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार वर्ष २०७७/७८ | उपलब्धी २०७८/७९ | उपलब्धी २०७९/८० | उपलब्धी २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | पुष्ट्याइको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | मध्यमस्तरको जनशक्ति उत्पादन भएको हुने । | गुणस्तरीय शिक्षा प्रदान गर्ने विद्यालय र व्यवसायिक तथा प्राविधिक शिक्षालय | संख्या | २ | – | – | ४ | २ | गापा.शि.सा. प्रतिवेदन | गापा | | |
| असर १ | मध्यमस्तरको जनशक्ति उत्पादनका लागि शिक्षण संस्थाहरुको पूर्वाधार सुधार भएको हुने । | पूर्वाधार सुधार भएका विद्यालय र व्यवसायिक तथा प्राविधिक शिक्षालय | सख्या | १ | | १ | | २ | " | " | | |
| | सबै बालबालिकाको माध्यमिक तह सम्मको शिक्षामा पहुँच पुग्नुको साथै शिक्षाको गुणस्तरमा वृद्धि भएको हुने । | कक्षा १ मा भर्नादर | प्रतिशत | | | | | | " | " | | |
| | | आधारभूत तह (कक्षा १–५) मा खुद भर्ना दर | प्रतिशत | | | | | | " | " | | |
| | | आधारभूत तह (कक्षा १–५) मा कुल भर्ना दर | प्रतिशत | | | | | | " | " | | |
| | | आधारभूत तह (कक्षा १–८) मा खुद भर्ना दर | प्रतिशत | | | | | | " | " | | |
| | | आधारभूत तहमा विद्यालयमा जाने उमेरका विद्यालय बाहिर रहेका बालबालिका | प्रतिशत | | | | | | " | " | | |
| | | माध्यमिक तह(कक्षा९-१२) मा खुद भर्ना दर | प्रतिशत | | | | | | " | " | | |
| | | विद्यालय शिक्षा (१–१२) मा शिक्षक विद्यार्थी अनुपात | अनुपात | | | | | | " | " | | |
| | | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल १.१ | फरक क्षमता भएका विधार्थीहरुले शिक्षा प्राप्त गर्ने अवसर पाएका हुने | अपाङ्गता भएका बिद्यार्थीहरुले अध्ययन गर्ने विशेष शिक्षा संचालन भएका विद्यालय संख्या | संख्या | | | | | | " | " | | |
| प्रतिफल १.२ | शिक्षाको गुणस्तरमा सुधार गर्न लगानीमा वृद्धि भएको हुने | विद्यालय भर्ना र टिकाउका लागि अभियान चलाउने खालका कार्यक्रमहरुको संचालन | पटक | | | | | | " | " | | |
| | | शैक्षिक गुणस्तर अभिवृद्दिको लागि क्षमता विकास भएका शिक्षकहरुको संख्या | संख्या | | २ | २ | २ | ६ | " | " | | |
| | | विषयगत प्रयोगशाला, पुस्तकालय र प्रविधियुक्त भएका विद्यालय | संख्या | | १ | १ | १ | ३ | " | " | | |
| | | बालमैत्री पूर्वाधार भएका विद्यालय | संख्या | | १ | ३ | ५ | ९ | " | " | | |
| | | विपद् जोखिम न्यूनीकरण सचेतना कार्यक्रम एवम् विद्यालयको पुन सवलिकरण गर्नेकार्यक्रमको संचालन भएका विद्यालय | संख्या | | १ | ३ | ७ | ११ | " | " | | |
| प्रतिफल १.३ | नमुना वाल विकास केन्द्र स्थापना भएका हुने । | तालिम प्राप्त गरी क्षमता विकास गरेका बाल विकास केन्द्रका शिक्षक | संख्या | | १ | १ | १ | ३ | " | " | | |
| प्रतिफल १.४ | दुर्गम तथा छरिएको वस्ती भएका क्षेत्रका विद्यालयहरु नमुना आवासीय विद्यालयहरुको रुपमा रुपान्तरीत भएका हुने । | नमूना आवासीय विद्यालयहरुको रुपमा रुपान्तरीत भएका विद्यालयको संख्या | संख्या | | १ | – | – | १ | " | " | | |
| असर २ | दक्ष जनशक्ति | आधुनिकिरण र प्रविधियुक्त | संख्या | | | १ | – | १ | " | " | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | उत्पादनका लागि आधुनिकिरण र प्रविधियुक्त विद्यालयहरु भएका हुने । | विद्यालयहरु | | | | | | | | | | |
| प्रतिफल २.१ | कक्षा ११ र १२ मा विज्ञान विषय र प्रविधि विषय सम्बन्धि पठन पाठन हुने सामुदायिक विद्यालयको स्तरोन्ती साथै विद्यार्थी प्रोत्साहन कार्यक्रमको व्यवस्था भएको हुने | कक्षा ११ र १२ मा विज्ञान विषय र प्रविधि विषय सम्बन्धि पठन पाठन हुने विद्यालय | संख्या | | | | १ | १ | ” | ” | | |
| | | कक्षा ११ र १२ मा विज्ञान विषय र प्रविधि विषय अध्यान गर्ने विधार्थीको लागि छत्रावृत्ति वितरण | जना | | ५ | ५ | ५ | १५ | ” | ” | | |
| | | विज्ञान र प्रविध प्रयोगशालाको संचान तथा सुदृढिकरण गर्ने विद्यालय | संख्या | | १ | १ | १ | ३ | ” | ” | | |
| प्रतिफल २.३ | माध्यमिक तहका कृषि, उधोग, जडीबुटी, उर्जा र पूर्वाधार पेशा व्यवसायसँग सम्बन्धित ऐच्छिक विषयहरुको पाठ्यक्रम विकास कार्यक्रम निर्माण भएको हुने | स्थानीय विषय वस्तुमा आधारित पाठ्यक्रम को विकास | संख्या | | १ | १ | १ | ३ | ” | ” | | |
| | | परम्परागत सीप विकासको लागि व्यवसायीक विषयको रुपमा पठन पाठन सञ्चालन भएका विद्यालय | संख्या | | १ | १ | १ | ३ | ” | ” | | |
| | | व्यवसायीक तथा प्राविधिक शिक्षा संचालन गर्ने विद्यालय तथा शिक्षालयको विकास | संख्या | | १ | – | – | १ | ” | ” | | |
| | | प्रारम्भिक कक्षामा मातृभाषा शिक्षणको लागि पाठ्यक्रम, पाठ्यपुस्तक विकास | संख्या | | १ | – | – | १ | ” | ” | | |
| | | प्रारम्भिक कक्षामा मातृभाषा शिक्षणको लागि विद्यालय र शिक्षकको सम्बन्धित विषयमा क्षमता विकास | संख्या (जना) | | | | १ | १ | ” | ” | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| असर ३ | साक्षरता दर र जीवन उपयोगी शिक्षाको अवसर बडेको हुने | पाँच वर्ष देखि माथिको उमेर समूहको जनसंख्याको साक्षरता दर | प्रतिशत | ८१ | ८५ | ९० | ९५ | ९५ | ” | ” | | |
| | | युवा साक्षरता दर (१५-२४ उमेर समूह) | प्रतिशत | ८६ | ८९ | ९८ | ९९ | ९९ | ” | ” | | |
| प्रतिफल ३.१ | विद्यालय शिक्षामा जीवन उपयोगि सीप एकिकृत रुपमा समावेश भएको हुने | पाठ्यक्रमलाइ कार्यन्वयनमा जीवन उपयोगी सीप समावेश गर्ने विद्यालय | संख्या | | | १ | | १ | ” | ” | | |
| प्रतिफल ३.२ | साधारण विषयको पढाइ हुने माध्यमिक विद्यालयहरुमा प्राविधिक विषयहरुको पढाइ भएको हुने | प्राविधिक तथा व्यवसायिक विषयहरुको पढाइ थप गर्न प्रोत्साहीत गरीएका विद्यालय | संख्या | | | | १ | १ | ” | ” | | |

## ४.२ स्वास्थ्य तथा पोषण

### ४.२.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ३५ को उपधारा १ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क रूपमा प्राप्त गर्ने हक हुनेछ र सबैलाई आकस्मिक स्वास्थ्य सेवामा पहुँचको हक हुनेछ भन्ने उल्लेख छ । अर्कोतर्फ दिगो विकास लक्ष्य ३ मा सबै उमेर समूहका व्यक्तिहरूका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्ने र राम्रो जीवनस्तर प्रबर्द्धन गर्ने उल्लेख छ । स्वस्थ मानवशक्ति विकास सुख र समृद्धिको अपरिहार्य आवश्यकता हो । यस पालिकामा ३ वटा स्वास्थ्य चौकि र २ वटा सामुदायिक स्वास्थ्य इकाई रहेका छन । विरामी हुँदा स्वास्थ्य संस्थामा जाने व्यक्ति ७१ प्रतिशत रहेको, ६५ प्रतिशत महिलाहरू स्वास्थ्य संस्थामा सुत्केरी हुने गरेको । गाउँपालिकामा २८ जना स्वएम सेविका र स्वास्थ्य कर्मिहरुको समन्वयमा स्वस्थ्य सम्बन्धि सेवा प्रवाह भएको छ ।

जनस्वास्थ्य सेवाको पहुँचका हिसाबले कमजोर अवस्थामा रहेको यस गाउँपालिकामा आधारभूत पूर्वाधार र सेवाहरू सहितको कम्तिमा एउटा सम्पूर्ण आधारभूत सुविधा सम्पन्न अस्पताल निर्माण गर्नु अत्यन्त टड्कारो आवश्यकता रहेकोले बजेट व्यवस्थापन गरी तत्काल निर्माण कार्य थालनी गर्नुपर्ने अत्यावस्यक देखिन्छ । स्वास्थका हिसाबले गाउँपालिकावासीहरूको सोच तथा दैनिक व्यवहारमा व्यापक सुधार गर्नुपर्ने अवस्था रहेकोले वस्ती वस्तीमा स्वास्थ्य सम्बन्धी सचेतना फैलाउन चेतनामूलक कार्यक्रमहरू सघन रूपमा सञ्चालन गर्नुपर्ने देखिन्छ । विश्वव्यापिरुपमा फैलिएको कोरोना भाइरस (कोभिड -१९) को महामारी र आउन सक्ने अन्य संक्रमणलाई मध्यनजर गर्दै अत्यन्त आवश्यक औषधी, समाग्री तथा पूर्वाधार निर्माणको लागि विशेष वजेट व्यवस्थाको लागि ध्यान जानु आवस्यक छ । संघीय सरकारले लिएको शुन्य होम डेलिभरी नीति अवलम्वन गर्दै गाँउपालिका अन्तगर्तका स्वास्थ्य चौकीहरुमा आधारभूत र आकस्मीक मातृ तथा नव शिशु स्याहार सेवालाई सुदृढीकरण गरी स्वस्थ्य संस्थामा सुत्केरी हुने प्रतिशतलाई वडाई ८०% पुऱ्याउने नीतिको लागि आवश्यक वजेट व्यवस्थापनको आवस्यक देखिन्छ ।

### ४.२.२ प्रमुख समस्याहरु

आधारभुत स्वस्थ्य सेवा गुणस्तरिय नभएको, स्वास्थ्य संस्था मापदण्ड अनुसार नभएको, स्वास्थ्य संस्थामा पूर्वाधार कमी, स्वास्थ्य संस्थामा दक्ष जनशक्तिको कमी, प्रविधिमैत्री पुर्वाधारमा कमी, स्वास्थ्य संस्थामा समेत खानेपानीको कमी, सबै स्वास्थ्य संस्थामा प्रसुति केन्द्र (Birthing center) को अभावले प्रसुति सेवामा कठिनाई, सरुवा रोगको प्रकोप बढ्दै जानु, खोप कार्यक्रम प्रभावकारी नहुनु, अस्पतालको अभावले रोग निदानमा समस्या, पाठे घरजन्य समस्या, सरकारी स्वास्थ्य संस्थामा आवश्यकता अनुसारको उपकरण र विशेषज्ञ चिकित्सकको अभाव, निशुल्क तथा अत्यावश्यक औषधीको पर्याप्त मात्रामा सर्वयाम उपलब्ध नहुनु । अपाङ्गता भएका व्यक्ति तथा महिलाहरू र जेष्ठ नागरिकहरुको स्वास्थ्य चौकीको पहुँचमा कमी, कुपोषण, श्वास प्रश्वासजन्य स्वास्थ्य समस्या रहनु, बढ्दो खाद्य असुरक्षता तथा प्राकृतिक विपदले हुने मानवीय स्वास्थ्य समस्याहरु, मानसिक स्वास्थ्यले कम प्राथमिकता पाउनु, स्वास्थ्य वीमाको सुविधामा सबैको पहुँच नहुनु, विपद पश्चात औषधी तथा स्वस्थ्य सुविधाको सुनिश्चितताका लागि अन्तरपालिका सञ्जाल नहुनु आदि यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन ।

### ४.२.३ चुनौती र अवसर

**चुनौती**

आवश्यक स्वास्थ्य कर्मी, औषधी र चिकित्सा सम्बन्धी उपकरण उपलब्ध गराउनु, स्वास्थ्य कर्मी जस्तै डाक्टर, नर्स, अन्य स्वास्थ्य प्राविधिकहरुलाई टिकाउनु, गुणस्तरीय स्वास्थ सेवालाइ जनस्तरमा सर्वसुलभ रुपमा उपलव्ध गराउनु, पूर्ण खोपको कार्यान्वयन गर्नु, स्वास्थ्य सेवालाई सबैको पहुँच भित्र ल्याउनु, सबै सुत्केरी सेवालाई संस्थागत दायरामा ल्याउनु, निशुल्क, स्वास्थ्य संस्थामा आधारभूत तथा अत्यावश्यक औषधि सर्वयाम उपलब्ध गराउनु, स्वास्थ्य संस्थाहरूमा आधारभूत सुविधा यूक्त (औजार/उपकरण, दक्ष जनशक्ति र पूर्वाधार) पुऱ्याउनु, स्वास्थ्य वीमालाई सबै नागरिकको दायरामा पुऱ्याउनु, जडिवुटीमा आधारित तथा स्थानीय उपचार प्रणालीलाई स्वास्थ्य संस्थाको दायरामा ल्याई व्यवस्थित, गुणस्तरीय बनाउनु, खाद्य सचेतना तथा खाद्य व्यवहार सुधारलाई स्वास्थ्य प्रणालीको अङ्गको रुपमा विकास गर्नु, प्रवर्द्धनात्मक तथा निरोधात्मक र उपचारात्मक स्वास्थ्य सेवा बारे जनचेतना अभिवृद्धि गर्नु, कोभिड १९ को महामारीको समयमा सवै लक्षित वर्गलाई पर्याप्त मात्रामा स्वास्थ्य सेवा सम्वन्धी राहत तथा सहयोग उपलब्ध गराउनु यस क्षेत्रका प्रमुख चुनौती हुन ।

**अवसर**

संविधान र स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई आधारभूत स्वास्थ्य र सफाईको अधिकार प्रदान गरेको, आधारभूत स्वास्थ्य स्थानीय सरकारको अधिकारमा रहनु, १५ शैया सम्मको अस्पताल सबै स्थानीय तहमा खोल्ने सरकारी नीति रहनु, स्वास्थ्य गाउँपालिकाको प्राथमिकता र जनचासोको विषय रहनु, स्वास्थ्य सम्बन्धी काम गर्ने विभिन्न गैर सरकारी संस्थाको उपस्थिति हुनु, जडिवुटीहरूको उपलब्धता, सडक पहुँचको विस्तार हुने क्रममा रहनु आदि यस क्षेत्रका प्रमुख अवसरहरू रहेका छन् ।

### ४.२.४ दीर्घकलीन सोंच, लक्ष्य र उद्धेश्य

**सोच**

गुणस्तरीय, सर्वसुलभ आधारभूत स्वस्थ्य सेवाको उपलब्धता

**लक्ष्य**

गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा सबै नागरीकको पहुँच विस्तार गर्ने ।

**उद्धेश्य**

१. निशुल्क आधारभूत गुणस्तरीय स्वास्थ्य सेवामा गाँउपालिकावासी  सबैको पहुँच विस्तार गर्ने ।
२. आम नागरीकमा स्वास्थ्य सम्बन्धि सचेतना अभिवृद्धि गरी स्वास्थ्य तथा पोषणको सुचकमा सुधार गर्ने ।
३. स्वास्थ्य सम्बन्धी विपद जोखिम न्यूनिकरण गर्नु

## ४.२.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्धेश्य १: निशुल्क आधारभूत गुणस्तरीय स्वास्थ्य सेवामा गाँउपालिकावासी सबैको पहुँच विस्तार गर्ने | |
| १.१ आधारभूत स्वास्थ्यमा मतामूलक पहुँच सुनिश्चित गर्ने । | १.१.१ स्वास्थ्य संस्थामा आधारभूत औषधी, उपकरण र चिकित्सक सेवा उपलब्ध गराइनेछ ।<br>१.१.२ विपन्न र वञ्चितीमा परेका समुदायको स्वास्थ्य सेवा प्राप्तिमा देखिएका अवरोधहरू हटाई स्वास्थ्य सेवाको पहुँचमा ल्याउन विशेष व्यवस्था गरिनेछ ।<br>१.१.३ सबै स्वास्थ्य संस्थाहरूमा नियमित जाँच सहितको प्रसुती सेवा उपलब्ध गराइनेछ ।<br>१.१.४महिला सँग सम्बन्धित रोगहरू (पाठेघर जन्य समस्या, पाठेघरको मुखको क्यान्सर,स्तन क्यान्सर, रक्तअल्पता) आदि रोकथाम तथा नियन्त्रणका लागि विशेष स्वास्थ्य शीविर सञ्चालन गरिनेछ ।<br>१.१.५ स्वास्थ्य बीमाको पहुँच सबै परिवारमा पुर्याइ, अति विपन्न समुदायलाई स्वास्थ्य बीमा सम्बन्धी अनुदान सहयोग उपलब्ध गराइने छ । |
| १.२ रिफरल स्वास्थ्य सेवाको पहुँचलाई सहज बनाउने । | १.२.१ गाउँपालिकामा कम्तिमा १५ बेडको अस्पताल स्थापना गरिने छ ।<br>१.२.२ चिकित्सा विज्ञान सम्बन्धी संस्था, विशेषज्ञ अस्पतालबाट पालिका अस्पताल केन्द्रित विशेषज्ञ घुम्ती सेवा सञ्चाल गरी रिफरल स्वास्थ्य सेवाको पहुँच बढाइने छ ।<br>१.२.३ रिफरल सेवाको लागि अन्य सहज रुपमा पहुँच हुन सक्ने अस्पतालहरुसँग सहकार्य गरिने छ ।<br>१.२.४ भरपर्दो र नियमित एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्था मिलाइने छ । |
| उद्धेश्य २: आम नागरीकमा स्वास्थ्य सम्बन्धि सचेतना अभिवृद्धि गरी स्वास्थ्य तथा पोषणको सुचकमा सुधार गर्ने । | |
राष्ट्रिय भवन निर्माण आचार संहिता अनुरुप भवन निर्माण मापदण्ड तयार गरी कार्यन्वयन गर्न, सुरक्षित, स्वास्थ्यकर, सुविधायुक्त, कम खचिलो, भु-कम्प प्रतिरोधी, वातावरण मैत्री भवन निर्माण गर्न, दक्ष कामदार, प्राविधिक र गुणस्तरीय निर्माण सामाग्री उपलब्ध गराई भवन तथा आवास निर्माण गर्न, जोखिमयुक्त र छरिएका बस्तीहरुलाई स्थानान्तरण गराई एकीकृत बस्ती निर्माण गर्न, गरिबीको रेखामुनी रहेका, पिछडिएका, दलित, अति सीमान्तकृत र जोखिम क्षेत्रमा रहेका वर्गहरूलाई सामूहिक, सुरक्षित वातावारण मैत्री, न्यून लागत लाग्ने आवासको व्यवस्थापन गर्नु, यस क्षेत्रका प्रमुख चुनौतीहरु हुन ।

**अवसर**

सरकारी र सामुदायिक भवन निर्माणमा प्रदेश सरकारसँग समन्वयन हुनु, राष्ट्रिय भवन निर्माण आचारसंहित अनुरुप भवन मापदण्ड निर्माण गरी कार्यन्वयन गर्न, स्थानीय क्षेत्रमा उपलब्ध सामाग्री, गाउँपालिकामा कार्यरत प्राविधिक र स्थानीय कामदारद्धारा कम खर्चमा भवन तथा आवास निर्माण गर्न, भवन तथा आवास निर्माणसंवन्धी ज्ञानको क्रमशः अभिवृद्धि हुदै जानु, जोखिमयुक्त वस्तीको विषयमा जनतामा जानकारी प्राप्त हुनु, प्रविधि, निर्माण सामग्रीका बारेमा क्षमता र चेतना अभिवृद्धि हुनु यस क्षेत्रका अवसरहरु हुन ।

### ५.२.४ दीर्घकालीन सोच, लक्ष्य र उद्धेश्य

**सोच**

नासौं गाउँपालिकाको दीगो विकास, सुरक्षित र भूकम्प प्रतिरोधात्मक एकिकृत आवास

**लक्ष्य**

सुरक्षित, सुविधायुक्त, कम, खर्चिलो, वातावरण मैत्री, प्रविधियुक्त र स्थानीय निर्माण सामाग्रीमा आधारित भवन आवास तथा वस्तीको निर्माण गर्ने ।

**उद्धेश्य**

१. स्थानीय निर्माण सामाग्रीको आधिकतम प्रयोग गरी सुरक्षित, वातावरणमैत्री र किफायती भवन निर्माण गर्ने ।

२. जोखिमयुक्त र छरिएर रहेका वस्तीहरुलाई स्थानान्तरण गरी एकीकृत रुपमा वस्ती निर्माणको योजना तयार गर्ने ।

३. बाढि पहिरोबाट क्षति भएका घर र सार्वजनिक भवनहरुको पुनःनिर्माण गर्ने ।

## ५.२.५ रणनीति र कार्यनिती

| रणनीति | कार्यनीति |
|---|---|
| उद्धेश्य १: स्थानीय निर्माण सामाग्रीको आधिकतम प्रयोग गरी सुरक्षित, वातावरणमैत्री र किफायती भवन निर्माण गर्ने | |
| १.१एकिकृत तथा सुरक्षित वस्ती विकास गर्ने । | १.१.१ भू-उपयोग योजना अनुसार एकिकृत वस्ती विकास गर्दै लगिनेछ ।<br>१.१.२ अव्यवस्थित वस्तीहरूलाई एकिकृत र व्यवस्थित गर्न कम्तीमा ल्याण्ड पूलीङ गरी एक नमूना वस्ती विकास कार्यक्रम संचालन गरिनेछ ।<br>१.१.३ नमुना वस्तीमा सडक, ढल, खानेपानी, विद्युत लगायतका पूर्वाधार सुविधालाई एकिकृत रूपमा आवद्ध हुने गरी विकास गरिनेछ ।<br>१.१.४ सुरक्षित आवास, वस्ति विकास तथा सार्वजनिक निर्माणका लागि चेतना अभिवृद्धि गरिनेछ । |
| उद्धेश्य २: जोखिमयुक्त र छरिएर रहेका वस्तीहरुलाई स्थानान्तरण गरी एकीकृत रुपमा वस्ती निर्माणको योजना तयार गर्ने । | |
| २.१ गाउँपालिका स्तरीय भवन संहिता तयार गरि कार्यान्वयन गर्ने । | २.१.१ भवन संहिता तयार गरी कार्यान्वयन गरिनेछ ।<br>२.१.२ पुरुष तथा महिला डकर्मी सिकर्मीहरूलाई मापदण्ड अनुसारको घर निर्माण सम्बन्धमा तालिम तथा अभिमुखीकरण गरिनेछ ।<br>२.१.३ सरकारी तथा सार्वजनिक भवनहरू बालमैत्री, जेष्ठनागरिक मैत्रि, महिला र अपाङ्गता मैत्री बनाइनेछ ।<br>२.१.४ खरको छाना विस्थापन गरी टिनको छाना लगाउन अनुदानको व्यवस्था गरिनेछ |
| उद्धेश्य ३: बाढि पहिरोबाट क्षति भएका घर र सार्वजनिक भवनहरुको पुनःनिर्माण गर्ने | |
| ३.१ बाढि पहिरोबाट क्षतिग्रस्त आवास तथा भवनहरूको पुनर्निर्माण गर्ने। | ३.१.१ बाढि पहिरोबाट क्षतिग्रस्त निजी आवास, सार्वजनिक भवन तथा वस्ती पुनर्निर्माणको कार्य समयमा नै सम्पन्न हुने गरी सहजीकरण गरिनेछ ।<br>३.१.२ जोखिम नक्साङ्कन गरी जोखिमयुक्त स्थानमा रहेका घर वस्तीलाई सुरक्षित स्थानमा स्थानन्तरण गरिनेछ ।<br>३.१.३ आवास पुनःनिर्माण अभियानलाई पूर्णता दिन गति तिव्र बनाइनेछ ।<br>३.१.४ बाढि पहिरोबाट भत्किएका घर, सार्वजनिक भवन, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक धरोहरहरूको संघ, प्रदेश तथा दातृ निकायसंगको समन्वयमा श्रोत जुटाई पुनःनिर्माण कार्यलाई पूर्णता दिईनेछ । |

## ५.२ .६ कार्यक्रमका प्राथमिकता

१. भवन निर्माण मापदण्ड  तयार गर्ने ।

२ एकीकृत बस्ती निर्माणको संभाव्यता अध्ययन गर्ने ।

३. बाढि पहिरोबाट क्षति भएका निजी तथा सार्वजनिक भवनहरुको विपद जोखिम प्रतिरोधी ढंगले पुन निर्माण कार्यलाइ पूर्णता दिने ।

### ५.२.७ कार्यक्रम र बजेट (रु. हजारमा)

| क.स | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाई | परिमाण | बजेट | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | |
| १ | क | गाउँपालिकाको सार्वजनिक सम्पत्तिहरुको लगत तयार | पटक | १ | ७०० | – | – | ७०० |
| २ | कग | बाढि पहिरोबाट क्षति भएका घर  तथा सरकारी भवनहरुको पूर्ननिर्माण | संख्या | १०० | १५००० | १५००० | १५००० | ४५००० |
| ३ | क | भूउपयोग योजना तयारी र लागू | संख्या | १ | २१०० | – | – | २१०० |
| ४ | क | खुला स्थान एवं पार्कहरुको निर्माण तथा संरक्षण | संख्या | १० | ४५०० | ४५०० | ५००० | १४००० |
| ५ | कग | वडा कार्यालय भवन निर्माण | सख्या | ३ | ११००० | ११००० | १२००० | ३४००० |
| ६ | कख | अन्य सार्वजानिक भवन निर्माण तथा स्तरोन्नती | सख्या | १० | १५००० | १५००० | १५००० | ४५००० |
| ७ | कख | पार्क  निर्माण | सख्या | ८ | १००० | १५०० | १८०० | ४३०० |
| ८ | क | ल्याण्डफिल साइट निर्माण | सख्या | १ | – | – | १५०० | १५०० |
| ९ | क | ढलको निर्माण | सख्या | २ | – | ५०० | ९०० | १४०० |
| १० | क | फोहरमैला व्यबस्थापन तथा वातावरणीय कानुनी शिक्षा, सम्बन्धमा नागरीक शिक्षा कार्यक्रम संचालन | पटक | ५ | ३०० | ३०० | ३०० | ९०० |
| ११ | कग | अस्पताल भवन निर्माण | सख्या | १ | २१००० | १५०००० | – | १७१००० |
| १२ | कखग | स्वास्थ चौकीको भवन निर्माण तथा स्तरोन्नती | सख्या | २ | २५०० | ५००० | १५००० | २२५०० |
| १३ | कखग | विपद प्रतिरोधात्मक घर निर्माण तथा चेतनामुलक तालिम तथा प्रर्दशनी कार्यक्रम | पटक | ३ | ५०० | ५०० | ५०० | १५०० |
| १४ | क | एकिकृत नमूना वस्ती निर्माणका लागि डिपिआर तयार | संख्या | १ | – | – | १५०० | १५०० |
| १५ | कखग | जोखिम युक्त स्थानमा रहेका बस्ती तथा घरपरिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण | संख्या | ५० | १५०० | ५००० | ५००० | ११५०० |
| | | जम्मा | | ३० | ७४४०० | २०८३०० | ७३५०० | ३५६२०० |

## ५.२.८ नतिजा खाका

| नतिजाको स्तर | नतिजा | सूचक | इकाइ | आधार वर्ष२०७७/७८ | उपलब्धी | | | योजना अवधिको जम्मा लक्ष्य | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | |
| प्रभाव | सुरक्षित, सुविधायुक्त, कम खर्चिलो, वातावरणमैत्री, प्रविधियुक्त र स्थानीय निर्माण सामाग्रीमा आधारित भवन आवास तथा वस्ती भएको हुने | सुरक्षित, सुविधायुक्त, कम खर्चिलो, वातावरणमैत्री, प्रविधियुक्त र स्थानीय निर्माण सामाग्रीमा आधारित भएर निर्माण भएका घरहरुमा वसोवास गर्ने घरपरिवार | प्रतिशत | २० | १० | १० | १० | ५० | गापा वा प्रतिवेदन | गापा र भौपूविम | | |
| असर १ | स्थानीय निर्माण सामाग्रीको अधिकतम प्रयोग गरी सुरक्षित, वातावरणमैत्री र किफायती भवन निर्माण भएको हुने | स्थानीय निर्माण सामाग्रीको प्रयोग गरी निर्माण गरीएका घरहरु | प्रतिशत | १५ | ५ | ५ | ५ | ३० | " | " | | |
| प्रतिफल १.१ | स्थानीय स्तरको भवन निर्माण मापदण्ड तयार र कार्यन्वयन भएको हुने | स्थानीय स्तरको भवन निर्माण नीति | संख्या | | १ | | | १ | गापास्था राजपत्र | गापा | | |
| | | स्थानीय स्तरको भवन निर्माण मापदण्ड | संख्या | | १ | | | १ | गापास्था राजपत्र | गापा | | |
| | | स्थानीय स्तरको भवन निर्माण मापदण्ड बमोजिम बनेका घरहरु | प्रतिशत | | १० | १० | १० | ३० | गापा वा प्रतिवेदन | गापा र भौपूविम | | |
| प्रतिफल १.२ | सार्वजानिक भवन निर्माण तथा स्तरोन्नती भएको हुने | वडा कार्यालय भवन र अन्य सार्वजानिक भवन निर्माण तथा स्तरोन्नती | संख्या | | १५ | १५ | ३ | ३३ | " | " | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पार्कहरुको निर्माण तथा संरक्षण | संख्या | | ७ | ७ | ७ | २१ | " | " | | |
| | | ल्याण्डफिलसाइट निर्माण | संख्या | | | | १ | १ | " | " | | |
| असर २ | जोखिमयुक्त र छरिएर रहेका वस्तीहरुलाई स्थानान्तरण गरी एकीकृत रुपमा वस्ती निर्माणको योजना तयार भएको हुने । | एकीकृतवस्ती निर्माण योजना | संख्या | | १ | | | १ | " | " | | |
| प्रतिफल २.१ | एकिकृत नमूना वस्ती निर्माणका लागि डिपिआर तयार भएको हुने | एकिकृत नमूना वस्ती निर्माणका लागि डिपिआर तयार | संख्या | | १ | | | १ | " | " | | |
| प्रतिफल २.२ | जोखिमयुक्त स्थान र अनधिकृत रुपले बसोबास गर्ने घरपरिवारको पहिचान भइ त्यस्ता स्थानबाट हटेको हुने | जोखिम युक्त स्थान र अनधिकृत रुपमा रहेका बस्ती तथा घरपरिवार सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्य | स्थान | | | १ | | १ | " | " | | |
| असर ३ | २०७८ को बाढि पहिरोबाट क्षति भएका घर र सार्वजनिक भवनहरुको पुनःनिर्माण कार्य सम्पन्न भएको हुने | पुनःनिर्माण गरीएका घर तथा सार्वजनिक भवन | संख्या | | पुनःनिर्माण हुन बाँकी भएका सबै | | | | " | " | | |

## ५.३ सिंचाई

### ५.३.१ पृष्ठभूमि

कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिमा सिँचाई महत्वपूर्ण माध्यम हो । यस गाउँपालिकामा रहेको कूल कृषियोग्य जमीन ८१२ हेक्टर मध्ये २९.३२ हेकटर जमीन सिँचाई सुविधा रहेको छ । सिँचाई सुविधाका दृष्टिले मस्यङ्दी नदी, दुधखोला लगायतका सहायक नदिहरु प्रमुख स्रोतको रूपमा रहेकाछन् भने अहिले सम्म धेरैजसो वर्षे मूलमा अर्थात आकासे पानीमा नै भर पर्नुपर्ने अवस्था छ । २०७८ सालको बढि पहिरोबाट सबै सिँचाइ प्रणालीहरुमा ठूलो क्षति हुन पुग्यो । यसबाट कृषि उत्पादनमा नकारात्मक असर पर्ने भएकोले सिँचाइ प्रणालीहरुको मर्मत संभार अझ राम्रो र अझ बलियो अवधारणा अनुसार प्राथमिकतामा राखी गर्नु पर्ने देखिन्छ । कृषिमा उत्पादकत्व बढाई खाद्य सुरक्षा तथा गरीबी निवारणमा योगदान पुर्‍याउन सिँचाइको प्रमुख भूमिका रहेको हुन्छ । त्यसकारण सिँचाइको क्षेत्रमा उच्च प्राथमिकताका साथ कार्य गर्नुपर्ने देखिन्छ ।

### ५.३.२ प्रमुख समस्या

कृषि योग्य जमिनमा न्यून सिँचाई सुविधा हुनु, सिँचाई विकासमा आधुनिक प्रविधिको प्रयोगमा कमी हुनु, सिँचाई कुलो गुणस्तरीय तथा पक्की नहुनु, भएका सिँचाई आयोजनाहरू पनि पूर्ण क्षमतामा प्रयोगमा आउन नसक्नु, मर्मत सम्भारको कमी हुनु, जल उत्पन्न प्रकोपले सिँचाई आयोजनामा क्षति पुग्नु, कृषि प्रणाली र सिँचाई बीच अन्तरसम्बन्ध स्थापित गर्न नसकिनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू रहेका छन् ।

### ५.३.३ अवसर र चुनौती

**अवसर**

सिँचाईका लागि नियमित बगिरहने जलस्रोतहरूको उपलव्धता, साना सिँचाई निर्माणका क्षेत्रमा संघसंस्थाहरू क्रियाशील रहनु, साना सिँचाई गाउँपालिकाको अधिकार क्षेत्रमा पर्नु, गाउँपालिकाको प्राथमिकतामा सिँचाई क्षेत्र समावेश हुनु, सिँचाईका लागि उपयुक्त जमीनहरूको उपलव्धता आदि यस क्षेत्रका अवसरहरू रहेका छन् ।

**चुनौती**

कृषियोग्य जमिनमा सर्वयाम सिँचाई सुविधा उपलव्ध गराउनु, कृषि र सिँचाई बीच अन्तरसम्बन्ध स्थापना गर्नु, सिँचाई आयोजनाहरू पूर्ण क्षमतामा उपयोग गर्नु, स्थानीय समुदायहरूद्वारा संचालन भईआएका परम्परागत सिँचाई प्रणालीका कुलाहरूको संरक्षण गर्नु, सिँचाई कुलाहरुको मर्मत सम्भारमा लाभग्राही उपभोक्ता समितिहरूलाई जिम्मेवार बनाउनु, सिँचाई विकासका लागि अन्तरसरकार र साझेदारहरूबीच प्रभावकारी समन्वय स्थापित गर्नु, बैकल्पिक सिँचाई प्रविधिहरूको प्रयोग बढाउनु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

### ५.३.४ दीर्घकालीन सोच, लक्ष्य र उद्धेश्य

**सोच**

गाउँपालिकाका सबै कृषि योग्य भूमीमा भरपर्दो सिंचाई सुविधाको विकास गर्ने

**लक्ष्य**

सिंचाईका विविध विधिको माध्यमबाट गाउँपालिकाका मुख्य कृषियोग्य भूमीमा सिंचाई सुविधाको विस्तार भएको हुने ।

**उद्धेश्य**

१. गाउँपालिका भित्र रहेका जलस्रोतको उपयोग गरी सतही सिंचाई सुविधाको विकास  विस्तार गर्ने ।

२. सिंचाइका आधुनिक प्रविधिको साथैबैकल्पिक विधि प्रयोग गरि सिंचाई सुविधा विकास र विस्तार गर्ने

### ५.३.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्धेश्य १ः गाउँपालिका भित्र रहेका जलस्रोतको उपयोग गरी सतही सिंचाई सुविधाको विकास  विस्तार गर्ने । | |
| १.१विद्यमान सिँचाई प्रणालीको संरक्षण, सम्भार र स्तरोन्नती गर्ने | १.१.१ जल उपयोग गुरुयोजना तयार गरी संभाव्य सिँचाई आयोजनाहरूको पहिचान गरिनेछ ।<br>१.१.२ कृषि उपज पकेट क्षेत्रको संभावनाका आधारमा सिँचाई आयोजनाको विकास गरिनेछ ।<br>१.१.३ सम्वन्धित निकायसँग समन्वय गरी योजना संचालन गरिनेछ । |
| १.२ जलउत्पन्न प्रकोपको क्षति नियन्त्रण गर्नु । | १.२.१ जल उत्पन्न जोखिमको क्षेत्र पहिचान गरी न्यूनीकरणका उपायहरू अवलम्बन गरिनेछ ।<br>१.२.२ नदीजन्य प्रकोपको दिगो नियन्त्रणमा स्थानीय प्रविधि र रैथाने ज्ञानको उपयोग गरिनेछ ।<br>१.२.३ खोला खोल्सीको नियन्त्रणमा वायोइन्जिनियरिङ प्रविधिको उपयोग गरिनेछ ।<br>१.२.४ नदी किनाराको वनको संरक्षणमा विशेष ध्यान दिइनेछ ।<br>१.२.५ नदी किनारका जोखिमयुक्त स्थानमा बस्ती विस्तार तथा नदी खोला अतिक्रमण र अव्यवस्थित दोहनको नियन्त्रण गरिनेछ ।<br>१.२.६ नदि नियन्त्रणको लागि आवश्यक स्थानमा चेक ड्याम तथा स्परको निर्माण गरिनेछ । |
| उद्धेश्य २ः सिंचाइका आधुनिक प्रविधिको साथै बैकल्पिक विधि प्रयोग गरि सिंचाई सुविधा विकास र विस्तार गर्ने । | |
| २.१ बैकल्पिक तथा आधुनिक सिंचाई प्रणालीको विकास गर्ने । | २.१.१ सतह सिँचाईको संभावना नरहेका टारहरूमा नयाँ प्रविधिमा आधारित सिँचाई प्रणालीको अवलम्बन गरिनेछ ।<br>२.१.२ तरकारी बालीमा सिंचाई गार्दा कम पानी खर्च हुने प्रविधि थोपा सिंचाइ तथा अन्य आधुनिक प्रविधिको प्रयोग गरिने छ ।<br>२.१.३ सरकारी तथा गैर सरकारी संघसंस्थासँग समन्वय गरी सिँचाईका आधुनिक संरचनाहरूको निर्माण गरिनेछ । |

### ५.३.६ कार्यक्रमका प्राथमिकता

१. जलउपयोग स्रोत नक्साङ्कन साथै जल उपयोग गुरुयोजना निर्माण

२. सिँचाई आयोजनाको निर्माण, मर्मत सम्भार र स्तरोन्नती

३. उपभोक्ता समितिको क्षमता विकास

४. मर्मत सम्भार कोष स्थापना

५. जोखिम स्थानमा नदि नियन्त्रण

### ५.३.७ कार्यक्रम र बजेट (रु.हजारमा)

| क्र.सं | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाई | परिमाण | बजेट | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | |
| १ | क | सिंचाई कुला मर्मत | संख्या | २५ | १५०० | १५०० | १५०० | ४५०० |
| २ | कख | जल उपयोग गुरुयोजना तयार गर्ने | संख्या | १ | ५०० | – | – | ५०० |
| ३ | क | जल उत्पन्न जोखिमको क्षेत्र अध्ययन | पटक | १ | २०० | – | – | २०० |
| ४ | कखग | नयाँ सतही सिंचाई योजना निर्माण | संख्या | ६ | १५००० | ३०००० | ३०००० | ७५००० |
| ५ | कख | थोपा एवं साना सिंचाई | संख्या | १५ | ६०० | ६०० | ६०० | १८०० |
| ६ | क | सिंचाई पोखरी निर्माण | संख्या | १८ | ३००० | ३००० | ३००० | ९००० |
| ७ | कख | वर्षाको पानी संकलन विधि सम्बन्धी तालिम संचालन | पटक | ३ | १५० | १५० | १५० | ४५० |
| ८ | कखग | नदि नियन्त्रणको लागि चेक ड्याम तथा स्परको निर्माण | संख्या | ३ | ८०० | ८०० | ८०० | २४०० |
| ९ | कखग | करेसाबारी सिँचाइको लागि (धाराबाट खेरजाने पानी संकलन गर्न)एक घर एक पानी संकलन पोखरी निर्माण कार्यक्रम | संख्या | १०० | ६७०० | ६७०० | ६७०० | २०१०० |
| जम्मा | | | | | २८४५० | ४२७५० | ४२७५० | ११३९५० |

## ४.३.८ नतिजा खाका

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार बर्ष२०७७/७८ | उपलब्धी | | | योजना अवधिको जम्मा लक्ष्य | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | |
| प्रभाव | गाउँपालिकाका मुख्य कृषियोग्य भूमीमा सिंचाई सुविधाको विकास र विस्तार भइ कृषि उत्पादनमा वृद्धि भएको हुने | सिँचाइ सुविधा भएको खेतियोग्य जमिन । | प्रतिशत | | | | | ३५ | गापावाप्र | गापा | | |
| | | बाह्रै महिना सिँचाइ सुविधा भएको खेतियोग्य जमिन । | प्रतिशत | | | | | २५ | ” | ” | | |
| असर १ | गाउँपालिका भित्र रहेका मुख्य मुख्य खेतियोग्य जमिनमा सिंचाई सुविधाको विकास भएको हुने । | सिंचाई सुविधा पुगेका गाउँपालिका भित्र रहेका मुख्य मुख्य खेतियोग्य जमिन । | हेक्टर | | | | | ४० | ” | ” | | |
| प्रतिफल १.१ | विद्यमान सिँचाई प्रणालीको संरक्षण, सम्भार र स्तरोन्नती भएको हुने | मर्मत सम्भार कोष | संख्या | | १ | | | १ | ” | ” | | |
| | | दक्ष अगुवा कृषकहरुको संख्या | संख्या | | २० | २० | २० | ६० | ” | ” | | |
| | | संस्थागत क्षमता वृद्धि भएका उपभोक्ताहरुको संख्या | संख्या | | ५० | ५० | ५० | १५० | ” | ” | | |
| प्रतिफल १.२ | जल उपयोग गुरुयोजना तयार भएको हुने । | जल उपयोग गुरुयोजना | संख्या | | | १ | | १ | ” | ” | | |
| प्रतिफल १.३ | कृषि पकेट क्षेत्र र कृषि कार्यक्रमहरु संचालित क्षेत्रमा | सिँचाइको लागि जल स्रोतको खोज तथा अध्ययन | पटक | | १ | | | १ | ” | ” | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आवस्यक्ता बमोजिम सिँचाइ सुविधाको व्यवस्था भएको हुने । | संभाव्य सिँचाई आयोजना पहिचान | पटक | | १ | | | १ | " | " | | |
| | | नयाँ सतही सिंचाई योजना | संख्या | | २ | २ | २ | ६ | " | " | | |
| | | वर्षाको पानी संकलन विधि सम्बन्धी तालिम संचालन | पटक | | १ | १ | १ | ३ | " | " | | |
| असर २ | सिंचाइका आधुनिक प्रविधिको साथै बैकल्पिक विधिको प्रयोग द्धारा सिंचाई सुविधा विकास र विस्तार भएको हुने । | मर्मत तथा स्तरोन्ती र निर्माण भएका संरचनाहरू | संख्या | २० | १० | १० | १० | ५० | " | " | | |
| प्रतिफल २.१ | परम्परागत तथा आधुनिक सिंचाई प्रणालीको विकास र स्तरोन्ती भएको हुने । | सिंचाई पोखरी निर्माण | संख्या | | २४ | २४ | २४ | ७२ | " | " | | |
| | | थोपा एवं साना सिंचाई | संख्या | | १० | १० | १० | ३० | " | " | | |
| | | करेसाबारी सिँचाइको लागि (धाराबाट खेरजाने पानी संकलन गर्न) निर्माण भएका पानी संकलन पोखरी | संख्या | | २० | २० | २० | ६० | " | " | | |
| | | पानी संकलन विधि सम्बन्धी तालिम | प्याकेज | | १ | १ | १ | ३ | " | " | | |
| प्रतिफल २.२ | सिँचाइ अयोजनाहरुको मुहान तथा स्रोतको संरक्षण भएको हुने । | मुहान तथा स्रोतको संरक्षण भएका आयोजनाहरु । | संख्या | ६ | १० | १० | १० | ३६ | " | " | | |

## ५.४ सूचना तथा सञ्चार

### ५.४.१ पृष्ठभूमि

नेपालको संविधानले सूचना तथा संचार सम्बन्धि हकलाई मौलिक हककोरुपमा उल्लेख गरेको छ । नासौँ गाउँपालिकामा नेपाल टेलिकम र एन सेलले मोवाइल सेवा प्रदान गरेका छन् । करिब १५०० को हारहारीमा मोवाइल फोन प्रयोग कर्ता छन् । इन्टरनेट सेवा उपलव्ध छ । गाउँपालिकाका सबै बस्तीमा प्राय मोवाइल सेवा पुगेको छ । सरकारी स्तरबाट संचालन भएको नेपाल टेलीकमको सेवा सबै बस्ती स्तर सम्म पुग्न सकेको छैन । उपलब्ध भएको स्थानमा पनि गुणस्तरिय सेवा दिन सकेको छैन । यस गाउँपालिकामा १ इलाका हुलाक रहेको छ । सो मार्फत चिट्ठी पत्र आदान हुने गर्छ । गाउँपालिकाका प्राय सबै बस्तिमा मोवाइल सेवा मार्फत सेवा सुचारु भएको छ । रेडियो, पत्रपत्रिका, केवल च्यानल आदि सूचना तथा सञ्चारका सेवा एवं सुविधाहरु विकास र विस्तार हुने क्रममा रहेको छ । तर सबै जनता एवं वस्तीमा मोवाइल सेवा, इन्टरनेट सेवा, पत्रिका, रेडियो आदिको गुणस्तरीय पहुँच पुग्न सकेको छैन । त्यस्तै सूचना संस्कृतिको विकास र विस्तार गर्न अझै धेरै कार्य गर्नु पर्ने आवश्यकता रहेको छ ।

### ५.४.२ प्रमुख समस्या

मोवाइलफोन सेवाको गुणस्तर कम हुनु, सबै स्थानमा एउटै मोवाइल कम्पननीको सिमले काम नगर्नु, रेडियो, टिभि, पत्रिका नागरिकको सहज पहुँचमा नहुँनु, पत्रपत्रिका सबै जनाताको सहज पहुचमा नपुग्नु, सबै गाउँ बस्तीमा ४ जी सेवा नपुग्नु, गाउँपालिका तथा वडा कार्यालयमा अनलाइन सेवा हुन नसक्नु, प्रत्येक वडा कार्यालयमा इन्टरनेट सेवा विस्तार गर्ने, कार्यालयको वेभसाईटलाइ ब्यबस्थित गर्न नसक्नु, सस्तो र सुलभ द्रुत गतिको इन्टरनेट सुविधा सबै नागरिकको सहज पहुँचमा पुग्न नसक्नु, गाँउपालिका, वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था र अन्य सामाजिक संघ संस्थामा इन्टरनेट पूर्वाधारको कमीले छीटो छरितो ढंगले काम नहुनु यस क्षेत्रका समस्याहरु हुन ।

### ५.४.३ चुनौती र अवसर

**चुनौती**

सहज रुपमा सबै स्थानमा नेपाल टेलीकम तथा निजि क्षेत्रका इन्टरनेट सेवा प्रदायक संस्थाले सेवा विस्तार गर्न, गाँउपालिका भित्र संचालित कार्यक्रमहरुलाई रेडियो, एफ .एम लगायत अन्य संचार माध्यमद्वारा प्रचार प्रसार गराउन, गाउँपालिकाका सम्पूर्ण विद्यालयहरुमा इन्टरनेट सुविधा उपलब्ध गराई प्रविधिमैत्री शिक्षण सिकाई कियाकपाल संचालन गर्न र प्रविधिमैत्री स्वास्थोपचार सुविधा उपलब्ध गराउन, गाउपालिकामा नियमितरुपमा राष्ट्रिय पत्र पत्रिका उपलब्ध गराई जनतालाई सुसुचित गराउन यस क्षेत्रका चुनौतिहरु हुन ।

**अवसर**

सूचनाको हकको प्रवर्द्धन गर्न राज्यस्तर बाटै ध्यानकर्षण भएको हुनु, रेडियो, टेलिभिजन, पत्र पत्रिकाबाट सूचना एवं समाचार र ज्ञान प्रसारणमा सूचनाका आधुनिक प्रविधिहरुको प्रयोगमा बृद्धि हुँदै जानु, डिजिटल साक्षरता बढ्दै जानु, द्रुत इन्टरनेट सेवा विस्तार भएको हुनु, हात हातमा इन्टरनेट, विश्वसँग नेटवर्क जोडिएको, संचारको सुविधा पुर्‍याउन सरकार तथा निजि लगानीकर्ता तत्पर रहनु, बहुसंख्याक नागरिकको हातमा मोवाइल टेलिफोन सेवा पुग्नु यस क्षेत्रका अवसरहरु हुन ।

### ५.४.४ दीर्घकालीन सोच, लक्ष्य र उद्धेश्य

**सोच**

सुचना र संचार, ज्ञान र शुसाशनको आधार दैनिक जीवनमा सहज

**लक्ष्य**

गाउँपालिकाका सम्पूर्ण बस्तीमा सूचना र प्रविधिको उपयोगमा विस्तार एवं विकास गरि गाउँपालिकावासी नागरिकको दैनिक जीवन सहज बनाउन टेवा पुगेको हुनेछ ।

**उद्धेश्य**

१ सूचना तथा संचार प्रविधिलाई सुरक्षित, भरपर्दो र आकर्षण क्षेत्रको रुपमा विकास गर्ने ।

२. सरकारी तथा गैर सरकारी क्षेत्रको सेवा प्रवाहमा आधुनिक सूचना प्रविधिको प्रयोग गरि सुशासन कायम राख्ने ।

### ५.४.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्धेश्य १: सूचना तथा संचार प्रविधिलाई सुरक्षित, भरपर्दो र आकर्षण क्षेत्रको रुपमा विकास गर्ने | |
| गाउँपालिका भित्रका सबै स्थानमा भरपर्दो सूचनाको पहुँच विस्तार गर्ने । | १.१.१ गाँउपालिकाका विद्यालयमा इन्टरनेट सेवा जडान गर्ने<br>१.१.२ गाँउपालिका र वडा केन्द्रका सम्पूर्ण कार्यालयहरुमा इन्टरनेट सुविधा उपलब्ध गराउने ।<br>१.१.३ प्रदेश सरकारको समन्वयमा युवा स्वरोजगार लक्षित सूचना प्रविधि तालिम र दक्षता अभिवृद्धि गर्ने ।<br>१.१.४नेपाल दुरसंचार कम्पनीसँगको सहकार्यमा टेलीफोन टावर स्थापना गर्ने<br>१.१.५ नीजि क्षेत्रको समन्वयमा संचार क्षेत्रको विकासमा जोड दिने । |
| उद्धेश्य नं २: सरकारी तथा गैर सरकारी क्षेत्रको सेवा प्रवाहमा आधुनिक सूचना प्रविधिको प्रयोग गरि सुशासन कायम राख्ने । | |
| सूचना प्रविधिमा आधारित सेवा प्रणालीको विकास गर्ने | २.१ विद्यालय, स्वास्थ्य चौकी, वित्तीय संस्था र गाउँपालिकाको वडा कार्यालयसम्म भरपर्दो इन्टरनेट सेवाको विस्तार गरिनेछ ।<br>२.२ सूचना प्रविधिमा आधारित सेवा प्रणालीको विकास गर्ने, वाईफाई सेवाको विस्तार गरी फ्रि वाइफाइ जोनको विकास गरिनेछ ।<br>२.३ गाउँपालिका र वडा कार्यालयहरूमा विद्युतीय सूचना पूर्वाधारको विकास गरिनेछ ।<br>२.४ विद्यालय केन्द्रित ई-लाइब्रेरीका सेवा सन्चालन गरिनेछ ।<br>२.५ विद्यालयमा कम्प्युटर प्रविधि शिक्षाको विस्तार गर्दै लगिनेछ ।<br>२.६ सूचनाको हक र अधिकार सम्बन्धमा जनचेतना अभिवृद्धि गरिनेछ । |

### ५.४.६ कार्यक्रमका प्राथमिकता

१. सेवा प्रदायक संस्थाहरूसँग समन्वय गरी टेलिफोन टावर विस्तार गर्ने

२. कार्यालयको काममा आधुनिक सूचना प्रविधिकोप्रयोग गर्ने

## ५.४.७ कार्यक्रम र बजेट

| क्र.सं | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाई | परिमाण | बजेट | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | |
| १ | ग | मोवाइल टावरको क्षमता विस्तार | संख्या | ६ | १५००० | १५००० | १५००० | ४५००० |
| २ | कख | सूचना केन्दको स्थापना र व्यवस्थापन | संख्या | १ | – | २५०० | १५०० | ४००० |
| ३ | क | सरकारी, गैरकारी एवं निजी क्षेत्रका विकास गतिविधिलाइ रेडियो तथा टिभिद्धारा प्रसारण तथा पत्रिकामा प्रकासन प्रवर्द्धन | नियमित | | ३०० | ३०० | ३०० | ९०० |
| ४ | ग | हुलाक सेवाको स्तर बृद्धि | पटक | ३ | १५० | १५० | १५० | ४५० |
| ५ | कग | गाउँपालिकाका सबै विद्यालयमा इन्टरनेट सुविधाको विस्तार | संख्या | २६ | १२०० | १२०० | १२०० | ३६०० |
| ६ | कग | गाउँपालिका सबै स्वास्थ्य संस्थामा इन्टरनेट सुविधाको विस्तार | संख्या | ३ | ५०० | ५०० | ५०० | १५०० |
| ७ | कखग | धारापानी क्षेत्रमा सूचना प्रविधि पार्क निर्माण | संख्या | १ | | १५००० | १५००० | ३०००० |
| ८ | क | सूचनाको हकको प्रभावकारी कार्यन्वयनका लागि जनचेतनामूलक कार्यक्रमहरु संचादन गर्ने | प्याकेज | ३ | १५० | १५० | १५० | ४५० |
| | | जम्मा | | | १७३०० | ३४८०० | ३३८०० | ८५९०० |

## ५.४.८ नतिजा खाका

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार वर्ष२०७७/७८ | उपलब्धी २०७८/७९ | उपलब्धी २०७९/८० | उपलब्धी २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | सूचना र सञ्चारको प्रविधिको प्रयोगबाट गाउँपालिकाका सम्पूर्ण बस्तीका नागरिकको दैनिक जीवन सहज बनाउन टेवा पुगेको हुनेक । | सूचना र सञ्चार प्रविधिको प्रयोगबाट दैनिक जीवन सहज भएका नागरिक । | प्रतिशत | २० | २० | २० | २० | ८० | गापाप्र. | गापा र नेटेक | | |
| असर १ | सूचना तथा संचार प्रविधिलाई सुरक्षित, भरपर्दो र आकर्षण क्षेत्रको रुपमा विकास भएको हुने | सुरक्षित, भरपर्दो सूचना तथा संचार प्रविधि प्रयोग गर्ने नागरिक | प्रतिशत | २० | १५ | १५ | १५ | ६५ | ” | ” | | |
| प्रतिफल १.१ | गाउँपालिका भित्रका सबै स्थानमा भरपर्दो सुचनाको पहुँच विस्तारभएको हुने | मोवाइल टावरको क्षमता विस्तार | संख्या | १ | १ | २ | २ | ६ | ” | ” | | |
| | | सूचना केन्दको स्थापना र ब्यवस्थापन | संख्या | | १ | | | १ | ” | ” | | |
| | | हुलाक सेवाको स्तर बृद्धि | पटक | | १ | १ | १ | ३ | ” | ” | | |
| प्रतिफल १.२ | प्रदेश सरकारको समन्वयमा सूचना तथा प्रविधिमा युवाहरुको दक्षता अभिवृद्धि भएको हुने | प्रदेश सरकारको समन्वयमा युवा स्वरोजगार लक्षित सूचना प्रविधि तालिम सञ्चालन | पटक | | १ | १ | १ | ३ | ” | ” | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| असर २ | सरकारी तथा गैर सरकार क्षेत्रको सेवा प्रवाहमा आधुनिक सुचना प्रविधिको प्रयोग गरि सुशासन कायम भएको हुने । | सरकारी, गैरकारी एवं निजी क्षेत्रका विकास गतिविधिलाइ रेडियो तथा टिभिद्धारा प्रसारण र पत्रिकामा प्रकाशन | प्रतिशत | | | | | | " | " | | |
| प्रतिफल २.१ | सूविधा सम्पन्न र पूर्वाधारयूक्त सूचना प्रविधि पार्क स्थापना भएको हुने । | सूचना प्रविधि पार्क | संख्या | | १ | | | १ | " | " | | |
| प्रतिफल २.२ | गाँउपालिकाका सबै सामुदायिक माध्यमिक विद्यालयहरुमा सूचना प्रविधि अध्ययान कक्षको स्थापना भएको हुने । | सूचना प्रविधि अध्ययान कक्षकोस्थापना भएका माध्यमिक विद्यालयहरु | संख्या | | १ | १ | | २ | " | " | | |
| प्रतिफल २.३ | गाउँपालिका सबै स्वास्थ्य संस्थामा इन्टरनेट सुविधाको विस्तार | इन्टरनेट सुविधाको विस्तार भएका स्वास्थ्य संस्थाहरु | संख्या | | १ | १ | १ | ३ | " | " | | |

## ५.५ जलविद्युत, उर्जा तथा नविकरणीय उर्जा

### ५.५.१ पृष्ठभूमि

नासोँ गाउँपालिकामा जलविद्युतको प्रशस्त संभावना रहेका मर्स्याङ्दी नदी र दुधखोला लगायतका खोला रहेका छन । गाउँपालिकामा ४ वटा लघु जलविद्युत आयोजनाबाट १५५ किलोवाट जलविद्युत उत्पादन भएको छ । ४२७ घरधुरी लाभान्वीत छन् । ग्रामीण बस्ती भएको कारण यस गाउँपालिकको प्रमुख खाना पकाउने इन्धनको रुपमा दाउराको प्रयोग गरेका छन् । यहाँका करिव १५ प्रतिशत घर परिवारमा सुधारिएको चुलो प्रयोगमा आएको छ । खनिज एव वायु उर्जाको विकास भएको छैन भने ज्यादै कम घर परिवारले वायो ग्याँस प्रयोग गर्छन् । बाढि पहिरोबाट क्षति भएका लघु जलविद्युत आयोजनाहरुको राम्रोसँग पुनर्निर्माण हुन सकेको छैन । लघु जलविद्युत  आयोजनाहरुबाट दिगो र नियमीत उर्जा आपूर्तिको लागि आगामी दिनहरुमा तिनीहरुलाई वहुप्रकोपबाट बचाउने गरी सुरक्षित गर्न आवश्यक रहेको छ । कतिपय घरपरिवारहरुले सौर्य उर्जाको प्रयोग गरिरहेका छन् र तिनीहरुलाई पनि प्रकोपहरुबाट सुरक्षित राख्नु आवश्यक छ ।

### ५.५.२ प्रमुख समस्या

भरपर्दो र गुणस्तरीय विद्युत सेवा उपलब्ध नहुनु, स्थानीय जलश्रोतबाट विद्युत उत्पादन हुन नसक्नु, विद्युत सवस्टेसनको निर्माण नहुनु, विद्युत पोलहरु भरपर्दो र टिकाउ नहुनु, आवश्यक मात्रामा नवीकरणीय उर्जाको उत्पादन र प्रयोग हुननसक्नु, उर्जा उत्पादनमा प्राविधिक र वित्तीय श्रोतको कमि हुनु यस क्षेत्रका प्रमुख समस्याहरु रहेका छन् ।

### ५.५.३ चुनौती र अवसर

**चुनौती**

भरपर्दो र गुणस्तरीय विद्युत सेवा उपलव्ध गराउन, प्राविधिक र वित्तीय अभावले गर्दा फलाम र स्टिलका पोलहरु व्यवस्थापन गर्न, नवीकरणीय उर्जा उत्पादन संवन्धी नीति निमार्ण गरी कार्यन्वयन गर्न, स्थानिय स्तरमा ठूला जलविद्युत आयोजना संचालन गर्न यस क्षेत्रका प्रमुख चुनौतिहरु हुन ।

**अवसर**

यस गाउँपालिकामा मर्स्याङ्दी लगायत धेरै खोलाहरु भएकोले जलविद्युत उत्पादन भई उज्यालो गाँउपालिका कार्यक्रम कार्यन्वयन गर्न, जलविद्युत आयोजना संचलानका लागि सरकारी तथा निजि क्षेत्रको चासो रहनु, गाँउपालिका साझेदारीमा घर घरमा सौर्य बत्ती उपलब्ध गराई उज्यालो गाँउपालिका कार्यक्रममा सहयोग पुर्‍याउन, नविकरणीय उर्जा क्षेत्रमा सरकारी तथा गैर सरकारी क्षेत्रको चासो हुनु यस क्षेत्रका अवसरहरु हुन ।

### ५.५.४ दीर्घकालीन सोच, लक्ष्य र उद्धेश्य

**सोच**

जलविद्युत र नवीकरणीय उर्जा उत्पादन मार्फत दीगो आर्थिक विकास गर्न ।

**लक्ष्य**

जलविद्युत र नवीकरणीय उर्जा उत्पादन प्रयोग क्षमता र दक्षता अभिवृद्धि गरी आर्थिक विकासमा टेवा पुर्‍याउने ।

**उद्धेश्यहरु**

१. विद्युत सेवालाई दीगो र भरपर्दो बनाई उर्जा सुरक्षामा योगदान पुयाउनु ।
२. नवीकरणीय उर्जाको माध्यमबाट दाउराको खपतमा कम गरि वातावरण सुधार र नागरिकको स्वास्थमा सुधार ल्याउने ।

## ५.५.५ रणनीति तथा कार्यनीति

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| **उदद्धश्य १:** विद्युत सेवालाई दीगो र भरपर्दो बनाई उर्जा सुरक्षामा योगदान पुयाउनु । | |
| १.१ स्थानिय स्तरमा जलविद्युत उत्पादनमा जोड दिने तथा वितरण सेवालाइ व्यवस्थापन गर्ने । | १.१ संघीय र प्रदेश सरकारको समन्वयनमा भरपर्दो विद्युत पोलहरु र सव स्टेसनहरुको निर्माण गर्नु<br>१.२ साना तथा मझौला जलविद्युत आयोजनाको संभाव्यता अध्ययन गर्ने<br>१.३ विद्युत सेवा नपुगेका घरमा विद्युत सेवा जडान गर्ने<br>१.४विद्युत आयोजनामा स्थानीय जनताको लगानी सुनिश्चत गर्ने ।<br>१.५ स्थानिय स्तरमा जलविद्युत आयोजना संचालनका लागि संभाब्यता अध्ययन गरी नीजि क्षेत्रको लागानीलाइ आकर्षित गरिनेछ । |
| उद्धेश्य २: नवीकरणीय उर्जाको माध्यमबाट दाउराको खपतमा कम गरि वातावरण सुधार र नागरिकको स्वास्थमा सुधार ल्याउने । | |
| २.१ नवीकरणीय उर्जालाई विद्युतीकरण र उद्योगको प्रयोगमा गरी रोजगार सिर्जना गर्ने । | २.१.१ विद्युत सेवा नपुगेका स्थानमा सौर्य बत्ती जडान गर्ने ।<br>२.१.२ गाँउपालिका केन्द्र र यसका शाखाहरु, वडा केन्द्, विद्यालय,स्वास्थ्य चौकी र मुख्य मुख्य बजारकेन्द्र (Markett center) मा सौर्य वत्ती जडान गरिनेछ ।<br>२.१.३ नवीकरणीय उर्जाको प्रयोग मार्फत वातावरणमा सुधार ल्याउने ।<br>२.१.४ दाउराको खपतलाई कम गर्न र एलपि ग्याँसको आयतलाइ कम गर्नको लागि गोवर ग्याँस र सुधारिएको धुवाँ रहित चुल्होको प्रबर्द्धनमा जोड दिईनेछ । |

## ५.५.६ कार्यक्रमका प्राथमिकता

१. विद्युत सेवा नपुगेका स्थानमा विद्युतसेवा उपलब्ध गराउने ।
२. काठका विद्युत पोलहरुलाई विस्तापित गरी सिमेन्ट तथा स्टीलका पोलहरु प्रतिस्थापन गर्ने ।
३. आवश्यक्ता बमोजिम विद्युत सव स्टेसन निर्माण गर्ने ।
४.गाउँपालिका र यसका शाखा, वडा केन्द्र, विद्यालय, स्वास्थ्य चौकी र महत्वपूर्ण वस्तीहरुका सडकमा सौर्य वत्ती जडान गर्ने ।
५.गाउँपालिका भित्र संचालित साना तथा घरेलु उद्योगको लागि विद्युत सेवा आपूर्ती गराउने ।

### ५.५.७ कार्यक्रम, र बजेट (रु.हजारमा)

| क.सं | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाई | परिमाण | बजेट | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | |
| १ | कखग | संघीय र प्रदेश सरकारको समन्वयनमा भरपर्दो विद्युत पोलहरु र सव स्टेसनहरुको निर्माण | प्याकेज | ३ | १०००० | १०००० | १०००० | ३०००० |
| २ | कख | लघु जलविद्युत निर्माण, मर्मत सम्भार तथा स्तरोन्नती  कार्यक्रम | संख्या | ३ | ३००० | ३००० | ३००० | ९००० |
| ३ | क | विद्युत सेवा नपुगेका घरमा विद्युत सेवा जडान | प्याकेज | १ | १०००० | | | १०००० |
| ४ | कखग | स्थानिय स्तरमा जलविद्युत आयोजना संचालनका लागि संभाब्यता अध्ययन गरी नीजि क्षेत्रको लागानीलाइ आकर्षित गर्ने कार्यक्रम | पटक | १ | ५०० | | | ५०० |
| ५ | कखग | गाँउपालिका केन्द्र र वडा केन्द, विद्यालय, स्वास्थ्य चौकी र मुख्य मुख्य बजारकेन्द्र (Markett center) मा सौर्य वत्ती जडान | प्याकेज | २ | ५००० | | ५००० | १०००० |
| ६ | कग | गोवर ग्याँस र धुवाँ रहित सुधारिएको चुल्हो प्रबर्द्धन कार्यक्रम | प्याकेज | २ | ५००० | ५००० | ५००० | १५००० |
| ७ | कखग | सौर्य उर्जा प्रयोगको लागि प्रोत्साहन कार्यक्रम | संख्या | ४ | ५००० | ७५०० | ५००० | १०००० |
| ८ | क | सौर्य उर्जाको संभाव्यता अध्ययन | पटक | १ | ३००० | | | ५०० |
| ९ | क | गाँउपालिका भित्र संचालित साना तथा घरेलु उद्योगको लागि विद्युत सेवा आपूर्ती | प्याकेज | १ | २००० | २५०० | २५०० | ७००० |
| | | जम्मा | | | ४१००० | २५५०० | २८००० | ९४५०० |

## ५.५.८. नतिजा खाका

| नतिजाको स्तर | नतिजा | सूचक | इकाइ | आधार वर्ष२०७७/७८ | उपलब्धी | | | योजना अवधिको जम्मा लक्ष्य | पुष्ट्याइँको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | |
| प्रभाव | जलविद्युत र नवीकरणीय उर्जाको उत्पादन र उपभोग द्वारा सामाजिक तथा आर्थिक विकासमा टेवा पुगेको हुने । | गाउँपालिकाको कुल ग्राहस्थ उत्पादनमा विद्युत, ग्याँस र पानीको योगदान । | प्रतिशत | २ | ४ | ६ | १० | १० | गापा लेखा शाखा | गापा | | |
| असर १ | विद्युत सेवा रउर्जा सुरक्षा उत्थानसील र भरपर्दो बनाई दीगो अर्थतन्त्र निर्माणको आधार तयार भएको हुने । | निर्माण गरीएका जलविद्युत, उर्जा (वैकल्पिक उर्जा र नविकरणीय उर्जा) आयोजनाको क्षमता | प्याकेज | | २ | १ | | ३ | गापावा प्रतिवेदन | गापा | | |
| प्रतिफल १.१ | संघीय र प्रदेश सरकारसँगको समन्वयनमा भरपर्दो विद्युत पोलहरु र सव स्टेसनहरुको निर्माण | पुराना काठे पोलको ठाँउमा फलामे पोलको प्रतिस्थापन | संख्या | आवस्यक्ता बमोजिमगाँउपालिकाको सबै ठाँउमा | | | | | " | " | | |
| | | गाँउपालिका केन्द्र र वडा केन्द्, विद्यालय, स्वास्थ्य चौकी र मुख्य मुख्य बजारकेन्द्रमा सौर्य वत्ती जडान | प्याकेज | | १ | १ | | २ | " | " | | |
| | | सव स्टेसनहरुको निर्माण | संख्या | | १ | १ | | २ | " | " | | |
| | | ट्रान्सफार्मर जडान | संख्या | | ५ | ५ | २ | १२ | " | " | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल १.२ | विद्युत उत्पादन र वितरणको दीगो व्यवस्थापन भएको हुने | विद्युतमा पहुँच पुगेको घरपरिवार | प्रतिशत | ७० | ७५ | ८६ | ९७ | ९७ | " | " | | |
| | | प्रति व्यक्ति प्रति वर्ष विद्युत खपत | किलोवाट घण्टा | १३० | २०० | ३६० | ५५० | ५५० | " | " | | |
| असर २ | नवीकरणीय उर्जाको माध्यमबाट वातावरण सुधार र नागरिकको स्वास्थमा सुधार आएको  हुने । | वायु तथा सौर्य उर्जाको संभाव्यता अध्ययन | पटक | | १ | | | १ | " | " | | |
| | | लघु जलविद्युत निर्माण, मर्मत सम्भार तथा स्तरोन्नती | संख्या | १ | १ | १ | | ३ | " | " | | |
| प्रतिफल २.१ | गोवर ग्याँस र धुवाँ रहित सुधारिएको चुल्हो प्रबर्द्धन भएको हुने । | दाउराको खपतमा कम भएको घरपरीवार | प्रतिशत | १२ | २० | ३० | ४० | ४० | " | " | | |
| | | गोवर ग्याँस प्रयोग गर्ने घरपरीवार | प्रतिशत | ३ | १० | १५ | २५ | २५ | " | " | | |
| | | धुवाँ रहित सुधारिएको चुल्हो प्रयोग गर्ने घरपरीवार | प्रतिशत | १० | २० | ३५ | ४० | ४० | " | " | | |
| प्रतिफल २.२ | स्थानिय स्तरमा जलविद्युत आयोजना संचालनका लागि संभाब्यता अध्ययन भएको हुने । | स्थानिय स्तरमा जलविद्युत आयोजना संचालनका लागि संभाब्यता अध्ययन | पटक | | | १ | | १ | " | " | | |

# परिच्छेद ६ : वन, वातावरण र विपद् व्यवस्थापन

## ६.१ बन तथा भूसंरक्षण

### ६.१.१ पृष्ठभूमि

नासोँ गाउँपालिकाको कुल क्षेत्रफलको ४० प्रतिशत भन्दा बढि क्षेत्रफल वनले ओगटेको छ गाउँपालिकामा जनसंख्याको बासाइसराईले बनमाथिको चाप कम हुदै जानु तथा जग्गा बाझो हुनुले बनको क्षेत्रमा बृद्धि भएको पाइन्छ । यस गाउँपालिका बेशी देखि हिमाली क्षेत्र सम्म फैलिएको हुँदा जैविक विविधताले भरिपूर्ण रहेको छ । वनक्षेत्रमा मिाली सल्लो, खोटेसल्ला, लालीगुराँस, तेजपत्ता, आदि जस्ता वन पैदावार पाइन्छन् । जङ्गली जनावर तर्फ दुम्सी, बाँदर, मृग, स्याल, मलस्याप्रो, वन विरालो, लोखर्के आदि पाईन्छ । यहाँ प्रशस्त जडीबुटी पाईने हुनाले जडीबुटी संकलन, भण्डारण र प्रशोधन गरी निर्यात प्रबर्द्धनमार्फत स्थानीय जनताको आयआर्जन बढाउन सकिन्छ । विकास निर्माणका पूर्वाधारहरुको संचालन गर्दा बन क्षेत्रमा केही मात्रामा क्षेति पुगेको देखिन्छ । पूर्वाधार निर्माण सडक, भवन, तथा अन्य भौतिक पूर्वाधार निर्माणका कार्य गर्दा ब्यापक मात्रामा जमिनको क्षयिकरण भएको तथा नागरिकको स्वास्थमा प्रतिकुल असर परेको र बाढी, पहिरो बढ्न गई वातावरणमा नकरात्मक प्रभाव परेको छ ।

### ६.१.२ प्रमुख समस्या

प्राकृतिक सम्पदाको बढ्दो क्षयीकरण, आगलागीका कारण वन एवं वातावरणमा प्रतिकुल असर पर्नु, जनचेतनाको कमिले वन सम्पादाको उचित व्यवस्थापन हुन नसक्नु, वन्यजन्तुले कृषि उत्पादनलाई नोक्सानी गर्ने प्रबृत्ति बढ्दै जानु, पानी स्रोत सुक्दै जानु, कार्वन उत्सर्जनको प्रभाव बढ्दे जानु, पूर्वाधार विकास तथा ईन्धनको निर्भरताले वन विनाश बढ्दै जानु, जलाधारको उचित व्यवस्थापन नहुनु, जैविक विविधतामा कमी हुँदै जानु, प्लाष्टिक तथा सिसाजन्य वस्तुको उपयोग बढ्नु, कृषिमा प्रयोग हुने रसायन र विषादीको मापदण्डको अभाव हुनु, वातावरण सम्बन्धी काम गर्ने संघ संस्थामा समन्वय नहुनु, भेल, बाढि र पहिरोबाट क्षतिग्रस्त संरचनाहरू पूर्णतया पुनर्स्थापित भइनसक्नु, बाढी, पहिरो लगायत विपदका घटनाहरू बढ्दै जानु, आदि प्रमुख समस्या हुन् ।

### ६.१.३ चुनौती र अवसर

**चुनौती**

वनको अनधिकृत अतिक्रमण रोक्नु, विकास र वातावरण बीच सन्तुलन कायम गर्नु, जलाधार र जैविक विविधताको संरक्षण गर्नु, जलवायु अनुकुलन प्रविधिको विकास गर्नु, बन्यजन्तुको चोरी शिकारी नियन्त्रण गर्न, वनमा रहेको इन्धन निर्भरता घटाउनु, वन र वातावरणलाई आय आर्जन र रोजगारीमा आवद्ध गर्नु, बढ्दो प्लाष्टिकजन्य वस्तुको प्रयोग रोक्नु, फोहोरको उचित व्यवस्थापन गर्नु, वन तथा वातावरण सम्वन्धी काम गर्ने संघसस्थाहरूमा समन्वय कायम गर्नु, जलवायु परिवर्तनको असर वढ्दै जानु, विपदबाट क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माण सम्पन्न गरी पुन:स्थापन गर्नु, इन्धनको स्रोतको रूपमा प्रयोग हुंदै आएको दाउरालाई प्रतिस्थापन गर्नु, भौगोलिक जटिलता, बन्य जन्तुको व्यवस्थापन आदि यस क्षेत्रका प्रमूख चुनौती हुन् ।

**अवसरहरु**

गाउँपालिकाको धेरैजसो भूभाग वन, घाँसे मैदान तथा हरियालीले ढाकेको हुनु, बन व्यबस्थापनमा समुदायको चासो रहनु, वन तथा वातावरण संरक्षण गाउँपालिकाको प्राथमिकतामा पर्नु, बनस्पति तथा जीवको जैविक विवधता हुनु, वन तथा वातावरण र विपद व्यवस्थापन सम्बन्धी कार्य दिगो विकासको लक्ष्यमा समाविष्ट हुनु, वातावरण सम्वन्धी संघ संस्थाहरूको साझेदारी रहनु, सामुदायिक, कवुलियती, निजी तथा धार्मिक वनहरूको विकास समुदायको संलग्ता बढ्दै जानु, जैविक विविधताका कारण प्राकृतिक पर्यटनको उच्च सम्भावना रहनु, काठ तथा जडिबुटीजन्य बहुमूल्य वन पैदावारको उपयोग र निकासीबाट आय आर्जनको सम्भावना हुन आदि अवसरका रूपमा रहेका छन्।

### ६.१.४ दीर्घकालिन सोच, लक्ष्य र उद्धेश्य

**सोच**

बन क्षेत्रको दीगो र बैज्ञानिक ब्यबस्थापन, जैविक विविधताको संरक्षण हुने

**लक्ष्य**

बन क्षेत्रको बैज्ञानिक ब्यबस्थपन भई गाउँबासीको आर्थिक उपार्जनमा टेवा दिएको हुनेछ ।

**उद्धेश्य**

१. बनको बैज्ञानिक ब्यबस्थापन, भू तथा जलाधार, जैविक विविधताको संरक्षण र उपयोग गरि नागरिकको आम्दानीमा टेवा पुर्‍याउने ।

२. गाउँपालिकामा फोहोर मैलाको ब्यबस्थापन गरि वातावरणको संरक्षण गर्ने ।

### ६.१.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्धेश्य १: बनको बैज्ञानिक ब्यबस्थापन, भू तथा जलाधार, जैविक विविधताको संरक्षण र उपयोग गरि नागरिकको आम्दानीमा टेवा पुर्‍याउने । | |
| १.१ वन लगायत प्राकृतिक स्रोतको विकास र वैज्ञानिक ब्यबस्थापन र उपयोग गर्ने । | १.१.१ वन क्षेत्रकोसंरक्षण गर्दै खाली जमिनमा वृक्षारोपण गरीनेछ ।<br>१.१.२ जल, जमिन, जलाधार, जैविक विविधता जडिवुटीको संरक्षण र विकास गरिनेछ ।<br>१.१.३ जडिवुटी खेतीलाई प्रोत्साहन गर्दै आय र रोजगारीसँग आवद्ध गरिनेछ ।<br>१.१.४ इन्धनको लागि वन जंगलमा भएको निर्भरता हटाउन बैंकल्पिक इन्धनको विकास गरी वनक्षेत्रको ह्रासलाई न्यूनीकरण गरिनेछ ।<br>१.१.५ वातावरणलाई सहयोगी जंगली जनावर, पशुपंक्षी, किरा, पुतली तथा जलचर आदिको पहिचान र संरक्षण गरिनेछ । |
| १.२ प्राकृतिक स्रोतको उपयोगलाई आय र रोजगारीसँग आवद्ध गर्ने । | १.२.१ सामुदायिक वन व्यवस्थापनमा, महिला तथा स्थानीय समुदायको सहभागिता वृद्धि गरी आय आर्जनसँग आवद्ध गराइनेछ ।<br>१.२.२ बनमा जडिबुटी कुरिलो, टुसा, निउरो जस्ता उच्चआय खेती प्रवर्द्धन गरी आय तथा रोजगारका अवसर बिस्तार गरिनेछ ।<br>१.२.३ निजी जग्गामा फलफूल, डालेघाँस लगायत काष्ठ तथा गैर काष्ठजन्य आयमूलक रुख विरुवाहरू लगाउन प्रोत्साहन गरिनेछ ।<br>१.२.४ स्थानीयस्तरमा काष्ठजन्य उद्योगलाई प्रोत्साहन गरिनेछ ।<br>१.२.५ वनजन्य उत्पादनलाई सहकारी मार्फत वजारीकरण गर्न प्रोत्साहित |

| | |
|---|---|
| | गरिनेछ ।<br>१.२.६ वन र वातावरण सम्बन्धमा काम गर्नेसंघ संस्था बीच प्रभावकारी समन्वय र सहकार्य गरिनेछ ।<br>१.२.७ वन, वातावरण र जैविक विविधतालाई पर्यटनसंग आवद्ध गरी स्थानीय आय र रोजगारीमा वृद्धि गरिनेछ । |
| उद्धेश्य २: गाउँपालिकामा फोहोर मैलाको व्यबस्थापन गरि वातावरणको संरक्षण गर्ने । | |
| २.१ विकास र वातावरण बीच सन्तुलन कायम गर्ने । | २.१.१. ठूला आयोजना निर्माणमा वातावरणीय प्रभाव अध्ययनलाई योजना कार्यान्वयनको पूर्वशर्त बनाइनेछ ।<br>२.१.२. हरेक पूर्वाधार सम्वन्धी नीति निर्माण गर्दा वातावरणीय पक्षलाई विशेष ध्यान दिइनेछ ।<br>२.१.३. विकास संरचना निर्माण गर्दा हुने वन तथा जलाधारको कमी क्षतिहुने व्यवस्थाका साथै क्षतिलाई अनिवार्य परिपूरण गर्ने व्यवस्था गरिनेछ ।<br>२.१.४. जलवायु परिवर्तन सम्बन्धी जनचेतनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.१.५. जलवायु परिवर्तनको प्रभावलाई न्युन गर्न अनुकुलनका कार्यक्रम संचालन गरिनेछ<br>२.१.६. स्थानीय जलवायु अनुकुलन कार्य योजनाका सूचकहरूलाई प्रभावकारी रुपमा लागु गरिनेछन् ।<br>२.१.७. नासौं गाउँपालिकालाई वातावरण मैत्री गाउँपालिकाको रूपमा विकास गरिनेछ । |
| २.२ फोहोरमैलाको उचित व्यवस्थापन गर्ने । | २.२.१ गाउँपालिकाका घना बस्ती भएका स्थानमा विभिन्न संघ संस्था एवं अन्तर सरकार समन्वय गरी लागत सहभागितामा पायक पर्ने ठाउँमा फोहोर व्यवस्थापन गरिनेछ<br>२.२.२. घरबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने फोहोर छुट्याउन कन्टेनरको व्यवस्था गरिनेछ ।<br>२.२.३. गाउँपालिकाका मुख्य बस्ति तथा चोकमा फोहोर फाल्ने भाडो तथा फोहोर फाल्ने खाल्डोको व्यबस्था गरिनेछ ।<br>२.२.४. शौचलाय नभएका घरमा अनिवार्य शौचालय बनाउन लगाउने तथा गाउँपालिकाका मुख्य बस्ति क्षेत्रमा सार्वजानिक शौचालय निर्माण गरिनेछ ।<br>२.२.५. प्लाष्टिकमुक्त गाउँपालिका घोषणा गरिनेछ । |

### ६.१.६ कार्यकमका प्राथमिकता

१. नर्सरी स्थापना तथा वृक्षरोपण साथै वन डढेलो रोकथाम तथा नियन्त्रण कार्यक्रम ।
२. वन्यजन्तु तथा जैविक विविधता संरक्षण र नियन्त्रण ।
३. वन उपभोक्ता समितिहरू गठन, क्षमता विकास र बैज्ञानिक बन व्यबस्थापन कार्यकम ।
४. व्यवसायिक जडिबुटी खेती विकास ।
५. जलवायु परिवर्तन तथा अनुकुलन कार्यक्रम ।
६. हरित उद्यम सन्चालन ।

### ६.१.७ कार्यक्रम र बजेट (रु.हजारमा)

| क्र.सं | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाई | परिमाण | बजेट | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | |
| १ | क | नर्सरी स्थापना तथा वृक्षरोपण | संख्या | ३ | ३००० | ३००० | ३००० | ९००० |
| २ | क | वन डढेलो रोकथाम तथा नियन्त्रण कार्यक्रम | प्याकेज | ३ | ३०० | ३०० | ३०० | ९०० |
| ३ | क | वन्यजन्तु तथा जैविक विविधता संरक्षण र नियन्त्रण | प्याकेज | ३ | ५०० | ५०० | ५०० | १५०० |
| ४ | कखग | बैज्ञानिक बन ब्यबस्थापन कार्यक्रम | प्याकेज | २ | ३००० | ३००० | ३००० | ९००० |
| ५ | क | वन उपभोक्त समितिहरू गठन र क्षमता विकास | प्याकेज | २ | १५०० | १५०० | १५०० | ४५०० |
| ६ | क | व्यवसायिक जडिबुटी खेती विकास | प्याकेज | २ | ५००० | ५००० | ५००० | १५००० |
| ७ | कख | जलवायु परिवर्तन तथा अनुकुलन कार्यक्रम | प्याकेज | १ | ५०० | ५०० | ५०० | १५०० |
| ८ | क | चोरी शिकारी नियन्त्रण तथा जनचेतना | प्याकेज | १ | ७०० | ७०० | ७०० | २१०० |
| | | जम्मा | | | १४५०० | १४५०० | १४५०० | ४३५०० |

## ६.१.८ नतिजा खाका

| नतिजाको स्तर | नतिजा | सूचक | इकाइ | आधार वर्ष२०७७/७८ | उपलब्धी २०७८/७९ | उपलब्धी २०७९/८० | उपलब्धी २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | बन तथा जैविक विविधताको संरक्षण र बैज्ञानि ब्यबस्थापन मार्फत वातावरणीय सन्तुलन कायम भई बन तथा जलाधारिय श्रोतहरुको उत्पादकत्वमा बृद्धि भएको हुनेछ । | संकटासन्न अवस्थामा रहेका बनस्पतीका प्रजाती | सख्या | | | | | | गाउँ वस्तुगत विवरण — सर्वेक्षण प्रतिवेदन — प्रगति/ अनुगमन प्रतिवेदन | अनुगमन तथा सुपरिवेक्षण समिति —वातावरण शाखा — सम्वन्धित वन ईकाई | | |
| | | संकटापन्न अवस्थामा रहेका प्राणीका प्रजाती | संख्या | | १० | १० | १० | ५ | | | | |
| | | गाउँपालिकाको कुल गाह्रस्त उत्पादनमा बन क्षेत्रको योगदान | प्रतिशत | | १ | १.५ | २.५ | २ | | | | |
| असर १ | बन संरक्षणमुखी व्यबस्थापनबाट उत्पादन मुखी व्यबस्थापनमा रुपान्तरण भएको हुनेछ । | समुदायबाट ब्बस्थापन भएको बन क्षेत्र | प्रतिशत | | २२ | २३ | २४ | ३ | गाउँ वस्तुगत विवरण — सर्वेक्षण प्रतिवेदन — प्रगति/ अनुगमन प्रतिवेदन | अनुगमन तथा सुपरिवेक्षण समिति —वातावरण शाखा — सम्वन्धित वन | | |
| प्रतिफल १.१ | | समुदायको नेतृत्वमा परिचालीत चोरी निकासी नियन्त्रण इकाई | संख्या | ० | ० | १ | १ | २ | | | | |
| | | संरक्षित तथा व्यवस्थित चरन क्षेत्र | हे. | | ६० | ८० | १०० | ५० | | | | |
| | | बार्षिक उत्पादित काठ | क्यूफिट | | | ६५० | ७०० | १५० | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दाउरा | | | | | | | | ईकाई | | |
| प्रतिफल १.२ | वन श्रोतको संरक्षण तथा वैज्ञानिक व्यवस्थापन र संचितीमा वृद्धि भएको हुने छ। | संरक्षित तथा व्यवस्थित वन क्षेत्र | हे. | ० | २० | | ३० | ३० | उपबाम गप्र प्रतिवेदन तथा गाउँ वस्तुगत विवरण | उपबाम गप्र गापावा शा | | |
| | | निजी वन क्षेत्र | हे. | २० | ५० | ७५ | १०० | ८० | | | | |
| | | वृक्षारोपण क्षेत्रवृक्षारोपण क्षेत्र | हे. | २ | ३ | ५ | ६ | ४ | | | | |
| | | गैरकाष्ठ वन पैदावारको व्यवसायिक खेती गरिएको क्षेत्रफल | हे | ० | ०.५ | १ | २ | २ | | | | |
| | | सामुदायिक बन संख्या | संख्या | ५१ | ५३ | ५५ | ५८ | ७ | | | | |
| असर २ | विशेष संरक्षण क्षेत्र छुट्याई महत्वपूर्ण पारिस्थिकीय प्रणलीको संरक्षण भएको हुनेछ। | राष्टिय बन ब्यबस्थापनबाट काठ निस्कासन | क्यु फि. | १५०० | २००० | २५०० | ३५०० | २००० | उपबाम गप्र प्रतिवेदन तथा गाउँ वस्तुगत विवरण | उपबाम गप्र गापावा शा | | |
| | | चोरी निकासी नियन्त्रण इकाई | संख्या | १ | २ | ३ | ३ | २ | | | | |
| | | बन्यजन्तु सरक्षण उद्यान | संख्या | ० | | | १ | १ | | | | |
| | | मानव तथा बन्यजन्तु द्धन्द ब्यबस्थापन | प्याकेज | ० | २ | २ | २ | ६ | | | | |
| प्रतिफल २.१ | बन तथा बन्यजन्तु संरक्षण र ब्यबस्थापनमा नागरिकको क्षमता विकास भएको हुनेछ। | बन ब्यबस्थापन तालिम संचालन | पटक | | २ | २ | २ | ६ | उपबाम गप्र प्रतिवेदन तथा गाउँ वस्तुगत विवरण | उपबाम गप्र गापावा शा | | |
| | | बन ब्यबस्थापन कार्ययोजना भएका सामुदायिक बन उपभोक्ता समुह | संख्या | | २५ | ४१ | ५८ | ४८ | | | | |
| | | बन अतिक्रमण नियन्त्रण | कि.मि | | ३ | ५ | १२ | ११ | | | | |
| प्रतिफल २.२ | काठ जन्य तथा गैरकाठ जन्य बस्तुको उत्पादन, | बनमा आधारित उद्योग संख्या | संख्या | | १२ | | १६ | ५ | उपबाम गप्र | उपबाम गप्र | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बजारीकरण भएको हुने छ । | जडिबुटी नर्सरी स्थापना र संचालन | संख्या | | – | १ | २ | २ | प्रतिवेदन तथा गाउँ वस्तुगत विवरण | गापावाशा | | |
| | | जडिबुटी उत्पादन तथा निकासी | क्युन्टल | | २ | २.५ | ३.५ | ३.३. | | | | |
| असर ३ | जलाधार क्षेत्रको संरक्षण मार्फत माटो र पानीको संरक्षण भएको हुने । | | | | | | | | उपबाम गप्र प्रतिवेदन तथा गाउँ वस्तुगत विवरण | उपबाम गप्र गापावाशा | | |
| | | भूक्षयको दर | | | | | | | | | | |
| प्रतिफल ३.१ | जलाधार क्षेत्रको जल, जंगल र सिमसार क्षेत्रको संरक्षण भएको हुने । | संबेदनशिल जलाधार क्षेत्रको संरक्षण | संख्या | ० | १ | ३ | ५ | ५ | उपबाम गप्र प्रतिवेदन तथा गाउँ वस्तुगत विवरण | उपबाम गप्र गापावाशा | | |
| | | भू ब्यबस्थापन तालिम संचालन | पटक | ० | २ | २ | २ | ६ | | | | |
| | | संरक्षित सिमसार क्षेत्र | संख्या | ० | १ | ५ | १० | १० | | | | |
| | | जलाधार ब्यबस्थाजन योजना | संख्या | ० | २ | ३ | ५ | ५ | | | | |
| प्रतिफल ३.२ | गल्छी पहिरो तथा खोला किनाराको संरक्षण भएको हुने | प्रकोप नक्सांकन | संख्या | ० | | | १ | १ | उपबाम गप्र प्रतिवेदन तथा गाउँ वस्तुगत विवरण | उपबाम गप्र गापावाशा | | |
| | | पहिरो रोकथाम तथा खोला किनारा संरक्षण | संख्या | २ | ४ | ५ | ९ | ७ | | | | |
| | | भू संरक्षण प्रणाली प्रदर्शनी | संख्या | ० | १ | १ | १ | ३ | | | | |
| असर ४ | जलवायु परिवर्तनका नकरात्मक प्रभावकको न्यूनिकरण, अनुकुलन तथा नागरिकको समानुकुलन क्षमताको | जलवायुको परिवर्तन असरबाट समायोजन हुन समानुकुल क्षमतामा बृद्धि जनसंख्या | प्रतिशत | १ | ५ | ७ | १७ | १६ | उपबाम गप्र प्रतिवेदन तथा गाउँ | उपबाम गप्र गापावाशा | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विकास भएको हुनेछ। | | | | | | | | वस्तुगत विवरण | | | |
| प्रतिफल ४.१ | गाउँको सुन्दरता तथा पर्यावरणीय स्वच्छता र जलवायु परिवर्तन अनुकुलतामा अभिबृद्धि भएको हुने छ। | व्यवस्थित मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र | संख्या | ० | २ | ५ | ८ | ८ | उपबाम गप्र प्रतिवेदन तथा गाउँ वस्तुगत विवरण | उपबाम गप्र गापावा शा | | |
| | | जलवायु परिवर्तन न्यूनिकरण तालिम | संख्या | | १ | १ | १ | ३ | | | | |
| | | नियमित सरसफाइको अभ्यास गर्ने घरधुरी | संख्या | | ३०० | ७०० | २५०० | २२५० | | | | |
| | | घरभित्रको धुवाँमुक्त घरधुरी | प्रतिशत | | २० | ३० | ५० | ४५ | | | | |

## ६.२ विपद् ब्यवस्थापन

### ६.२.१ पृष्टभूमि

हिमाली भूभागमा अवस्थित नासोँ गाउँपालिकाले २०७८ सालको बाढि पहिरोको कारण धेरै क्षति व्यहोर्नु परेको छ । अझै पनि विभिन्न प्राकृतिक प्रकोपको उच्च जोखिममा रहेको छ । प्रत्येक वर्ष यस गाउँपालिकाले ठूलो जनधनको क्षति व्यहोर्नु परेको छ । विश्वमा बाढी र पहिरोबाट ३० औं जोखिमयुक्त देशको रूपमा नेपाल रहेको छ । नेपालको संविधानले प्राकृतिक तथा गैरप्राकृतिक विपद्पूर्व तयारी उद्धार तथा राहत र पुनर्लाभ कार्यलाई संघ र प्रदेशको साझा अधिकारको सूचीमा सूचीकृत गरेको छ । विपद् व्यवस्थापनलाई तीनै तहको अधिकारको साझा सूचीमा समेत राखेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विपद् व्यवस्थापन सम्बन्धी स्थानीय स्तरमा योजना एवं कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्ने जिम्मेवारी स्थानिय तहलाई प्रदान गरेको छ । यसपालिकामा विपद्जन्य घटनाहरूमा बाढी, पहिरो, आगलागी, खडेरी, भूकम्प,सडक दुर्घटना, स्वास्थ्यजन्य महामारी र चट्याङ्ग प्रमुख रहेकाछन् । यस गाउँपालिकामा स्थानीय स्तरमा गठित विपद् व्यवस्थापन समिति, तत्काल सहायतार्थ १ वटा प्रहरी चौकि छ । गाउँपालिका स्थित नदि, खोला तथा खहरेमा आउने बर्षयामको बाढीले मानव बस्ती तथा भौतिक संरचना र खेति योग्य जमिन जोखिममा रहेको छ ।

### ६.२.२ प्रमुख समस्या

भिरालो भू-बनौट, विपद उत्थानशील पूर्वाधार विकास नहुनु, अवैज्ञानिक कृषि प्रणाली, कृषिमा रसायन र विषादीको प्रयोग, जोखिम क्षेत्रको पहिचान नहुनु, सिमान्त भूमि तथा नदी किनाराहरूमा बस्ती बस्नु तथा खेती गरिनु, प्राकृतिक स्रोतको अवैज्ञानिक प्रयोग हुनु, जनचेतनाको कमी हुनु, स्वास्थ्य र सरसफाई सम्बन्धी जागरुकताको कमी हुनु, विपद् पूर्व तयारीको कमी, बाढिबाट क्षतिग्रस्त संरचनाहरू पूर्णतया पुनर्स्थापित भैनसक्नु, विपदका क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरू बीच समन्वयको अभाव आदि यस क्षेत्रका प्रमुख समस्या हुन् ।

### ६.२.३ चुनौती र अवसर

**चुनौती**

पूर्वाधार निर्माणको कार्यलाई व्यवस्थित गर्न, दिगो र उत्थानशील बनाउनु पूर्वाधरको विकास गर्न, विकास र वातावरण वीच सन्तुलन कायम गर्न, जलाधार तथा नदीनालाको संरक्षण तथा तटबन्ध निर्माण गर्न, पुर्ननिर्माणको कार्य समयमा नै सम्पन्न गर्न, विपद् व्यवस्थापन सम्बन्धी संघ संस्थाहरू बीच प्रभावकारी समन्वय कायम गर्नु, जोखिमयुक्त बस्तीको स्थानान्तरण गर्नु, व्यवस्थित विपद् पूर्व तयारी गर्नु, विकास सम्बन्धी सोच र धारणामा परिवर्तन गरी विपद् संवेदनशील बनाउनु आदि यसक्षेत्रका प्रमुख चुनौती हुन् ।

**अवसर**

विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ कार्यान्वयनमा आउनु, २०७८ सालको भेल बाढिको कारणले विपद सम्बन्धमा नागरिकको चेतना अभिवृद्धि हुनु, वन तथा हरियाली क्षेत्रको विस्तार गर्ने क्षेत्र प्रशस्त हुनु आदि यस क्षेत्रमा देखिएका अवसरहरू हुन् ।

**दीघकालीन सोच, लक्ष्य र उद्धेश्य**

**सोचः**

जल उत्पन्न प्रकोपको न्यूनिकरण भई मार्फत विपद उत्थानशील विकास हुने

**लक्षः**

दीगो र वातावरणमैत्री विकासद्धारा जलवायू परिवर्तन र विपद व्यवस्थापन र न्यूनीकरण गर्ने ।

**उद्धेश्य**

१. विपदजन्य घटनाको न्यूनिकरण गर्दै विपद व्यवस्थापन गर्ने ।

२. जोखिम न्यूनीकरण र पूर्नस्थापनाका लागि भरपर्दो सूचना प्रणाली र संयन्त्रको निर्माण गरी कार्यान्वयन गर्ने ।

## ६.२.५ रणनीति तथा कार्यनिती

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| उद्धेश्य १: विपद्जन्य घटनाको न्यूनिकरण गर्दै विपद व्यवस्थापन गर्ने । | |
| १.१ विपद व्यवस्थापन पूर्व तयारी प्रभावकारी बनाउने । | १.१.१ स्थानीय विपद व्यवस्थापन समितिलाई क्रियाशील गराइनेछ ।<br>१.१.२ विपद उद्धार कार्यमा स्थानीय रेडक्रस, समुदायमा आधारित विपद् व्यवस्थापन समिति, युवा स्वयंसेवी, सरोकारवाला संघसंस्था तथा गैसस एवं सुरक्षा निकायलाई अभिमुखीकरण गरी तयारी अवस्थामा राखिनेछ ।<br>१.१.३ स्थानीय स्वास्थ्य संस्थाहरूलाई विपद्तयारी सम्बन्धी पूर्वाधार व्यवस्था र तत्काल परिचालन गर्न सकिने अवस्थामा राखिनेछ ।<br>१.१.४ एम्बुलेन्स सेवा संचालन तथा प्रभावकारी बनाइनेछ ।<br>१.१.५ विपद्पूर्व सूचना प्रणाली व्यवस्थित गरी प्रत्येक घर परिवार वा बस्तीमा मोबाइल बाट विपद् सम्भावना सम्वन्धी पूर्व सूचना प्रवाह गरिनेछ । |
| १.२ विपदबाट भएको क्षतिको पुनर्निर्माण एवं पुनःस्थापना गर्ने । | १.२.१ विपदजोखिम नक्सांकन गरिनेछ ।<br>१.२.२ पानीको मुहान, जलाधार क्षेत्र आदिको संरक्षणका लागि समुदायमा आधारित विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.२.३ २०७२ सालमा गएको भूकम्पबाट भएको क्षतिको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसँग समन्वय गरी पुनर्निर्माण र पुनर्स्थापना सम्पन्न गरिनेछ ।<br>१.२.४ वर्षेनी हुने बाढी, पहिरो जस्ता विपद्बाट भएको क्षतिलाई प्राथमिकताका साथ पुनर्निर्माण र पुनर्स्थापना गरिनेछ । |
| उद्धेश्य २: जोखिम न्यूनीकरण र पूर्नस्थापनाका लागि भरपर्दो सुचना प्रणाली र संयन्त्रको निर्माण गरी कार्यान्वयन गर्ने । | |
| २.१दीगोविपद व्यवस्थापन प्रणालीको अवलम्बन गर्ने | २.१.१ समुदायमा आधारित विपद्व्यवस्थापन समितिहरू गठन गरी तिनको क्षमता विकास गरिनेछ ।<br>२.१.२ विपद व्यवस्थापनका क्षेत्रमा कार्यरत रेडक्रस, संघ संस्थाहरू र स्थानीय क्लवहरूलाई समन्वय गरी परिचालन गरिनेछ ।<br>२.१.३ गाउँपालिकामा विपद व्यवस्थापनको वेग्लैकोषमा आवश्यक रकम विनियोजन गर्दैलगिने छ ।<br>२.१.४गाउँपालिकामा सरोकारवाला समेतको सहभागिता रहने गरी विपद |

| | |
|---|---|
| | व्यवास्थापन केन्द्रको स्थापना गरी एकिकृत सेवा प्रवाह गरिनेछ । यस्तो केन्द्रमा आवश्यक न्यूनतम विपद उद्धार सामाग्रीहरू भण्डारण गरिनेछ ।<br>२.१.५ विपद व्यवस्थापनमा संलग्न हुने संघ संस्था समुदाय र व्यक्तिहरूकोक्षमता विकास गरिनेछ ।<br>२.१.६ विकास निर्माण कार्यहरूमा जोखिम न्यूनीकरणका उपायहरू सहित विपद उत्थानशील विकास प्रक्रियाको अवलम्बन गरिनेछ ।<br>२.१.७ विद्यालय तहमा विपद जोखिम सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.१.८ सडक दुर्घटना जोखिम स्थलहरूमा सचेतना संकेतहरू राखिनेछ । |

**६.२.६ कार्यक्रमका प्राथमिकता**

१. नीति, कानून तर्जुमा तथा कार्यान्वयन ।
२. विपद जोखिम नक्सांकन र विपद्पूर्व तयारी तथा प्रतिकार्य योजना तयार।
३. समुदायमा आधारित विपद् व्यवस्थापन समितिहरू गठन र जनचेतना अभिवृद्धि अभियान ।
४. विपद व्यवस्थापन केन्द्रको स्थापना ।
५. सरोकारवालाहरूको क्षमता विकास साथै विपद उत्थानशील संरचना निर्माण ।
६. उद्धार राहत सम्बन्धी सामग्री तथा उपकरण आपूर्ति ।

### ६.२.७ कार्यक्रम र बजेट (रु.हजारमा)

| क्र.सं | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाई | परिमाण | बजेट | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | |
| १ | क | विपद जोखिम नक्सांकन | संख्या | १ | ८०० | - | - | ८०० |
| २ | क | विपद व्यवस्थापन केन्द्रको स्थापना | संख्या | ८ | ४००० | ४००० | ४००० | १२००० |
| ३ | कखग | उद्धार राहत सम्बन्धी सामग्री तथा उपकरण आपूति | प्याकेज | २ | १००० | | १००० | २००० |
| ४ | क | जनचेतना अभिवृद्धि अभियान संचालन | प्याकेज | ३ | २०० | २०० | २०० | ६०० |
| ५ | कख | एकीकृत वस्तीको संभाव्यता अध्ययन | प्याकेज | १ | २०० | - | - | २०० |
| ६ | क | गरी जोखिमयुक्त र छरिएर रहेका वस्तीहरु स्थानान्तरण गर्ने योजना निर्माण | संख्या | १ | ५०० | - | - | ५०० |
| ७ | कखग | विपद व्यवस्थापनमा महिला तथा बहिष्करणमा परेका समुदायको क्षमता अभिवृद्धि | प्याकेज | १ | २०० | - | - | २०० |
| जम्मा | | | | | ६९०० | ४२०० | ५२०० | १६३०० |

## ६.२.८ नतिजा खाका

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार बर्ष२०७७/ | उपलब्धी | | | योजना अवधिको जम्मा लक्ष्य | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | |
| प्रभाव | प्राकृतिक तथा मानव सृजित विपद् एवम जोखिम न्यूनिकरण गर्दै विपद उत्थानशिल समाज र अर्थतन्त्रको निर्माण भएको हुने । | विपद्का घटनाबाट मृत्यु हुनेको संख्या | संख्या | | | | | | गापा प्रतिवेदन | गापा | | |
| असर १ | विपद्का संभाब्य जोखिमको लेखाजोखा, अनुगमन र पूर्व तयारी प्रणालीको विकास पश्चात विपद् जोखिम न्यूनिकरण भएको हुने । | विपदका संभाब्य जोखिम स्थानको पहिचान र लेखाजोखा | संख्या | ० | १ | | | १ | गापा प्रतिवेदन | गापा | | |
| | | विपद् पूर्व तयारी तथा प्रतिकार्य तालिम | संख्या | ० | २ | २ | २ | ६ | गापा प्रतिवेदन | गापा | | |
| प्रतिफल १.१ | विपद् पूर्वनुमान तथा पूर्वाचेतावनी प्रणालीको विकास तथा संचालन भएको हुने तथा वडा स्तरमा विपद प्रतिकार्य समितिको गठन भएको हुने । | गाउँपालिकाका अध्यक्षको अध्यक्षमा विपद् ब्यबस्थापन समिति गठन | संख्या | १ | | | १ | १ | | | | |
| | | वडा स्तरमा विपद् प्रतिकार्य समिति गठन | संख्या | ० | | | ८ | ८ | | | | |
| | | विपद् जोखिम ब्यबस्थापन योजना निर्माण र | संख्या | ० | | | १ | १ | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कार्यान्वयन | | | | | | | | | | |
| | | सार्वजनिक खुल्ला क्षेत्रको पहिचान, नक्शाकंन तथा अभिलेख, संरक्षण, उपयोग कार्यक्रम | संख्या | | | | १ | १ | | | | |
| प्रतिफल १.२ | विपद् जोखिम व्यबस्थापनलाई स्थानिय स्तरको योजना तर्जुमामा आन्तकीकरण गर्ने व्यबस्था भएको हुने । | विपद् जोखिम व्यबस्थापन योजना निर्माण, कार्यान्वयन तथा व्यबस्थापन | संख्या | ० | | | १ | | गापा प्रतिवेदन | गापा थगा प्रभौयोम | | |
| | | नदि, खोला तथा पहिरो गएको स्थानको संरक्षण | | | | | | | | | | |
| | | विपद् उत्थानशील योजना | प्रतिशत | | २५ | ५० | ७५ | ७० | | | | |
| | | जोखिमयुक्त स्थान तथा बस्तीहरुको पहिचान र सुरक्षित स्थानमा स्थानानतरण | संख्या | | | | | | | | | |
| असर १.३ | विपद् जोखिम न्यूनिकरणका लागि पूर्वतायारी र स्थानिय जनाताको क्षमता अभिबसद्धि भएको हुने । | बाढि पहिरोको प्रकोपबाट सुरक्षित वस्ती, सामुदायिक संरचना, भवन निर्माण भवन तथा संरचनाको मापदण्ड सम्बन्धी सचेतना | संख्या | ० | | | १ | १ | | | | |
| | | विपद् जोखिम न्यूनिकरण जनचेतना कार्यक्रम संचालन | संख्या | ० | १ | १ | १ | ३ | | | | |
| | | आपतकालीन आश्रय स्थलको निर्माण | संख्या | ० | १ | २ | ३ | ३ | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आपतकालिन स्थापनाका लागि उद्धार सामाग्री तथा अन्य आवश्यक सामाग्रीको व्यबस्था, भएको वडा | संख्या | ० | ४ | ६ | ८ | ८ | | | | | |
| असर २ | विपद पश्चातको पुर्नलाभ, पुस्थापना, पुर्नािर्माण र नवनिर्माणको कार्य सवल र उत्थानशिल भएको हुने । | उत्थानशिल कुल जनसंख्या | प्रतिशत | | ९० | ९५ | ९८ | १८ | | | | | |
| प्रतिफल २.१ | प्रारम्भिक विपद् लेखाजोखा भई पिडितका लाथि राहात सामाग्र बितरण भएको हुने । | विपदको तथ्यांक अध्यावधि तथा लेखाजोखा | पटक | १ | | | १ | १ | | | | | |
| | | विपदका वेला राहात वितरण गर्ने वडा संख्या | आवश्यकताको आधारमा | ८ | | | ८ | | | | | | |
| | | विपद व्यवस्थापन कोष स्थापना कार्यक्रम वार्डस्तर | संख्या | ० | ८ | ८ | ८ | ८ | | | | | |
| | | जोखिमयुक्त वस्ती पहिचान, सामुदायिक संरचनाको जोखिम स्थीति विश्लेषण | | | | | | | | | | | |
| प्रतिफल २.२ | विपद् पश्चात क्षति तथा आवश्यकताको लेखाजोखा भएको हुने | विपद् पश्चात क्षति तथा आवश्यकताको लेखाजोखा भएको वडा संख्या | संख्या | ९ | ९ | ९ | ९ | ९ | | | | | |
| प्रतिफल २.३ | समुदायको प्रकोप पश्चात सामाना गर्न सक्ने र पूर्ब अवस्थामा | वडास्तरमा स्वयमसेवकलाई विपद व्यावस्थापन, | संख्या | १०० | २०० | १०० | २०० | २०० | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | फर्कन सक्ने क्षमताको विकास भएको हुने । | विपद नूनिकरण सीप, क्षमता विकास तालिम कार्यक्रम | | | | | | | | | | |
| | | विपद व्यवस्थापन सरोकारवाला निकायहरुसँग समन्वय तथा परामर्श कार्यक्रम | संख्या | २ | २ | २ | २ | ६ | | | | |
| | | विद्यालय स्तरमा विपद् व्यवस्थापन सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | ० | २ | २ | २ | ६ | | | | |
| | | विपद् पिडितका लागि आयआर्जन कार्यक्रम | निरन्तर | | | | | | | | | |

# परिच्छेद ७ : संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन

## ७.१ संस्थागत विकास तथा सेवा प्रवाह

### ७.१.१ पृष्ठभूमि

जनताको निकटतम् तहका सरकारको रूपमा रहेका स्थानीय तहमा सुलभ सेवा प्रवाह भई सुशासन स्थापना भएमा मात्र नागरिकले परिवर्तन र लोकतन्त्रको अनुभूति गर्ने अवसर प्राप्त गर्न सक्दछन् । यसका निमित्त स्थानीय तहहरू सक्षम, पारदर्शी, भ्रष्टाचार मुक्त, उत्तरदायी र सहभागितामूलक हुन आवश्यक छ । नासौँ गाउँपालिकामा कर्मचारी जम्मा ३५ जनाकार्यरत छन् । गाउँसभाबाट सुशासन समिति, विधायन समिति र लेखा समिति लगायत ५ वटा समिति र बिभिन्न विषयगत समितिहरु गठन भएकाछन् । हाल ५ वटै समितिहरु सक्रिय र प्रभावकारी देखिएका छन् । सार्वजनिक सेवाका सन्दर्भमा गाउँपालिका र ९ वडामा गरी ९ वटा नागरिक बडापत्रको प्रयोग भएकोछ । सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, बैठक तथा सभाका निर्णयहरु सार्वजनिक गर्ने अभ्यास नियमित रुपमा भएकोछ । समयमा नै बजेट तथा कार्यक्रम र यस सम्बन्धी ऐन नियमहरू स्विकृत भई कार्यान्वयनमा आउने गरेको छ । गाउँपालिकाको सञ्चित कोषको स्थापना भई सुत्रमा आधारित आर्थिक कारोवारको सञ्चालन, व्यक्तिगत घटना, सामाजिक सुरक्षा आदिको सेवामा विद्युतीय प्रणालीको प्रयोग भइरहेको, एप्सको प्रयोगबाट वस्तुगत विवरण संकलन भएको र आर्थिक कारोबार बैङ्कको स्थानीय शाखाबाट सम्पादन हुने गरेको छ । न्याय सम्पादनका लागि उपाध्यक्षको अध्यक्षतामा न्यायिक समिति रहेको, साना साना विबादलाई गाउँपालिकाबाट नै मिलाउने गरिएको र जटिल प्रकृतिका घटनाहरु मात्र कानुनी दायरामा जाने गरेका छन । गाउँपालिका शान्ति सुरक्षाका लागि १वटा प्रहरी चौकी रहेको र यहिबाट गाउँपालिका भरि शान्ति सुब्यबस्था कायम गरिएको छ ।

### ७.१.२ प्रमुख समस्या

लामो राजनैतिक संक्रमण पश्चात् स्थापित नयाँ सङ्घीय प्रणाली अनुरूपको स्थानीय सरकार भएका कारण सर्वाङ्गीण संस्थागत विकास भइनसकेको, सङ्घीयताको अभ्यास तथा अनुभव नभएको हुँदा संघियताको मर्म अनुरुप नागरिकलाइ सेवा दिन नसक्नु, स्थानीयवासीमा चेतनाको स्तर माथि उठ्न नसक्नु, संस्थागत तथा क्षमता अभिवृद्धिका नियमित कार्यक्रमहरूको व्यवस्था नहुनु कर्मचारीहरू सुशासन तथा सेवा प्रवाहका नयाँ पद्धतिहरूमा कम जानकार हुनु, स्रोत, प्रविधि तथा पूर्वाधारहरूको अपर्याप्तता हुनु, गाउँपालिका, वडा कार्यालय, शाखा तथा उपशाखामा दरबन्दि अनुसार कर्मचारीको पदपूर्ती नहुनु, कर्मचारी तथा जनप्रतिनिधिलाइ पेशागत क्षमता विकास तालिम पर्याप्त मात्रामा नहुनु, लोक सेवा आयोग मार्फत आएका कर्मचारीको समय अगावै नै सरुवा हुने, आदि यस क्षेत्रका प्रमुख समस्या रहेका छन ।

### ७.१.३ अवसर तथा चुनौती

**अवसर**

E-governance नागरिकको पहुँचमा बिस्तार गर्न नेपाल सरकार नीतिगत ब्यबस्था गर्नु, स्थानीय सरकार स्वायत्त भएको कारण गाउँपालिकाको वस्तुगत अवस्था हेरी आवश्यकताअनुसार असल शासन अभिवृद्धि, मानव संसाधन विकास र सेवा प्रवाहलाई जनमुखी र प्रभावकारी बनाउन सकिने, विद्यमान सूचना प्रविधिको सदुपयोग गरी अन्य स्थानीय सरकारले गरेका उत्कृष्ट, अभ्यासहरूको अनुशरण गर्न सकिने, जनगुनासोलाई तत्काल सम्बोधन गरी सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन सकिने, आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरी लागु गर्न सकिने ।नगर प्रहरीको व्यवस्थापन गर्न सकिने र अन्य सुरक्षा निकायलाई समेत आवश्यकता अनुसारविस्तार गर्न सकिने । सञ्चार माध्यममार्फत सूचना, जानकारी तथा गाउँपालिकाका काम र विकास निर्माणका योजनाका बारेमा गाउँपालिकावासीहरूलाई सुसुचित गर्न सकिने । स्थानीय तहको एकल अधिकारभित्रका विषयमा कानून निर्माण गरी कार्यान्वयन गर्ने अधिकार हुनु ।आर्थिक कार्यप्रणाली व्यवस्थित गर्ने सम्बन्धी आर्थिक ऐन र अन्य केही ऐन कानूनहरू तर्जुमा हुनु । आफ्नो प्रशासनिक संगठन र संरचना आफै निर्माण गर्न सक्ने अधिकार हुनु, संवैधानिक तथा कानूनी रूपमा नै वित्तीय हस्तान्तरणबाट निश्चित स्रोतको सुनिश्चितता रहनु ।स्थानीय तवरमा विकास साझेदारहरूको उपस्थिति र सकारात्मक सहयोगको वातावरण हुनु यस क्षेत्रका प्रमुख अवसरहरु रहेका छन ।

**चुनौती**

जनचासो र जनगुनासोको समयमै सम्बोधन गर्न, राजश्व अपचलन हुनबाट रोक्न, जनउत्तरदायी शासन प्रणालीको विकास गर्न, कर्मचारीको पदपूर्ति गरी सबैवडा तथा विषयगत कार्यालयहरूमा दरबन्दी अनुसारको कर्मचारी पदपूर्ति गर्नु, आर्थिक ऐन कानून कार्यान्वयनमा ल्याउनु, संघीय सरकारबाट खटिने कर्मचारीहरूमा स्थायित्व ल्याउनु, समायोजित कर्मचारीहरूलाई स्थानीय सेवाअनुसार परिचालन गरी व्यवस्थित गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन्

### ७.१.४ दीर्घकालीन सोच, लक्ष्य र उद्धेश्य

**सोच**

दक्ष मानव संसाधनको विकास, आर्थिक सवलता सहितको आधुनिक सेवा प्रवाह र पारदर्शिता हुने

**लक्ष्य :**

गाउँपालिका आर्थिक रुपमा सवल, सामाजिक समावेशीकरण, लैङ्गिक समानता, शुसाशन, जवाफदेहिता तथा पारदर्शीता सुनिश्चित भएको हुनेछ ।

**उद्धेश्य**

१. संस्थागत सुदृढीकरण गरी सरल, सहज र सुलभ रूपमा सेवा प्रवाहको सुनिश्चितता गर्नु ।
२. पारदर्शी, सहभागिता पूर्ण जवाफदेहि र पूर्व अनुमान योग्य शासकीय प्रणाली स्थापित गर्नु ।

### ७.१.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्धेश्य १: संस्थागत सुदृढीकरण गरी सरल, सहज र सुलभ रूपमा सेवा प्रवाहको सुनिश्चितता गर्ने । | |
| १.१ विधि र प्रक्रियामा आधारित शासन व्यवस्था स्थापना गर्ने । | १.१.१ संविधान प्रदत्त अधिकारको सीमाभित्र रही आवश्यक कानून, नियमावली, निर्देशिका बनाइनेछ ।<br>१.१.२ सदाचार प्रवर्द्धन गर्दै पारदर्शी कार्यप्रक्रियाको निर्माण गरी भ्रष्टाचार विरुद्ध प्रभावकारी उपायको अवलम्बन गरिनेछ ।<br>१.१.३ सार्वजनिक पदाधिकारीकालागि आचार संहिता निर्माण गरी कार्यान्वयनमा ल्याउनका साथै अनुगमन प्रणाली स्थापना गरिनेछ ।<br>१.१.४ सेवा प्रवाहलाई जनमुखी बनाउने नागरिक बडा-पत्र अध्यावधिक गरी पूर्णरूपमा कार्यान्वयनमा ल्याइनेछ ।<br>१.१.५ गाउँपालिकाका विकट क्षेत्रहरू लक्षित गरी स्वास्थ्य, कृषि लगायतका सेवा एकिकृत रूपमा घरदैलोमा पुऱ्याउन घुम्ती सेवा कार्यक्रम सञ्चालन गरिने छ ।<br>१.१.६ स्थानीय सरकारको स्वमूल्याङ्कन प्रणालीलाई (Local Institution Self-Assisment)संस्थागत गरिनेछ ।<br>१.१.७ सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, गुनासो व्यवस्थापन जस्ता नागरिक उत्तरदायी संयन्त्रहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।<br>१.१.८ सार्वजनिक सुनुवाईलाई नियमित र प्रभावकारी बनाइनेछ ।<br>१.१.९ गाउँपालिकाको वार्षिक बजेट, कार्यक्रम, योजना र यसका प्रगतिहरू अध्यावधिक गरी वेवसाइटमा राख्ने व्यवस्था मिलाइने छ ।<br>१.१.१० आर्थिक कारोवार सम्बन्धी विवरण मासिक रूपमा सार्वजनिक हुने व्यवस्था मिलाइनेछ । |
| १.२.कार्यमूलक संगठन संरचना निर्माण गरी कार्य सम्पादन प्रणालीलाई संस्थागत बनाउने । | १.२.१ गाउँपालिकाको आवश्यकता अनुसार नयाँ संगठन संरचना तयार गरी लागू गरिनेछ ।<br>१.२.२ गाउँपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावलीमा आवश्यक परिमार्जन गरी सबै निर्वाचित प्रतिनिधिहरु र पालिका तथा सभाका समितिहरुको कार्य विवरण स्पष्ट गरिनेछ ।<br>१.२.३ गाउँपालिकाको कानून निर्माण क्षमता अभिबृद्धि हुने गरी संस्थागत क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.२.४ गाउँ कार्यपालिकाका उपाध्यक्ष, सबै वडा अध्यक्षहरु र कार्यपालिका सदस्यहरुसँग अध्यक्षले तथा प्रमुख प्रशासकीय अधिकृतले सबै शाखा प्रमुख सँग कार्य सम्पादन करार गरी नतिजाको अनुगमन गर्ने पद्धति निर्माण गरी कार्यान्वयनमा ल्याइने छ ।<br>१.२.५ सबै कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन र पुरस्कार तथा दण्डलाई उनीहरूको कार्यप्रगतिसंग आवद्ध गरिनेछ ।<br>१.२.६ गाँउपालिका तथा सवै वडाका सेवा प्रवाहका लागि आबश्यक पूर्बाधारको बिकास गरिनेछ । |

| | |
|---|---|
| १.३ गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि गर्ने। | १.३.१ गाउँपालिकाको संगठन तथा व्यवस्थापन अध्ययन (O & M Survey)गरी संगठन संरचना र दरबन्दी व्यवस्थित गरिने छ।<br>१.३.२ निर्धारित दरवन्दी अनुसार आवश्यक कर्मचारीहरूको पद पूर्ति गरिनेछ।<br>१.३.३ शाखा, वडा कार्यालय र विषयगत शाखहरू बीच विद्युतीय सञ्जाल स्थापना गरिनेछ<br>१.३.४ कर्मचारी तथा निर्वाचित प्रतिनिधिहरूको समय सापेक्ष दक्षता हासिल गार्न क्षमता विकास गरिनेछ।<br>१.३.५ अन्य गाउँपालिकाहरू बीच साझा चासोका विषय र परियोजनाहरूको पहिचान गरी सहकार्य गरिनेछ।<br>१.३.६ न्यायिक समितिको क्षमता अभिवृद्धि गरी प्रभावकारी बनाइनेछ। |
| उद्धेश्य २: पारदर्शी, सहभागिता पूर्ण जवाफदेहि र पूर्व अनुमान योग्य शासकीय प्रणाली स्थापित गर्ने। | |
| २.१ सूचना प्रविधिको प्रयोग मार्फत सेवा प्रवाहलाई सुलभ, सरल र सहज बनाउने। | २.१.१ गाउँपालिकामा सूचना तथा अभिलेख केन्द्रको स्थापना गरिनेछ।<br>२.१.२ सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग गरिनेछ।<br>२.१.३ कार्यालयका व्यक्तिगत घटना दर्ता, आर्थिक कारोवार, राजश्व जस्ता नागरिकसँग सम्बन्धित सेवा प्रवाहमा विद्युतीय प्रणालीको प्रयोग गरिनेछ।<br>२.१.४ गाउँपालिकाको वेवसाइटलाई सुधार गरी गाउँपालिकाका निर्णय, बजेट तथा कार्यक्रम र प्रगति, खर्चको विवरण जस्ता सार्वजनिक चासोका विषय नियमित रूपमा वेवसाइटमा राख्ने व्यवस्था मिलाइने छ।<br>२.१.५ गाउँपालिकाको आर्थिक करोवार विद्युतीय प्रणालीमा आवद्ध गरिनेछ।<br>२.१.६ गाउँपालिकाका निर्णयहरू वेवसाइटमा समेत नियमित रूपमा राखी सार्वजनिक गरिनेछ। |

### ७.१.६ कार्यक्रमका प्राथमिकता

१.आवश्यक कानुनहरू निर्माण।<br>
२.संगठन तथा व्यवस्थापन अध्ययन।<br>
३. कानूनको पुनरावलोकन, परिमार्जन तथा निर्माण।<br>
४.विषयगत शाखा तथा वडाकार्यालयको पूर्वाधार निर्माण।<br>
५.स्थानीय राजपत्र प्रकाशन।<br>
६.आधुनिक सूचना प्रविधि जडान, वेवसाइट अध्यावधिक र सूचना सञ्जालीकरण।<br>
७.नागरिक उत्तरदायित्व अभिवृद्धि, सामाजिक परिक्षण तथा  सार्वजानिक सुनुवाइ।<br>
८.संस्थागत विकास सूचकहरूको मूल्यांकन।

### ७.१.७ कार्यक्रम र बजेट (रु.हजारमा)

| क्र.सं | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाई | परिमाण | बजेट | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | |
| १ | क | गाउँपालिका कार्यालय साथै सबै वडा कार्यालयलाइ प्रविधि मैत्री बनाउने | प्याकेज | ३ | ८००० | ८००० | ८००० | २४००० |
| २ | क | गाउँपालिकाको वेवसाईडलाइ नियमित रुपमा अद्यावधिक गर्ने | पटक | ३ | २०० | २०० | २०० | ६०० |
| ३ | क | गाउँपालिका, विषयगत शाखा र सबै वडा ार्यालयहरुमा सुझाव पेटिका र नागरिक वडा पत्र राख्ने | संख्या | १६ | १६ | – | – | १६ |
| ४ | क | सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ कार्यक्रम | पटक | ९ | ६०० | ६०० | ६०० | १८०० |
| ५ | कखग | शासकिय सुधारकालागिअभिमुखिकरण कार्यक्रम | प्याकेज | ३ | ८० | ८० | ८० | २४० |
| ६ | क | संगठनतथा व्यवस्थापन (O & M)सर्वेक्षण गर्ने | पटक | १ | ३०० | – | – | ३०० |
| ७ | कखग | विद्युतिय शासन पद्धति लागू गरी सेवा प्रवाह पारदर्शि बनाउने | प्याकेज | २ | ३०० | ३०० | – | ६०० |
| ८ | क | प्रत्येक कर्मचारीको कार्य बिबरण तयार गर्ने | प्याकेज | १ | २०० | – | – | २०० |
| ९ | क | गाउँपालिकामा संचालित आयोजनाहरुको प्रगति समिक्षा गर्ने | प्याकेज | ३ | १०० | १०० | १०० | ३०० |
| १० | क | पत्र पत्रिका र रेडीयोमा चेतनामूलक सूचना प्रकाशन तथा प्रसारण गर्ने | नियमित | – | ३० | ३० | ३० | ९० |
| ११ | कखग | कर्मचारीहरुको कार्य दक्षता विकासको लागि तालिम | प्याकेज | ३ | २०० | २०० | २०० | ६०० |
| १२ | कखग | जनप्रतिनिधिहरुको लागि तालिम | प्याकेज | २ | – | – | ४०० | ४०० |
| १३ | क | स्थानीय राजपत्र प्रकाशन | नियमित | – | १५० | १५० | १५० | ४५० |
| १४ | कखग | गाउँपालिका र सबै वडा कार्यालयहरुमा आधुनिक सूचना प्रविधि जडान गर्ने | प्याकेज | २ | ७५०० | ७५०० | – | १५००० |
| जम्मा | | | | | १७६७६ | १७१६० | ९७६० | ४४५९६ |

### ७.१.८ नतिजा खाका

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार वर्ष २०७७/७८ | उपलब्धी २०७८/७९ | उपलब्धी २०७९/८० | उपलब्धी २०८०/८१ | योजना अवधिको जम्मा लक्ष्य | पुष्ट्याइको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | आर्थिक रुपमा सवल, सामाजिक समावेशीकरण, लैङ्गिक समानता, शुसाशन, जवाफदेहिता तथा पारदर्शीता सुनिश्चित भएको गाउँपालिका हुने । | आर्थिक रुपमा सवल, सामाजिक समावेशीकरण, लैङ्गिक समानता, शुसाशन, जवाफदेहिता तथा पारदर्शीता सुनिश्चितता कार्यक्रम संचालन | प्याकेज | | १ | १ | - | २ | गापा.प्र.सा.प्रतिवेदन | गापा.प्र.सा. | | |
| | | सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ कार्यक्रम | पटक | ३ | ३ | ३ | ३ | १२ | " | " | | |
| असर १ | संस्थागत सुदृढीकरणको साथै सरल, सहज र सुलभ रूपमा सेवा प्रवाहको सुनिश्चितता भएको गाउँपालिका हुने । | संस्थागत सुदृढीकरणको साथै सरल, सहज र सुलभ रूपमा सेवा प्रवाहको कार्यक्रम संचालन | प्याकेज | | १ | १ | १ | ३ | " | " | | |
| प्रतिफल १.१ | गाउपालिका, विषयगत शाखा र सबै वडा कार्यालयहरुमा सुझाव पेटिका र नागरिक वडा पत्र भएको हुने | गाउपालिका, विषयगत शाखा र सबै वडा कार्यालयहरुमा सुझाव पेटिका | संख्या | १ | १४ | - | - | १५ | " | " | | |
| | | गाउपालिका, विषयगत शाखा र सबै वडा कार्यालयहरुमा नागरिक वडा पत्र | संख्या | | १४ | - | - | १४ | " | " | | |
| प्रतिफल | कार्यमूलक संगठन | संगठन तथा | पटक | | १ | - | - | - | " | " | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १.२ | संरचना निर्माण गरी कार्य सम्पादन प्रणालीलाई संस्थागत संस्थागत रुपमा विकास भएको हुने | व्यवस्थापन (O&M)सर्वेक्षण गर्ने | | | | | | | | | | |
| | | गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि सम्बन्धि कार्यक्रम संचालन | प्याकेज | | १ | – | – | १ | " | " | | |
| असर २ | पारदर्शी, सहभागिता पूर्ण जवाफदेहि र पूर्व अनुमान योग्य शासकीय प्रणाली स्थापित भएको हुने | पारदर्शी, सहभागिता पूर्ण जवाफदेहि र पूर्व अनुमान योग्य शासकीय प्रणालीको विकास विस्तार | प्याकेज | | १ | – | – | १ | " | " | | |
| प्रतिफल २.१ | सूचना प्रविधिको प्रयोग मार्फत सेवा प्रवाहलाई सुलभ, सरल र सहज भएको हुने | गाउँपालिकामा सूचना तथा अभिलेख केन्द्रको स्थापना | प्याकेज | | १ | १ | १ | ३ | " | " | | |
| | | नागरिकसँग सम्बन्धित सेवा प्रवाहमा विद्युतीय प्रणालीको प्रयोग | प्याकेज | | १ | १ | १ | ३ | " | " | | |

## ७.२ वित्तिय सुशासन

### ७.२.१ पृष्ठभूमि

सार्वजनिक आयको अद्यावधिक स्थितिको लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाइ नियमित र एकरुपता कायम गरी प्रभावकारी बनाउदै लैजानको लागि सुचना प्रविधिमा आधारीत वित्तिय व्यवस्थापनको विकासमा जोड दिदैएकल खाताकोष प्रणाली र राजश्व व्यवस्थापन प्रणालीको विकास भएको छ । जनताले तिरेको करबाट राज्य सञ्चालन हुने सामान्य सिद्धान्त हो । तर जनताले प्रशस्त कर तिर्नकालागि आर्थिक क्रियाकलापहरूमा तीव्रता आउनु पर्दछ । आर्थिक क्रियाकलापहरूलाई तिव्रता दिन उत्पादन वृद्धि, बजारीकरण, निर्यात र उपभोक्ता बजारको प्रबर्द्धन गर्नुका साथै उद्योग र कलकारखानाहरू खुल्ने उपयुक्त वातावरण सिर्जना हुनुपर्दछ । गाउँपालिकालाई आर्थिक रूपमा सम्पन्न बनाउन ‘उत्पादनमुखी स्वरोजगार समृद्धिको आधार’ भन्ने मूल नारालाई साकार तुल्याउने नीतिअनुरूप राजश्व परिचालन र श्रोत अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने योजना रहेको छ । यस गाँउपालिका कार्यालयमा हाल छुट्टै राजश्व शाखा नभएको अवस्था छ । सांगठानिक ढाँचामा राजश्व शाखा पनि छुट्टै बनाइ कार्य चुस्तताको लागि आवस्यक देखिन्छ ।

### ७.२.२ प्रमुख समस्या

आर्थिक उत्तरदायित्व तथा जवाफदेहीताको अवस्था कमजोर हुनु, विकास खर्च अपेक्षित परीमाणमा नहुनु, यस क्षेत्रका प्रमुख समस्याहरु हुन ।

### ७.२.३ चुनौती र अवसर

#### चुनौती

संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान ठिक समयमा प्राप्त गर्नु, समयमा नै कार्यक्रमहरु स्वीकृत गरी वार्षिक खरिद योजना तयार गर्नु, समयमा नै ठेक्का बन्दोबस्त गर्नु, पुंजिगत खर्च वृद्धि गर्नु यस क्षेत्रका प्रमूख चुनौती रहेका छन् ।

#### अवसर

गाउँपालिकाभित्र कानुनको परिधिमा रही सम्भाव्य करका दायरा बढाउनकरदाता विवरणलाई डिजिटल प्रविधिमा आवद्ध गरी प्रत्येक करदाताको विद्युतीय खाता(Smart Tax Account)बनाई लागु गर्न सकरात्मक सोच हुनु यस क्षेत्रका प्रमुख अवसरहरु रहेका छन् ।

### ७.१.४ दीर्घकलीन सोंच, लक्ष्य र उद्धेश्य

#### सोच

नासौं गाँउपालिकामा प्रभावकारी वित्तिय सुशासन कायम गर्ने ।

**लक्ष्य**

सार्वजनिक आय व्ययलाइ व्यवस्थित,पारदर्शि र अनुमानयोग्य बनाई समग्र विकास प्रकृयालाइ प्रभावकारी बनाउने ।

**उद्धेश्य**

१. नासौं गाँउपालिकामा सार्वजनिक आय र खर्च प्रणालीको प्रभावकारीतामा वृद्धि गर्ने ।

## ७.२.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्धेश्य १: नासौं गाँउपालिकामा सार्वजनिक आय र खर्च प्रणालीको प्रभावकारीतामा वृद्धि गर्ने । | |
| १.१वित्तिय व्यवस्थापन प्रणालीको सुदृढीकरण गर्ने | १.१.१ साँगठनिक ढाँचामा सुधार गरि राजश्व शाखा बनाइ वित्तिय व्यवस्थापन सम्बन्धि संस्थागत सुदृढीकरण गरी राजश्व परिचालनको क्षमतामा वृद्धि गरीनेछ ।<br>१.१.२ राजस्व सुधार कार्य योजना बनाइनेछ। |
| १.२ सार्वजनिक आय, व्यय र खरिद प्रकृयालाई प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउने । | १.१.२ ठेक्कापट्टा निर्धारित समयभित्रै गरीनेछ ।<br>१.२.२ निर्धारित समय अगावै काम सम्पन्न गर्ने ठेगेदारलाइ प्रोत्साहन गरीनेछ ।<br>१.२.३ सुचना प्रविधिको प्रयोगलाइ विकास, विस्तार गरीनेछ । |

## ७.२.६ कार्यक्रमका प्राथमिकता

१. विद्युतिय आर्थिक कार्य प्रणालीको सुदृढीकरण गर्ने ।
२. राजस्व सुधार कार्य योजना बनाउने

### ७.२.७ कार्यक्रम र बजेट (रु.हजारमा)

| क.स | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाई | परिमाण | बजेट | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | |
| १ | क ख | कर्मचारीहरुको लागि राजश्व परिचालन सम्बन्धि क्षमता वृद्धि तालिम आयोजना गर्ने | प्याकेज | ३ | २०० | २०० | २०० | ६०० |
| २ | क ख | लेखाप्रणाली सुदृढीकरण तालिम संचालन | प्याकेज | ३ | २०० | २०० | २०० | ६०० |
| ३ | क | विद्युतिय आर्थिक कार्यप्रणालीको विकास गर्ने | प्याकेज | १ | १२०० | – | – | १२०० |
| ४ | क | राजश्व सुधार कार्य सुधार योजना बनाउने | पटक | १ | १००० | – | – | १००० |
| ५ | क ख | सूचना प्रविधिको प्रयोगलाइ विकास विस्तार गर्ने | प्याकेज | ३ | १००० | ५०० | ५०० | २००० |
| ६ | क | निर्धारित समय भन्दा अगावै कार्य सम्पादन गर्ने ठेगेदारलाइ प्रोत्साहन कार्यक्रम | प्याकेज | ३ | १०० | १०० | १०० | ३०० |
| | | जम्मा | | | ३७०० | १००० | १००० | ५७०० |

## ७.२.८ नतिजा खाका

| नतिजा को स्तर | नतिजा | सूचक | ईकाइ | आधार वर्ष २०७७/७ | उपलब्धी | | | योजना अवधिको | पुष्ट्याइँको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | | | | |
| प्रभाव | सार्वजनिक आय व्यय व्यवस्थित, पारदर्शि र अनुमानयोग्य बनि प्रभावकारि विकास प्रकृया भएको हुने | सार्वजनिक आय व्यय पारदर्शि र व्यवस्थित अनुमानयोग्य र प्रभावकारी विकास प्रकृया | संख्या | १ | १ | १ | १ | ४ | गापा प्रतिवेदन | गापा | | |
| असर १ | सार्वजनिक आय र खर्च प्रणालीको प्रभावकारीतामा वृद्धि भएको हुने | सार्वजनिक ककआय र खर्च प्रणालीको प्रभावकारीतामा वृद्धि | प्याकेज | १ | १ | १ | १ | ४ | " | " | | |
| | | राजस्व सुधार कार्य योजना | संख्या | – | – | १ | – | १ | " | " | | |
| प्रतिफल १.१ | साँगठनिक ढाँचामा सुधार गरि राजश्व शाखा बनाइ वित्तिय व्यवस्थापन सम्बन्धि संस्थागत सुदृढीकरण गरी राजश्व परिचालनको क्षमतामा वृद्धि भएको हुने | राजश्व शाखा | संख्या | – | १ | – | – | १ | " | " | | |
| असर २ | खरिद प्रकृयालाई प्रभावकारी, व्यवस्थित र पारदर्शी हुने। | प्रभावकारी, व्यवस्थित र पारदर्शी खरिद प्रकृया | | | नियमित | नियमित | नियमित | | " | " | | |
| प्रतिफल २.१ | ठेक्कापट्टा निर्धारित समय भित्रै गरीनेछ। | निर्धारित समय भित्रै भएका ठेक्कापट्टा | | | नियमित | नियमित | नियमित | | " | " | | |
| | | निर्धारित समय अगावै काम सम्पन्न गर्ने ठेगेदार प्रोत्साहन | संख्या | | १ | १ | १ | ३ | " | " | | |

## परिच्छेद ८ : आवधिक  योजनाको वित्तिय श्रोत ब्यवस्थापन, अनुगमन एवं मूल्यांकन र कार्यान्वन

### ८.१ वजेट ब्यवस्था

आगामी तीन बर्षका लागि क्षेत्रगत रुपमा आवश्यक बजेट निम्न अनुसार रहेको छ ।

| विषयगत क्षेत्र | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| आर्थिक विकास | १३४४३० | १९३३५० | ३३४१५० | ७०५६३० | १३.१ |
| पूर्वाधार विकास | १३९२०५० | १४५३३५० | १४११४५० | ४२५६८५० | ७९.२ |
| सामाजिक विकास | १०६८७२ | ९८४१२ | ९५४१२ | २९९३९६ | ५.६ |
| वातावरण तथा विपद् व्यवस्थापन | २१४०० | १८७०० | १९७०० | ५९८०० | १.१ |
| संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन | २१३७६ | १८१६० | १०७६० | ५०२९६ | ०.९ |
| जम्मा | १६७६१२८ | १७८१९७२ | १८७१४७२ | ५३७१९७२ | १०० |

### ८.२ आगामी ३ बर्षका लागि आवश्यक, उपलब्ध हुनसक्ने अनुमानित तथा नपुग हुने विकास बजेट(बजेट रु हजारमां)

| विवरण | २०७८/७९ | २०७८/८० | २०८०/८१ | जम्मा |
|---|---|---|---|---|
| आवश्यक रकम | १६७६१२८ | १७८१९७२ | १८७१४७२ | ५३७१९७२ |
| उपलब्ध हुने रकम | ६९६२९५.६ | ८२१६२८.८ | ९८५९५४.५ | २५०३८७९ |
| नपुग रकम | ९७९८३२.४ | ९६०३४३.२ | ८८५५१७.५ | २८६८०९३ |
| प्रतिशत | ५८.५ | ५३.९ | ४७.३ | ५३.४ |

गाउँपालिकाको समग्र विकासका लागि ३ बर्षमा संचालन गरिने योजनाको समष्टिगत रुप हो । यस योजनाको उपलब्ध हुने रकममा गाउँपालिकालाई उपलब्ध हुन सक्ने अनुमानित बजेट मात्र समावेश गरिएको छ । यस योजनामा संघिय सरकार, प्रदेश सरकार, सरकारी, गैर सरकारी संस्था तथा निजि क्षेत्रबाट हुने लगानी समावेश गराउन नसकिएकाले योजनाका लागि नपुग रकम धेरै देखिएको छ ।

### ८.३. घाटा र घाटा पूर्तिको ब्यवस्था

न्यून हुन सक्ने उक्त रकम पूर्ति गर्न वार्षिक योजना तर्जुमा गर्दा विभिन्न क्षेत्रबाट श्रोत जुटाउन निम्नानुसार पहल एवं प्रयास गरिनेछ :

- गाउँपालिकामा उपलब्ध आर्थिक श्रोतको उच्चतम उपयोग गर्न मितब्ययि कार्यान्वयन प्रक्रिया र लगानीमा पारदर्शिताको नीति अवलम्वन गरिनेछ, जसले गर्दा साविकको लगानीबाट बढि उपलब्धि भई बढि जनसहभागिता परिचालन हुनेछ ।
- संघिय तथा प्रदेश सरकारको अनुदान रकम बृद्धि गराउन प्रयास गरिनेछ ।

- गाउँपालिकाको आवश्यकता र दातृ संस्थाहरुको प्राथमिकतालाई ध्यानमा राखेर आवश्यक प्रस्तावहरु तयार गरी श्रोत बृद्धिका लागि दातृ संस्थाहरुको खोजी गरिनेछ ।
- स्थानीय निकायहरु र सामुदायिक संघसंस्थाहरुको आन्तरिक श्रोत परिचालन बृद्धि गरिनेछ । आयका नयाँ क्षेत्रहरु पहिचान गरी कर वा शुल्क संकलनका कार्यहरु अगाढि बढाइनेछ ।
- पर्यटन, विद्युत, उद्योग, र कृषि क्षेत्रमा निजी क्षेत्रको लगानी बृद्धि गर्ने वातावरण तयार गरिनेछ ।
- सरकारी, निजी क्षेत्र तथा गैससहरुको साझेदारी तथा सहकार्यबाट कार्यक्रमहरु संचालन गरिनेछ ।
- जनसहभागिता अभिबृद्धि एवं नागरिक साझेदारीलाई समेत यथोचित प्रोत्साहित गरिनेछ ।
- गाउँपालिकाको विकास निर्माण प्रकृयामा, आय आर्जन र रोजगारी सिर्जनाका क्षेत्रमा सहकारी क्षेत्रको लागानीलाइ प्रोत्साहन गर्ने नीति अवलम्बन गरिने छ ।

## ८.४. संगठन संरचना तथा विकास व्यवस्थापन

यस आवधिक योजनाको सफल कार्यान्वयन गरि यसले लिएका उदेश्य र लक्ष्य प्राप्त गर्नका लागि कार्यालयको सांगठनिक संरचना सुढृड गर्नु पर्ने हुन्छ । योजनाले तय गरेका कार्यक्मको प्रभावकारी रुपमा कार्यान्वयन गर्न तथा कार्यक्मका दौरान अनुगमन र कार्य सम्पन्न पश्चात कार्यक्मको उचित मुल्यांकन गर्नको लागि कार्यालय स्थित शाखामा आवश्यकता अनुसारको कर्मचारी हुनु अति जरुरी हुने हुँदा शाखा अनुसार कर्मचारी पदपूर्तिलाई विशेष ध्यान दिईनेछ ।

### ८.४.१. जिम्मेवारी तालीका

यस त्रिवर्षिय आवधिक विकास योजनामा निर्दिष्ट आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयन सम्वन्धी जिम्मेवारी, संयोजन, मुख्य कार्यान्वयनकर्ता र सहयोगी संस्थाहरुको विवरण निम्न अनुसार दिइएको छ ।

| क्र. | कार्यक्रम तथा क्रियाकलापहरु | सँयोजनकर्ता | कार्यान्वयनकर्ता | सहयोगी | सहकार्य गर्ने निकाय |
|---|---|---|---|---|---|
| १ | बार्षिक योजना तर्जुमा तथा कार्यान्वयन | गाउँपालिका | गाउँपालिका, राजनैतिक दल, गैसस, निजी क्षेत्र, गाउँपालिकाको सम्बन्धित शाखा, संघ तथा प्रदेश सरकार, सहकारी तथा निजि क्षेत्र | राजनैतिक दल, नागरिक तथा परमर्शदाता | गैसस, दाता, स्थानिय उपभोक्ता, निजी क्षेत्र |
| २ | आवश्यक क्षेत्रगत योजना निर्माण तथा कार्यान्वयन | गाउँपालिका | गाउँपालिका, राजनैतिक दल, गैसस, निजी क्षेत्र, गाउँपालिकाको सम्बन्धित शाखा | राजनैतिक दल, नागरिक तथा परमर्शदाता | गैसस, दाता, स्थानिय उपभोक्ता, निजी क्षेत्र |

## ८.५. अनुगमन तथा मूल्यांकन

### ८.५.१ यस आवधिक योजनाको सुपरिवेक्षण, समीक्षा, अनुगमन तथा मूल्यांकन कार्य

क) सहभागितामूलक अनुगमन तथा मूल्यांकन व्यवस्थाका लागि स्थानिय सरकार संचालन ऐन २०७४ ले गाउँपालिकामा उप प्रमुखको अध्यक्षतामा गाउँपालिका स्तरिय अनुगमन तथा सुपेरीवेक्षण समिति तथा वडा स्तरमा वडाध्यक्षको अध्यक्षतामा अनुगमन तथा मूल्यांकन समितिको स्थापना गरेको छ। समग्रमा यस योजनाको प्रभावकारी अनुगमन तथा मूल्यांकन गर्न अनुगमन गर्नु पर्ने हुन्छ।

**(ख) अनुगमन तथा मूल्यांकनका सूचकहरु**

यस आवधिक योजनामा समाविष्ट उद्धेश्य, नीति तथा कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकनका लागि समष्टिगत एवं विषयगत लगफ्रेममा समाविष्ट सूचकहरु नै प्रयोगमा ल्याइनेछ। गाउँपालिकाले प्रक्रियागत, दीगोपना, असर, प्रभाव, सम्वद्धता, नजिता,उपलब्धि आदिको आधारमा अनुगमन तथा मूल्यांकन गरिनेछ। जुन कार्य सम्पादन गर्न, राष्ट्रिय अनुगमन तथा मुल्यांकन दिग्दर्शन २०७५, प्रचलित ऐन, नियम तथा निर्देशिकामा व्यवस्था भएका फारमहरु एवं सूचकहरु लगायत आवश्यकता अनुसार अन्य सूचक तथा फारमहरु तयार गरी लागू गरिनेछ।

**(ग) अनुगमन तथा मूल्यांकनका लागि तथ्यांकीय आधार**

अनुगमन तथा मूल्यांकनका लागि तथ्यांकीय आधारको अत्यन्त जरुरी पर्दछ। अतः यसका लागि गाउँपालिका अन्तर्गत सूचना तथा अभिलेख केन्द्र र अनुगमन तथा मूल्यांकन इकाइहरुलाई परिचालन गरिनेछ। ती इकाइहरुलाई तालिम प्राप्त जनशक्ति एवं सहायक उपकरणद्धारा सुसज्जित पारिनेछ।

**(घ) मध्यावधि तथा अन्तिम मूल्यांकन**

यस आवधिक योजनामा समाविष्ट कार्यक्रम तथा योजनाहरु निश्चित सीमा भित्र रहेर तर्जुमा गरिएका हुन्। समयक्रममा परिवर्तन हुदैजाने नयाँ नयाँ चाहना तथा आवश्यकताहरु संगसँगै यस योजनामा समाविष्ट योजना तथा आयोजनाहरुलाई पनि समायोजन, परिमार्जन एवं संशोधन गर्दै जानुपर्ने हुन्छ। यी पक्षहरुलाई मिलान गर्दै योजनालाई समय सापेक्ष बनाउदै लैजान यस आवधिक विकास योजनाको वर्षपछि नै मध्यावधि मूल्यांकन गरी उपलब्धिहरुको आधारमा र नयाँ सिर्जित आवश्यकताहरुलाई समावेश गरी योजनालाई परिमार्जन गर्नुपर्ने हुन्छ। यस योजनाको मध्याबधि मुल्यांकन आ.ब. २०७९/०८० समाप्ती पछि र अन्तिम मूल्यांकन आ.व. २०८१/०८२ को मध्यतिर गरिनेछ। सो मूल्यांकनबाट प्राप्त हुने अनुभवहरु समेतबाट शिक्षा लिई अर्को आवधिक विकास योजना तर्जुमा गरिनेछ।

## ८.६ आबधिक विकास योजनाको कार्यान्वयनको पूर्वतयारी तथा वार्षिक लगानी कार्यक्रम

आवधिक विकास योजनाको सफल कार्यान्वयनका लागि सो योजना अनुरुप वार्षिक योजना, कार्यक्रम तथा वजेट तयार गरी कार्यान्वयन गरिनेछ। अतः यस योजनाले निर्दिष्ट गरेका उद्धेश्य, नतिजा, सूचक तथा कार्यक्रमहरुको दायराभित्र रहेर नै गाउँपालिकाले वार्षिक योजना, कार्यक्रम तथा वजेट तयार गर्नेछ। आवधिक योजना कार्यान्वयनको पूर्व तयारीस्वरुप प्रत्येक विषय क्षेत्रका कार्यक्रम तथा आयोजनाहरुको वार्षिक लगानीको रुपरेखा तयार गरी वार्षिक कार्ययोजना तयार गरिनेछ।

**क) आवधिक विकास योजनाको स्वीकृति तथा प्रकाशन**

आवधिक योजना तयार गर्नका लागि राष्ट्रिय योजना आयोगबाट २०७५ मा जारी भएको स्थानिय निकायको योजना तर्जुमा दिग्दर्शन, गण्डकी प्रदेश नीति तथा योजना आयोगले तयार पारेको स्थानिय तहको योजना तर्जुमा २०७७,

नेपाल सरकारको पन्ध्रौ योजना, गण्डकी प्रदेश सरकारको प्रथम योजना, दीगो विकासको लक्ष्य लाई केन्द्रमा राखि सो अनुरुपका विषयवस्तु समाविष्ट गरी यो प्रथम आवधिक योजना तयार गरिएको हो । यो दस्तावेज तयार गर्दा गाउँपालिकाको नेतृत्वमा सम्पूर्ण प्रक्रिया अघि बढाइएको थियो । यसको तयारीमा गाउँपालिकाको विकासमा संग्लग्न सवै सरोकारवालाहरुको सक्रिय सहभागिता जुटाइएको थियो । यस आवधिक विकास योजनालाइ गाउँ परिषदबाट पास गरी प्रकाशन गर्ने र लागू गर्ने कुरालाई व्यवस्थित गरिनेछ ।

**ख) आवधिक विकास योजना कार्यान्वयनका लागि गर्नुपर्ने पूर्वतयारी**

गाउँपालिका स्तरबाट आवधिक योजना तयार गर्ने यो पहिलो प्रयास भएकोले गाउँपालिकासंग सम्बन्धित अन्य निकायहरु लगायत गाउँपालिका स्वंमको पनि संगठनात्मक ढाँचा र कार्य प्रक्रियामा सुधार ल्याई आवधिक विकास योजना कार्यान्वयनका लागि अनुकुल वातावरण बनाइनुपर्ने हुन्छ । यसै सन्दर्भमा गाउँपालिकाको संगठनात्मक ढाँचा र कार्यप्रक्रियालाई सुधार गर्ने क्रममा एक छुट्टै अध्ययन गरी त्यसको प्रतिवेदनका आधारमा संगठनात्मक विकासको प्रक्रिया अघि बढाइनेछ ।

**ग) वार्षिक लगानी कार्यक्रम**

प्रत्येक विषयगत क्षेत्र बमोजिमका कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक पर्ने बजेटको अनुमान वा प्रक्षेपण यस अगाडि कै भागमा गरिएकोछ । यस आवधिक योजनालाई मूल आधार मानी गाउँपालिकाले वार्षिक रुपमा योजना तर्जुमा गरी कार्यान्वयन गर्नेछ ।